# कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७५

## (वन क्षेत्रसँग सम्वन्धित)

आ.व. २०७५/०७६

(प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको (माननीय मन्त्रीस्तर) निर्णयबाट मिति २०७५।९।२० मा स्वीकृत)

प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. १

विराटनगर, नेपाल

२०७५

बद्रीराज ढुंगाना
प्रदेश सचिव

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर, नेपाल

# विषयसूची

१. दिवस, समारोह, सप्ताह (वातावरण दिवस, जैविक विविधता दिवस, वन महोत्सव, वन्यजन्तु सप्ताह, वन डढेलो सप्ताह सिमसार दिवस, चुरे दिवस समेत) ..... १
२. निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार (कार्यालय, आवास, इलाका, स.व.र. क्याम्प) ..... १
३. वन संरक्षण र गस्ति परिचालनका लागि सवारी साधन खरिद (साईकल, मोटरसाईकल) ..... २
४. कर्मचारीलाई कार्यालय संचालन तथा व्यवस्थापन तालिम (१० दिन) ..... २
५. Free Software मा आधारित QGIS तालिम (कर्मचारीको लागि) ..... ३
६. Advance Excel र Advance GIS Training (कर्मचारीको लागि) ..... ३
७. वन पैदावार व्यवसायीहरु/ वन क्षेत्रमा आवद्ध भएका सरोकावालाहरू सँग अन्तरकृया गोष्ठी ..... ४
८. अन्य कार्यक्रम तथा गोष्ठी, कार्यशाला, अन्तरकृया ..... ४
  ८.१ गोष्ठी, कार्यशाला, अन्तरकृया, नीति/ऐन नियम तयारी आदी ..... ५
  ८.२ वन सम्बन्धि तथ्याङ्क व्यवस्थापन सफ्टवेयर निर्माण ..... ५
९. तराई मधेश हरियाली वन विस्तार कार्यक्रम ..... ६
१०. गरिविको रेखा मुनीका कबुलियती बन कार्यक्रम (समूह क्षमता अभिवृद्धी, सहजकर्ता परिचालन र वन क्षेत्र जग्गा विकास तयारी समेत) ..... ६
  १०.१ कबुलियती वन विकास क्लष्टर पहिचान तथा क्षेत्र छनौट ..... ७
  १०.२ सामाजिक परिचालन सेवा ..... ७
  १०.३ कबुलियती वन समूह गठन, कार्ययोजना तथा जीविकोर्पाजन सुधार योजना तयार ..... ८
  १०.४ घाँस, फलफुल तथा आयमुलक प्रजातिका विरुवा उत्पादन/ खरिद तथा वितरण ..... ८
  १०.५ कबुलियती वन सम्बन्धी अभिमुखिकरण तालिम ..... ९
  १०.६ कबुलियती वन समूहलाई क्षमता अभिवृद्धि तालिम ..... ९
  १०.७ सुशासन, लेखा तथा अभिलेख कोचिङ्ग (कबुलियती वन समूहको क्लस्टरमा) ..... ९
  १०.८ जग्गा विकास तालिम ..... १०
  १०.९ सामाजिक परिचालिका, जिल्ला सुपरभाईजरको द्वैमासिक बैठक ..... १०
  १०.१० समूह व्यवस्थापन सामग्री सहयोग (स्टेशनरी, फर्निचर, वाकस आदी) ..... १०
  १०.११ कार्यक्रम अनुगमन, मूल्यांकन र सफलताको कथा संकलन तथा पुस्तिका प्रकाशन ..... १०
  १०.१२ सामुदायिक वन भित्र कबुलियती वन प्रवर्द्धन ..... ११
११. सामुदायिक वन व्यवस्थापन कार्यक्रम (समूह गठन, नविकरण, समूह अनुशिक्षण, वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन सहयोग, अनुगमन, प्रगति प्रतिवेदन तयारी समेत) ..... ११
  ११.१ सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता, कार्ययोजना तयारी र हस्तान्तरण ..... १२
  ११.२ सामुदायिक वन समूहको कार्ययोजना नवीकरणमा सहयोग (गरीव, महिला र दलित लक्षित जलवायू परिवर्तन अनुकूलन योजना) ..... १२



बद्रीराज ढुंगाना
प्रदेश सचिव

उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय प्रदेश सरकार प्रदेश नं. १ विराटनगर, नेपाल


११.३ सामुदायिक वन उपभोक्ता समूहको लागि रेकर्ड किपिङ्ग, लेखा व्यवस्थापन तालिम ..... १३
११.४ सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास ..... १३
११.५ सामुदायिक वन अनुगमन तथा निरिक्षण (अनुगमन पुस्तिका प्रकाशन समेत) ..... १३
११.६ जिल्लाबाट संचालन भएका सम्पूर्ण कार्यक्रमहरुको वार्षिक प्रगती पुस्तिका प्रकाशन तथा वितरण १४
११.७ सव डिभिजन स्तरिय योजना तर्जुमा गोष्ठी ..... १४
११.८ डिभिजन स्तरिय योजना तर्जुमा गोष्ठी ..... १४
११.९ बार्षिक समिक्षा गोष्ठी ..... १४

१२. साझेदारी वनमा वैज्ञानिक वन व्यवस्थापन ..... १५

१२.१ सघन वन व्यवस्थापन विस्तृत क्रियाकलापहरू ..... १५
१२.२ बहुवर्षीय विरूवा उत्पादनको लागि स्थायी नर्सरी निर्माण ..... १६
१२.३ साझेदारी वन संरक्षण कार्य ..... १६
१२.४ कार्यालय संचालन तथा व्यवस्थापन ..... १७
१२.५ संस्थागत विकास ..... १७
१२.६ प्रचार प्रसार ..... १७
१२.७ काठ दाउरा विक्री वितरण / डिपो व्यवस्थापन ..... १७
१२.८ अनुगमन, मुल्याङ्कन भ्रमण खर्च ..... १८
१२.९ कार्यक्रमको नीति निर्माण योजना/ कार्यविधि तर्जुमा ..... १८
१२.१० सझेदारी वन अनुभव आदान प्रदान अन्तरकृया/ भ्रमण ..... १८
१२.११ Mid-term review of performance of the Forest Management Plan of Collaborative Forest ..... १९
१२.१२ Study on the regeneration status of shelterwood system due to the effect of selected mother tree species ..... १९
१२.१३ वन नर्सरी स्तरोन्नती तथा विरूवा उत्पादन ..... १९
१२.१४ साझेदारी वन व्यवस्थापन सम्वन्धि सरोकारवालाहरू सँग अन्तरकृया गोष्ठी ..... २०
१२.१५ बैज्ञानिक वन व्यवस्थापनको अनुगमन ..... २०

१३. वन संरक्षण कार्यक्रम (अतिक्रमण हटाउने, घेरावार, वन डढेलो नियन्त्रण, वन मुद्दा अनुसन्धान, सूराकी परिचालन, चरिचरण व्यवस्थापन, प्रचार प्रसार) ..... २०

१३.१ वन डढेलो सम्बन्धी प्रचार प्रसार ..... २१
१३.२ सुराकि परिचालन तथा व्यवस्थापन ..... २१
१३.३ वन, वन्यजन्तु संरक्षणको लागि गस्ति परिचालन ..... २१
१३.४ अतिक्रमण हटाउने/ नियन्त्रण र व्यवस्थापन ..... २२
१३.५ वन अपराध अनुसन्धान तथा मुद्दा दायरी तालिम ..... २२




बद्रीराज ढुंगाना
प्रदेश सचिव

१३.६ कर्मचारी क्षमता अभिवृद्धि तालिम (टीम बिल्डिङ्ग गोष्ठी) ..... २२
१३.७ फौजदारी अपराध संहिता र कार्यविधि सम्बन्धी अभिमुखिकरण तालिम ..... २२
१३.८ सूचना प्रवाह तथा पारदर्शिता सवलिकरण रेडियो एफ.एम./ टि.भि. मार्फत प्रचारप्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन ..... २३
१३.९ वन र वन्यजन्तु संरक्षण सम्बन्धि प्रचारप्रसार (होर्डिङ बोर्ड, पम्लेट, पुस्तिका, ब्रोसर आदी) ..... २३
१४. वन सर्वेक्षण सम्बन्धी तालिम सामग्री खरिद तथा वितरण (GPS, Range finder, Tape, Other) ..... २४
१५. वन व्यवस्थापन सामग्री खरिद तथा वितरण ..... २४
१६. हरियाली विकास कार्यक्रम, उदयपुर (वेलका न.पा. ५१ विघामा) ..... २५
१७. वन जन्य उद्यम विकास सहयोग (गा.पा.र न.पा.को सहकार्यमा) ..... २५
१८. प्रादेशिक खुला प्राणी उद्यान (चिडियाखाना) स्थापना क्षेत्र पहिचान र पूर्वाधार विकास ..... २६
१९. प्रादेशिक वन्यजन्तु उद्धार तथा पुन स्थापना केन्द्र क्षेत्र पहिचान तथा पूर्वाधार विकास ..... २६
२०. वन्यजन्तु उद्धार केन्द्र व्यवस्थापन सहयोग (हरियाली सा.व.उ.स, धरान १९ सनुसरी) ..... २७
२१. बाहुनडागी क्षेत्र झापामा हात्ती मानव द्वन्द न्यूनीकरण छेकवार पूर्वाधार विकासमा सहयोग ..... २८
२२. कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्र सुनसरीमा वन्यजन्तु मानव द्वन्द न्यूनीकरणका लागि छेकवार पूर्वाधार विकासमा सहयोग ..... २८
२३. कोशीटप्पु वन्यजन्तु आरक्षको मध्यवर्ती क्षेत्रमा जैविक विविधता संरक्षण तथा व्यवस्थापन (कोशी गा.पा .र बराहक्षेत्र गा.पा.) सुनसरी ..... २९
२४. कोशीटप्पु वन्यजन्तु आरक्षमा कान्जी हाउस निर्माणमा सहयोग ..... ३०
२५. प्रदेशको उत्कृष्ट वन समूह पुरस्कार र पञ्चवर्षिय वन ब्यवस्थापन कार्ययोजना निर्माण ..... ३०
२६. शहरी वन, निजी वन तथा कृषि वन प्रवर्द्धन कार्यक्रम ..... ३२
२७. क्षतिपरक वन्यजन्तुको क्षति न्यूनिकरण सम्बन्धमा अध्ययन, अनुसन्धान (वन्यजन्तु प्रजातिहरू) ..... ३२
२८. स्थानीय स्तरमा रुद्राक्षको विस्तार, उत्पादन तथा आर्थिक योगदान सम्बन्धी अध्ययन (भोजपुर, संखुवासभा) ..... ३३
२९. प्रस्तावित संरक्षित वन प्रर्वद्धन कार्यक्रम (तेह्रथुम ताप्लेजुङ्ग, संखुवासभा) ..... ३४
३०. चुरे पहाडमा संरक्षित वन क्षेत्रको पहिचान तथा संरक्षण ..... ३४
अनुसूची १.१ ..... ३६
तराई मधेश हरियाली वन विस्तार कार्यक्रमको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ..... ३६



बद्रीराज ढुंगाना
प्रदेश सचिव

प्रदेश सरकार, प्रदेश नं. १ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आ.व. २०७५/०७६ मा संचालन तथा सम्पन्न गर्नु पर्ने वन क्षेत्रसँग सम्बन्धित विभिन्न कार्यक्रमहरुका लागि प्रदेश सरकारले जम्मा रू २०,४६,९०,०००।- वजेट व्यवस्था गरेको छ र यी कार्यक्रमहरु प्रादेशिक सरकार / संघीय सरकारले व्यवस्था गरेका जनशक्तिबाट साथै आवश्यक मात्रामा सेवा प्रदायकबाट सेवा खरीद गरी संचालन तथा सम्पन्न गरिनेछ ।

## १. दिवश, समारोह, सप्ताह (वातावरण दिवस, जैविक विविधता दिवस, वन महोत्सव, वन्यजन्तु सप्ताह, वन डढेलो सप्ताह सिमसार दिवस, चुरे दिवस समेत)

आ.व. २०७५/०७६ को विभिन्न मितिमा संचालन हुने दिवस समारोह जस्तै विश्व वातावरण दिवस, जैविक विविधता दिवस, सामुदायिक वन दिवस, सिमसार दिवस, चुरे दिवस तथा वन्यजन्तु सप्ताह, वन डढेलो सप्ताह, सरसफाई सप्ताह जस्ता वन तथा वातावरणसँग सम्बन्धित सप्ताहिक कार्यक्रम संचालन गरिनेछ । यसको लागि प्रदेश अन्तर्गतका डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तथा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आफ्नो आवश्यकता अनुसारका कार्यक्रम तय गरी स्वीकृत नर्मस् अनुसार लागत इस्टिमेट स्वीकृत गरी आवश्यक रकम खर्च गर्न सक्नेछन् ।

कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुँदाहरु समावेश गर्नु पर्नेछ ।

- समारोह अन्तर्गत गरिएका क्रियाकलापहरु
- क्रियाकलापहरु संचालन गरिएका स्थान
- फोटो, होर्डिङ्ग वोर्ड तथा ब्यानर

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द, १५ वटा डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार ब्यवस्थापन कार्यालयहरु, स्थानीय तह, विभिन्न वन समुहहरु, अन्य सम्बन्धित गैह्र सरकारी संध संस्थाहरु ।

**बजेट ब्यवस्थापन** : यो कार्यक्रमको लागि बजेट रु. १४,००,०००।- व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि** : वन, वातावरण, जैविक विविधता, तथा जिवजन्तुको संरक्षण तथा ब्यवस्थापन सम्बन्धमा सचेतना अभिवृद्धि हुने ।

## २. निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार (कार्यालय, आवास, इलाका, स.व.र. क्याम्प)

यो शीर्षकमा बिनियोजित रकम कार्यक्रम स्विकृत भई आएका डिभिजन वन कार्यालय अन्तर्गतका कार्य संचालन भवन तथा आवासहरुको मर्मत सम्भारको लागि सम्वन्धित बजेट खर्च गर्नुपर्ने छ । साथै डिभिजन वन कार्यालयको कार्यालय भवन र फिल्ड स्तरका कार्यालय भवनहरुको मर्मत संभारको लागि पहिलो प्राथमिकता दिई बजेट खर्च गरिनेछ । उपभोक्ता समिति तथा ठेक्का प्रथाबाट समेत यो कार्यक्रम संचालन गर्न सकिनेछ । यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा प्रचलित नर्मसको पालना गरिनेछ।

बद्रीराज ढुंगाना
प्रदेश सचिव

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- भवन मर्मत भएको स्थान र निर्मित भवनको फोटो (निर्माण अघि र पछिको)
- कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र भारित प्रगति
- कार्यक्रमको वित्तीय प्रगति

जनशक्ति व्यवस्थापन

१५ वटा डिभिजन वन कार्यालयहरुबाट यो कार्यक्रम संचालन हुनेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. १,४०,००,०००।- व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धिः** कार्यालय तथा आवास भवनहरुको मर्मत संभार भई स्तरोन्नती हुनेछ ।

### ३. वन संरक्षण र गस्ति परिचालनका लागि सवारी साधन खरिद (साईकल, मोटरसाईकल)

उल्लेखित सामानहरु प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमको परिधि भित्र रहि सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गरिनेछ । सवारी साधन खरिद पश्चात् नियमानुसार स्टोर दाखिला गरी प्रयोग गर्नु पर्दछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. १,०५,००,०००।- व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धिः** डिभिजन वन कार्यालयहरुको वन क्षेत्र अन्तर्गतको वनको संरक्षण र गस्ती परिचालनमा सहयोग पुग्ने।

### ४. कर्मचारीलाई कार्यालय संचालन तथा व्यवस्थापन तालिम (१० दिन)

कर्मचारीहरुका लागि कार्यालय संचालन तथा व्यवस्थापन तालिम संचालनका लागि बिनियोजित रकम तालिम सामाग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालिम संचालनका लागि शुरुवाती भौतिक सामाग्री खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार विस्तृत योजना बनाई खर्च गर्न सकिनेछ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका उपसचिव (प्रा.)/ उपसचिव (प्र.)/ स.व.अ./शा.अ. /स.भू.सं.अ./ लेखा अधिकृत/ रेन्जर/ भू-संरक्षण सहायक/ ना.सु./ सहलेखापाल/ खरिदारहरुको सहभगिता रहनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालिमको विषयवस्तु, उद्देश्य, औचित्य
- तालिम संचालन भएको स्थान र मिति देखिने तालिमको व्यानर, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलव्धी सहितको प्रतिवेदन ।
- कार्यक्रमको भौतिक प्रगति र भारित प्रगति

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. ३,००,०००।- व्यवस्था गरिएको छ ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

**अपेक्षित उपलब्धिः** कर्मचारीको क्षमतामा अभिवृद्धि हुनको साथै सकारात्मक उत्प्रेरणा बढ्ने र कार्यालय व्यवस्थापनमा सहयोग पुग्ने ।

## ५. Free Software मा आधारित QGIS तालिम (कर्मचारीको लागि)

कर्मचारीहरुका लागि free software मा आधारित QGIS तालिम संचालनका लागि बिनियोजित रकम तालिम सामाग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालिम संचालनका लागि शुरुवाती भौतिक सामाग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार विस्तृत योजना बनाई खर्च गर्न सकिनेछ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुका स.व.अ./ स.भू.अ./ रेन्जर / भू-संरक्षण सहायकहरुको सहभागिता रहनेछ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले विगतमा सम्बद्ध विषयमा तालिम नलिएका कर्मचारीहरुलाई प्रमुख सहभागीको रुपमा छनौट गरी पठाउनु पर्नेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालिमको विषयवस्तु, उद्देश्य, औचित्य
- तालिम संचालन भएको स्थान र मिति देखिने तालिमको व्यानर, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलव्धी सहितको प्रतिवेदन
- कार्यक्रमको भौतिक प्रगति र भारित प्रगति

**जनशक्ति व्यवस्थापन**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/ वन निर्देशनालय सँगको समन्वयमा तथा सेवाप्रदायक र विषय विज्ञवाट समेत कार्य संचालन गर्न सकिनेछ ।

**बजेट ब्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. ३,५०,०००।- व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धिः** कर्मचारीको क्षमतामा अभिवृद्धि, हुनको साथै वन क्षेत्रको व्यवस्थापन तथा संरक्षणमा सहयोग पुग्ने ।

## ६. Advance Excel र Advance GIS Training (कर्मचारीको लागि)

Advance Excel र Advance GIS training फरक फरक प्रकृतीका तालिमहरु भएको हुँदा यो शीर्षकको तालिम १ गोटा Advance Excel Training र अर्को Advance GIS Training कर्मचारीहरुका लागि तालिम संचालन गर्नको लागि बिनियोजित रकम तालिम सामाग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालिम संचालनका लागि शुरुवाती भौतिक सामाग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार विस्तृत योजना बनाई खर्च गर्न सकिनेछ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा डिभिजन वन कार्यालयका उपसचिव (प्रा.) /उपसचिव (प्र.)/ स.व.अ/ स.भू.सं.अ./ शा.अ./ लेखा अधिकृत सहभागी रहनेछन् । Microsoft Excel र GIS मा आधारभुत ज्ञान भएका कर्मचारीहरुलाई प्रमुख सहभागीको रुपमा छनौट गरी पठाउनु पर्नेछ ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालिमको विषयवस्तु, उद्देश्य, औचित्य
- तालिम संचालन भएको स्थान र मिति देखिने तालिमको व्यानर, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलव्धी सहितको प्रतिवेदन
- कार्यक्रमको भौतिक र वित्तिय प्रगति

**जनशक्ति व्यवस्थापन**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/ वन निर्देशनालय सँगको समन्वयमा तथा सेवाप्रदायक विषय विज्ञवाट समेत कार्य संचालन गर्न सकिनेछ ।

**बजेट ब्यवस्थापनः** २ गोटा तालिम संचालन गर्नको लागि बजेट रु.७००,०००।- व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धिः** कर्मचारीको क्षमता अभिवृद्धि हुनको साथै वन क्षेत्रको तथा अन्य तथ्याङ्कहरुको भण्डारण, व्यवस्थापन, विश्लेशण गर्नमा सहयोग पुगी वनको व्यवस्थापन तथा संरक्षणमा टेवा पुग्ने ।

## ७. वन पैदावार व्यवसायीहरु/ वन क्षेत्रमा आवद्ध भएका सरोकावालाहरू सँग अन्तरकृया गोष्ठी

यस कार्यक्रम अन्तर्गत वन पैदावार सम्बन्धी काम गर्ने व्यवसायीहरु सँग अन्तरकृया गोष्ठी संचालन गरिनेछ।साथ साथै यसै शिर्षक अन्तर्गत वन क्षेत्रमा आवद्ध भएका अन्य सरोकावालाहरू संग समेत अन्तरकृया गोष्ठी संचालन गरिनेछ। यसमा विनियोजित रकम स्वीकृत नर्मस् र लागत इस्टिमेट बमोजिम खर्च गर्न सकिनेछ । साथै यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, तथा प्रचलित ऐन नियमको पालना गरिनेछ ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदन पेश गर्दा समावेश गरिने विषयहरु

- गोष्ठीको विषयवस्तु, उद्देश्य, औचित्य
- छलफल, वैठक एवं अन्तरकृयाका विषयवस्तु
- गोष्ठी संचालन भएको स्थान र मिति देखिने गोष्ठीको व्यानर, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलव्धी सहितको प्रतिवेदन
- कार्यक्रमको भौतिक र वित्तिय प्रगति

**जनशक्ति व्यवस्थापन**

यस प्रकारका गोष्ठीहरू उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले संचालन गर्नेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. ९,००,०००।- व्यवस्था गरिएकोछ ।

**अपेक्षित उपलब्धिः** छलफलबाट प्राप्त पृष्टपोषणले वन क्षेत्रको भावी कार्यदिशालाई निर्देश गर्न सहयोग पुग्ने ।

## ८. अन्य कार्यक्रम तथा गोष्ठी, कार्यशाला, अन्तरकृया

यस शिर्षकमा विनियोजित बजेटबाट विभिन्न किसिमका गोष्ठी, कार्यशाला, सरोकारवालाहरूसँग छलफल/अन्तरकृया, नीति/ऐन नियम तयारी, वन सम्बन्धि तथ्याङ्क व्यवस्थापन, तथा प्रचार प्रसार/कार्यक्रम प्रवर्द्धन जस्ता क्रियाकलापहरू संचालन गरिने छन्। साथै यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन



बद्रीराज ढुंगाना
प्रदेश सचिव

२०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, तथा प्रचलित ऐन नियमको पालना गरिनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- गोष्ठी/ कार्यशाला/ अन्तरकृयाको विषयवस्तु, उद्देश्य, औचित्य
- सहभागी संख्या र गोष्ठी अवधि
- गोष्ठी/ कार्यशाला/ अन्तरकृया संचालन भएको स्थान र मिति देखिने गोष्ठीको व्यानर, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलव्धी सहितको प्रतिवेदन
- वन सम्बन्धि तथ्याङ्क व्यवस्थापन सफ्टवेयर
- निर्माण भएका नीति/ऐन नियमका मस्यौदा
- कार्यक्रमको भौतिक प्रगति र वित्तिय प्रगति

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रमहरूको संचालन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयवाट हुनेछ ।

**बजेट ब्यवस्थापनः** यो शिर्षक अन्तर्गतका कार्यक्रमहरू संचालन गर्नको लागि बजेट रु. १५,४०,०००।— व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धिः** कर्मचारीको क्षमतामा अभिवृद्धि भई कार्यालय व्यवस्थापनमा सहयोग पुगी वन क्षेत्रको भावी कार्यदिशालाई समेत निर्देश गर्न सहयोग पुग्ने र प्रदेश नं. १ का सम्पूर्ण संरक्षण/व्यवस्थापन/सदुपयोग सँग सम्वन्धित तथ्यांकहरुको अभिलेख व्यवस्थापनका लागि कम्प्यूटर प्रणालीमा प्रविष्ट हुनेछ ।

यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरू संचालन गरिने छन् ।

## ८.१ गोष्ठी, कार्यशाला, अन्तरकृया, नीति/ऐन नियम तयारी आदी

विनियोजित बजेटबाट संचालन हुने विभिन्न किसिमका गोष्ठी, कार्यशाला, सरोकारवालाहरूसँग छलफल/अन्तरकृया, नीति/ऐन नियम तयारी जस्ता कार्यक्रमहरू संचालन गर्नको लागी गोष्ठी संचालन सामाग्री खरिद, गोष्ठीका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, गोष्ठी संचालनका लागि शुरुवाती भौतिक सामाग्री खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शिर्षकमा तथा नीति/ऐन नियम तयारीको लागि आवश्यक पर्ने तथ्याङक संकलन, सरोकारवाला निकायहरु/व्यक्तिहरुको राय सल्लाह संकलन, अन्तरकृया आयोजना, विभिन्न विषयवस्तुमाथि मस्यौदा समिति वा कार्यदलको बैठक तथा छलफल, भ्रमण, सर्भे, मसलन्द, विषय विज्ञहरुको परामर्श सेवा खरिद, तथ्याङ्क र सुझावहरु विश्लेषण, मस्यौदा लेखन आदि जस्ता क्रियाकलापहरू स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ । यहि शीर्षक अन्तर्गत मन्त्रालयबाट हुने तथा भए गरेका क्रियाकलाप/ कार्यक्रमहरुको प्रचार प्रसार तथा प्रवर्द्धन समेत गर्नको लागि विनियोजित बजेटबाट खर्च गर्न सकिनेछ ।

## ८.२ वन सम्बन्धि तथ्याङ्क व्यवस्थापन सफ्टवेयर निर्माण

यस कार्यक्रम अन्तर्गत वन सम्बन्धि तथ्याङ्क व्यवस्थापन सफ्टवेयर निर्माण गर्नको लागि यसमा विनियोजित बजेट वन सम्बन्धी आवश्यक विविध तथ्याङ्क संकलन, व्यवस्थापन, तथ्याङ्क आवश्यकता अध्ययन (Data Need Assesment), स्थलगत भ्रमण तथा अन्तरकृया कार्यक्रम, विभिन्न फर्मेटहरु तयारी तथा विकास गरी आवश्यक सफ्टवेयर विकास तथा खरिदमा खर्च गर्न सकिनेछ । यस कार्यमा डिभिजन वन कार्यालयले आफू



बद्रीराज ढुंगाना
प्रदेश सचिव

अन्तर्गतका कर्मचारीहरु परिचालन गरी वन संरक्षण/व्यवस्थापन/सदुपयोग सम्वन्धी तथ्यांकको अभिलेख अनिवार्य रूपमा राखी सफ्टवेयर मार्फत अभिलेख उपलब्ध गराउनु पर्नेछ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले वन सम्बन्धि तथ्याङ्क व्यवस्थापनको लागि परामर्श सेवा समेत खरिद गरी आवश्यक सफ्टवेयरको विकास गर्न सक्नेछ ।

## ९. तराई मधेश हरियाली वन विस्तार कार्यक्रम

यस कार्यक्रम अन्तर्गत सुनसरी, मोरङ्ग र झापा जिल्लाका वन क्षेत्रबाट टाढा रहेका शून्य वन क्षेत्र वा एकदमै कम वन क्षेत्र (१०% भन्दा कम) भएका स्थानीय तहहरुमा रहेका समुदायहरुमा वन पैदावारको पहुँच बढाई जीविकोपार्जनमा सहयोग पुर्याउन स्थानीय तहसंगको सहकार्यमा खाली रहेका सार्वजनिक, पर्ती, ऐलानी, नदी उकास जग्गाहरुमा हरियाली प्रवर्धन गर्नुको साथै खेती नगरिएका निजी जग्गाहरुमा वृक्षारोपण गरी निजी तथा कृषि वन प्रवर्धन गर्न "तराई मधेश हरियाली वन विस्तार कार्यक्रम" संचालन गरिनेछ । ३ गोटा डिभिजन वन कार्यालयहरुः झापा, मोरङ्ग, सुनसरीले तराई मधेश हरियाली वन विस्तार कार्यक्रम अन्तर्गत गरिने क्रियाकलापहरूको कार्यन्वयन तराई मधेश हरियाली वन विस्तार कार्यक्रमको कार्ययोजना निर्माण गरी तराई मधेश हरियाली वन विस्तार कार्यक्रमको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ (अनुसूची १.१) अनुसार गर्नु पर्नेछ ।

### जनशक्ति व्यवस्थापन

प्रदेशस्तरका ३ (झापा, मोरङ्ग, सुनसरी) वटा डिभिजन वन कार्यालयहरुको कार्यक्षेत्र अन्तर्गत शून्य वन क्षेत्र वा एकदमै कम वन क्षेत्र (१०% भन्दा कम) भएका स्थानीय तहहरुमा यो कार्यक्रम लागु हुने भएको हुँदा स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गरी तराई मधेश हरियाली वन विस्तार कार्यक्रम संचालन गरिनेछ । तराई मधेश हरियाली वन विस्तार कार्यक्रमको कार्यान्वयनको लागि डिभिजन वन कार्यालयले १ जना स.व.अ. Focal Person को रुपमा तोक्नु पर्नेछ ।

**बजेट ब्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. ४,५०,००,०००।- व्यवस्था गरिएकोछ । सेवाप्रदायकबाट काम गर्दा डिभिजन वन कार्यालयले कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धिः** शून्य वा एकदमै कम वन क्षेत्र भएका स्थानीय तहहरुमा वन विस्तार भई हरियाली कायम हुनेछ।

## १०. गरिविको रेखा मुनीका कबुलियती वन कार्यक्रम (समूह क्षमता अभिवृद्धी, सहजकर्ता परिचालन र वन क्षेत्र जग्गा विकास तयारी समेत)

वन ऐन २०४९, वन नियमावली २०५१ तथा कवुलियती वन तथा पशु विकास कार्यक्रम सञ्चालन मार्गदर्शन २०६६ ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पूरा गरेर गरिवीको रेखामुनीका समुदायमा कबुलियती वन कार्यक्रम संचालन गरिनेछ । साथै यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुंदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- कार्यक्रमको भौतिक तथा आर्थिक प्रगति
- कार्यक्रमको उपलव्धी प्रभाव र असर
- संचालन भएका क्रियाकलापहरुको प्रतिवेदन
- संचालन भएका क्रियाकलाप सम्वन्धी फोटाहरु

**जनशक्ति व्यवस्थापन**

प्रदेशस्तरका ५ वटा डिभिजन वन कार्यालयहरु (भोजपुर, तेह्रथुम, पाँचथर, ओखलढुङ्गा, खोटाङ) मा यो कार्यक्रम लागु भएको हुँदा ती कार्यालयहरुका कर्मचारीहरुको प्राबिधिक सहयोग लिएर यो कार्यक्रम संचालन गरिने छ । यस आ.व. देखि डिभिजन वन कार्यालय सोलुखुम्बुमा समेत यो कार्यक्रम लागु हुनेछ ।

**बजेट ब्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. ५०,००,०००।- व्यवस्था गरिएकोछ ।

**अपेक्षित उपलब्धिः** हैसियत बिग्रेका कबुलियती वनको व्यवस्थापन भई गरिवीको रेखामुनीका उपभोक्ताको जीविकोपार्जनमा सहयोग पुग्ने ।

यस गरिवीको रेखामुनीका समुदायमा कबुलियती वन कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरू संचालन गरिनेछन् ।

## १०.१ कबुलियती वन विकास क्लष्टर पहिचान तथा क्षेत्र छनौट

यस अन्तर्गत सम्भावित कवुलियती वनको क्लष्टर पहिचान, वन क्षेत्र निर्धारण र नक्सांकन, कवुलियती वन समूहको स्थापना गर्न आवश्यक स्थलगत भ्रमण, प्राविधिक परिचालन, सभा / वैठक/ हस्तान्तरण समारोह व्यवस्थापन, कवुलियती वनको पट्टा तयारी कार्यमा विनोयोजित बजेट खर्च गर्न सकिने छ ।

## १०.२ सामाजिक परिचालन सेवा

सव-डिभिजन वन कार्यालयको समन्वयमा कवुलियती वन समूह गठन तथा उपभोक्ता समूहहरूसँग सहजिकरण गरी सव-डिभिजन वन कार्यालयमा नियमित प्रतिवेदन पेश गर्न तपशिलमा उल्लेखित कार्यहरू गर्नको लागि डिभिजन वन कार्यालयमा विनियोजित रकमको अधिनमा रही मासिक रुपमा पारिश्रमिक उपलब्ध गराउने गरी करार सेवामा सामाजिक परिचालक व्यवस्था गरिनेछ । यस कार्यक्रम लागु भएका सम्बन्धित स्थलका विगतमा कार्य अनुभव रहेको वन सामाजिक परिचालकलाई ग्राहयता दिनुपर्नेछ । सामाजिक परिचालक सकभर विपन्न, दलित, महिलालाई प्राथमिकतामा राखी छनौट गरिनेछ । वन सामाजिक परिचालकको शैक्षिक योग्यता कम्तिमा १० कक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ । डिभिजन वन कार्यालय र सम्बन्धित सव-डिभिजन वन कार्यालयको नियन्त्रण र सुपरिवेक्षणमा रही सामाजिक परिचालकले निम्न कार्यहरु गर्नेछन् ।

(क) कवुलियती वन समूह, डिभिजन वन कार्यालय, कृषि ज्ञान केन्द्र र पशुसेवा शाखा लगायतका निकायको वीचमा सम्वन्ध गाँस्ने,

(ख) समूह गठनका लागि परिचालन, उत्प्रेरणा र सहयोग गर्ने,

(ग) वैठक व्यवस्थापन गर्न कवुलियती वन समूहलाई निरन्तर सहयोग गर्ने, नेतृत्व विकास, रेकर्ड राख्ने, वचत गर्ने र साधारण शिशु स्वास्थ्य, पोषण र सरसफाई वारे समूह सदस्यलाई ज्ञान दिने,

वद्रीराज ढुंगाना
प्रदेश सचिव

(घ) सव-डिभिजन वन कार्यालय तथा डिभिजन वन कार्यालयसँग समन्वय गरी समूहको लागि संचालन हुने फिल्डस्तरका कार्यहरु र तालीम तथा प्रचार प्रसार कार्यमा सहयोग गर्ने,

(ङ) आफ्नो कार्यक्षेत्रका सवै कवुलियती वन समूहको वैठकमा भाग लिने,

(च) कवुलियती वन समूहको अनुगमन कार्यमा सव-डिभिजन वन कार्यालयलाई सहयोग गर्ने,

(छ) विशेष गरी महिला र दलितहरुलाई सरकारी कागजात, प्रमाणपत्रहरु प्राप्त गर्न आवश्यक सहयोग गर्ने,

(ज) साधारण लेखपढ गर्न नजान्ने सदस्यलाई प्रौढ शिक्षामा सहभागी गराउने र नेतृत्व विकासका लागि समूहको जनशक्ति विकास गराउने,

(झ) डिभिजन वन कार्यालयको नियमित मासिक वैठकमा सम्भव भएसम्म सहभागी हुने,

(ञ) समूहले पाउने सहयोगको बारेमा डिभिजन वन कार्यालयबाट जानकारी लिई सोही बमोजिम समूहलाई जानकारी गराउने,

(ट) कार्यक्रम संचालन मार्गदर्शनमा उल्लेख भए बमोजिमका अन्य कार्यहरू समेत गर्ने,

### १०.३ कबुलियती वन समूह गठन, कार्ययोजना तथा जीविकोर्पाजन सुधार योजना तयार

यस शीर्षकमा बिनियोजित बजेट क्षेत्र छनौट, स्थलगत भ्रमण, सञ्चार, सर्भे तथा नक्सांकन, वैठक खाना/खाजा भत्ता, विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना तयारी, प्रिन्टीङ तथा वाईन्डिगंमा खर्च गर्न सकिनेछ । समूहमा आवद्ध भएका घरधुरीका महिला तथा पुरुषको सहभागितामा कार्ययोजना तयार गर्नु पर्नेछ । जीविकोपार्जन सुधार योजना समावेश भएको कार्ययोजनाको पाँच प्रति तयार गर्ने रकम समेत यसै शीर्षकमा समावेश गरिएको छ । जीविकोपार्जन सुधार योजना तयार गर्दा सब डिभिजन वन कार्यालयका प्राविधिक, जे.टि.ए, समूह सहयोगी र ग्रामीण वित्तीय सहयोगी/ सामाजिक परिचालकले आ-आफ्नो क्षेत्रवाट सहयोग गर्नुपर्नेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- गठित समूहको नाम र ठेगाना
- कवुलियती वनबाट लाभान्वित हुने घरधुरी संख्या र जनसंख्या
- कार्य समितिको स्वरुप (संख्या तथा समावेशी प्रतिनिधित्व)
- वैठकको खाजा खर्च माग गर्दा माईन्यूटको छायाँकपि समेत संलग्न गर्नुपर्ने
- स्वीकृत विधान र कार्ययोजना
- समूह गठन र कार्ययोजना निर्माण गर्दा खिचिएका फोटो तथा भिडियोहरू

### १०.४ घाँस, फलफुल तथा आयमुलक प्रजातिका विरुवा उत्पादन/ खरिद तथा वितरण

कवुलियती वन समूहको प्राथमिकता र उनीहरुकै सक्रिय सहभागितामा कार्ययोजना अनुसार वृक्षारोपण गरी वनको हैसियत सुधार गर्नको लागि कवुलियती वन समूहरूले नियमानुसार स्थानीय ठाउँ सुहाउदो घाँस, फलफुल तथा आयमुलक प्रजातिका विरुवा उत्पादन/खरिद गर्नको लागि बिनियोजित रकम स्वीकृत नर्मसको अधिनमा रही खर्च गर्न सकिने छ । उत्पादन/खरिद गर्न छनौट गरिएका विरुवाहरुको Economic Value समेतको आकलन वन प्रविधिकहरुले गर्नु पर्नेछ । यस्तो कार्यको लागि वन नर्सरी निर्माण गरी समुहले विरुवा उत्पादन समेत गर्न सक्नेछन् । विरूवा उत्पादनको रकम प्रदान गर्दा कार्य सम्पन्न गर्न पहिलो किस्ताको रुपमा विनियोजित वजेटको ७५ प्रतिशत रकम र कार्यक्रम सम्पन्न भई प्रतिवेदन पेश गरे पश्च्यात



बद्रीराज ढुंगाना
प्रदेश सचिव

बाँकि रहेको २५ प्रतिशत रकम प्रदान गरिनेछ । यसरी उत्पादन/ खरिद गरिएका विरुवा कवुलियती वन/ कवुलियती वन सदस्यको निजी जग्गामा समेत रोपण गर्न सकिनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- कबुलियती वन समूहको नाम र ठेगाना
- सम्झौता भएको विरुवाको प्रजाति र संख्या
- उत्पादित/ खरिद विरुवा संख्या र जात
- वृक्षारोपण क्षेत्रफल
- विरुवा रोप्नु भन्दा अगाडी र विरूवा रोपिएको स्थानको फोटो
- सव डिभिजन वन कार्यलयको प्रतिवेदन

### १०.५ कबुलियती वन सम्बन्धी अभिमुखिकरण तालिम

यस कार्यक्रम लागु हुने स्थानीय तहका जनप्रतिनिधीहरू, अन्य सरकारी तथा गैहसरकारी संस्थाका कर्मचारीहरू, कवुलियती वन संजाललाई गरिवीको रेखामुनीका कबुलियती वन कार्यक्रमको अवधारणा, उद्देश्य, औचित्य सहितको भावी कार्यदिशा सम्बन्धमा जानकारी तथा छलफल गराउनको लागि यो अभिमुखिकरण तालिम संचालन गरिनेछ । डिभिजन/सव-डिभिजन वन कार्यालयका कर्मचारी, सामाजिक परिचालक, जिल्ला सुपरभाईजर, ग्रामीण वित्त सहायक, पत्रकारहरू लाई समेत यस तालिममा समावेश गराउन सकिनेछ । तालिम संचालन गर्नको लागी स्वीकृत नर्मसको पालना गरी विनियोजित बजेट खर्च गरिनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालिमको विषयवस्तु, उद्देश्य, औचित्य
- तालिम संचालन भएको स्थान र मिति देखिने तालिमको व्यानर, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलव्धी सहितको प्रतिवेदन
- सहभागी संख्या र तालिम अवधि

### १०.६ कबुलियती वन समूहलाई क्षमता अभिवृद्धि तालिम

कवुलियती वन समूहका सदस्यहरूको क्षमता अभिवृद्धि र संस्थागत सुदृढीकरणका लागि स्वीकृत नर्मसको अधिनमा रही क्षमता अभिवृद्धि तालिम संचालन गरिनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालिमको विषयवस्तु, उद्देश्य, औचित्य
- तालिम संचालन भएको स्थान र मिति देखिने तालिमको व्यानर, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलव्धी सहितको प्रतिवेदन
- सहभागी संख्या र तालिम अवधि

### १०.७ सुशासन, लेखा तथा अभिलेख कोचिङ्ग (कबुलियती वन समूहको क्लष्टरमा)

कवुलियती वन समूहका सदस्यलाई समूहको अभिलेख व्यवस्थापन एवं ऋण तथा वचत परिचालन गर्नुको साथ साथै लेखा सम्बन्धि अन्य कार्यहरूको जानकारी गराई समूहमा सुशासन समेत कायम गर्नको लागि यस कोचिङ्ग स्वीकृत नर्मसको पालना गरि विनियोजित बजेट खर्च गरिने गरी संचालन गरिनेछ ।



बद्रीराज धुंगाना
प्रदेश सचिव

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- कोचिङ्गको विषयवस्तु, उद्देश्य, औचित्य
- कोचिङ्ग संचालन भएको स्थान र मिति देखिने कोचिङ्ग कार्यक्रमको व्यानर, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलव्धी सहितको प्रतिवेदन
- सहभागी संख्या, हाजिरी र तालिम अवधि

### १०.८ जग्गा विकास तालिम

चालु आ.व.मा हस्तान्तरण हुने /भएका कवुलियती वनका प्रत्येक परिवारका दुई जना (महिला र पुरुष) लाई कवुलियती वनको कार्यस्थलमै कवुलियती वन तथा पशु विकास कार्यक्रम सञ्चालन मार्गदर्शन, २०६६ अनुसारको जग्गा विकास तालिम नर्मसको पालना गरी यो तालिम सञ्चालन गरिनेछ । साथै तालिमको अवधी ४ दिनको हुनेछ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालिमको विषयवस्तु, उद्देश्य, औचित्य
- तालिम संचालन भएको स्थान र मिति देखिने तालिमको व्यानर, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलव्धी सहितको प्रतिवेदन
- सहभागी संख्या, हाजिरी र तालिम अवधि

### १०.९ सामाजिक परिचालिका, जिल्ला सुपरभाईजरको द्वैमासिक बैठक

कार्यक्रम संचालनमा थप प्रभावकारिता ल्याउन सहजकर्ता, सामाजिक परिचालक तथा जिल्ला सुपरभाईजरको द्वैमासिक बैठकमा सहभागी हुनेको लागि यातयात र खाजा व्यवस्थापन गर्न खर्च गर्न सकिनेछ । बैठकमा आवश्यकता अनुसार डिभिजन वन कार्यालय र सव-डिभिजन वन कार्यालयका कर्मचारीहरु, समूह सहयोगी संलग्न हुन सक्नेछन् । सो बैठकको प्रगतिको पुनरावलोकन प्रत्येक वैठकमा गर्नु पर्नेछ ।

### १०.१० समूह व्यवस्थापन सामग्री सहयोग (स्टेशनरी, फर्निचर, वाकस आदि)

प्रदेश आर्थिक कार्यविधि ऐन-२०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली-२०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका-२०७५, सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी डिभिजन वन कार्यालयले कबुलियती वन समूह व्यवस्थापन गर्नको लागि आवश्यक पर्ने सामग्रीहरु जस्तैः स्टेशनरी, फर्निचर, वाकस आदि खरिद गरी कबुलियती वन समूहहरूलाई सहयोग स्वरूप उपलब्ध गराउनेछ । समूह व्यवस्थापन सामग्रीहरु आवश्यक पर्ने कबुलियती वन समूहहरूको पहिचान गरेर मात्र समूह व्यवस्थापन सामग्रीहरु खरिद गरिनु पर्दछ र खरिद पश्चात् नियमानुसार स्टोर दाखिला गरी भर्पाई वनाई समूह व्यवस्थापन सामग्रीहरु आवश्यक पर्ने कबुलियती वन समूहहरूलाई मात्र सहयोग स्वरूप वितरण गर्नु पर्नेछ ।

### १०.११ कार्यक्रम अनुगमन, मूल्यांकन र सफलताको कथा संकलन तथा पुस्तिका प्रकाशन

वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयनको नियमित तथा प्रभावकारी अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ। अनुगमनबाट प्राप्त सुझावलाई पृष्टपोषणको रुपमा लिई कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । यसरी अनुगमन गर्दा कवुलियती वन कार्यक्रम लागू भएका जिल्लाहरुमा भएका सफल अभ्यासहरुका साथै सकंलित तथ्याङ्कहरू



बद्रीराज ढुंगाना
प्रदेश सचिव

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/ वन निर्देशनालयमा पठाउनु पर्नेछ र वन निर्देशनालयद्वारा प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरि सोको प्रतिवेदन प्रकाशन गरिनेछ र प्रकाशनलाई वेभसाइटमा समेत राखिनेछ ।

### १०.१२ सामुदायिक वन भित्र कबुलियती वन प्रवर्द्धन

सामुदायिक वन उपभोक्ता समूहहरूमा आवद्ध भएका गरिविको रेखामुनीका उपभोक्ताहरूको जीविकोपार्जनमा थप सहयोग पुऱ्याउनको लागि सोही सामुदायिक वन भित्र कबुलियती वन प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ । यसको लागि सामुदायिक वन विकास कार्यक्रमको परिमार्जित मागदर्शनमा व्यवस्था भएको सम्पन्नताको स्तरीकरणमा विपन्न वर्ग (गरिवीको रेखामुनीका) मा समावेश भएका उपभोक्ताहरुको जीविकोपार्जनमा सहयोग गर्न हस्तान्तरित सामुदायिक वनका केही भागमा आयआर्जनका कार्यक्रमहरु संचालन गर्न जग्गा छुट्टयाउने कार्य गर्न सकिने छ । पहिचान गरिएका विपन्न वर्गको समूह बनाई उक्त क्षेत्रमा गर्न सकिने आयआर्जनका कार्यहरुको योजना तयार पारी, उक्त योजना सामुदायिक वन कार्ययोजनामा समावेश गरी यो कार्यक्रम संचालन गरिनेछ । लक्षित वर्ग पहिचान गरी समूह तयार पार्दा एक समूहमा सामान्यतया १० परिवार पर्ने गरी समूह तयार गर्ने, एउटा सामुदायिक वन भित्र एक भन्दा वढी समूह पनि तयार गर्न सकिने, यसरी विपन्न वर्गको समूहहरु तयार पार्दा पकेट एरियाको अवधारणा विकास गरी एकै प्रकारको आयआर्जनका गतिविधि संचालन गर्न जोड दिनु पर्नेछ । यसमा बिनियोजित बजेटबाट बढीमा रु.१०,०००।- सम्म समूहसंग छलफल, कबुलियती वन समूह गठन, योजना तयारी, सहजिकरण लगायतका कार्यमा खर्च गर्न सकिनेछ र बाँकी रकम आयमूलक कार्यको लागि खर्च गर्नुपर्नेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- आयमूलक कार्यक्रम संचालित सामुदायिक वनको नाम र ठेगाना, छनौट गरिएका आधारहरु
- गठित लक्षित विपन्न वर्ग समूहको संख्या
- लाभान्वित घरधुरी तथा नामावली र जनसंख्या
- आयमुलक कृयाकलापहरू संचालनका फोटोहरू
- संचालित कृयाकलापहरुको सचित्र विवरण र आगामी योजनाहरु

### ११. सामुदायिक वन व्यवस्थापन कार्यक्रम (समूह गठन, नविकरण, समूह अनुशिक्षण, वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन सहयोग, अनुगमन, प्रगति प्रतिवेदन तयारी समेत)

वन ऐन २०४९, वन नियमावली २०५१ तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ (तेश्रो सशोधन) ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पूरा गरेर सामुदायिक वन व्यवस्थापन कार्यक्रम गरिनेछ । साथै यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुंदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- कार्यक्रमको भौतिक तथा वित्तिय प्रगति
- कार्यक्रमको उपलव्धी, प्रभाव र असर
- संचालन भएका क्रियाकलापहरुको प्रतिवेदन
- संचालन भएका क्रियाकलाप सम्वन्धी फोटाहरु

बद्रीराज ढुगाना
प्रदेश सचिव

**जनशक्ति व्यवस्थापन**

१५ वटा डिभिजन वन कार्यालयका कर्मचारीहरु, सा.व.उ.स.हरूले यो कार्यक्रम संचालन गर्नेछन् ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. १,४०,००,०००।- व्यवस्था गरिएकोछ ।

**अपेक्षित उपलब्धिः** सामुदायिक वन क्षेत्रको व्यवस्थापन भई हैसियतमा सुधार हुने, वन्यजन्तु संरक्षण हुनुको साथ साथै सामुदायिक वन उपभोक्ता समुहमा सुशासन कायम हुनमा टेवा पुग्ने ।

यस सामुदायिक वन व्यवस्थापन कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरू संचालन गरिनेछन् ।

## ११.१ सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता, कार्ययोजना तयारी र हस्तान्तरण

वन ऐन २०४९, वन नियमावली २०५१ तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ (तेश्रो सशोधन) ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पूरा गरेर यस क्रियाकलाप सम्पन्न गर्नुपर्नेछ । सामुदायिक वन उपभोक्ता समूह गठन तथा दर्ता प्रक्रियामा सहजीकरण उपलब्ध बजेटबाट टोल समुदाय छलफल, गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, ईन्धन, संचार र बिधान तयारीको लागि टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ ।

त्यसै गरी कार्ययोजना तयारी कार्यको सहजीकरण तथा सिफारिस गर्ने काम कम्तीमा फरेष्टर (रा.प.अनं. द्वितिय) तहका वन प्राबिधिकबाट हुनुपर्नेछ । यसका लागि सामुदायिक वन स्रोत सर्भेक्षण मार्गदर्शन २०६१ अनुसार वन स्रोत सर्भेक्षण गर्ने तथा GPS बाट सीमा सर्भेक्षण तथा Permanent sample plot layout गरी सामुदायिक वनको बिस्तृत नक्शा समेत पेश गर्नुपर्नेछ । कार्ययोजना निर्माणको लागि वन स्रोत सर्भेक्षण, नक्शा तयारी, टोल/समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, ईन्धन, संचार र कार्ययोजना तयारीको लागि टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- गठित समूहको नाम र ठेगाना
- सामुदायिक वनबाट लाभान्वित हुने घरधुरी संख्या र जनसंख्या
- कार्य समितिको स्वरुप (संख्या तथा समावेशी प्रतिनिधित्व)
- वैठकको खाजा खर्च माग गर्दा माईन्यूटको छायाँकपि समेत संलग्न गर्नुपर्ने
- स्वीकृत विधान र कार्ययोजना
- समूह गठन र कार्ययोजना निर्माण गर्दा खिचिएका फोटो/ भिडियोहरू

## ११.२ सामुदायिक वन समूहको कार्ययोजना नविकरणमा सहयोग (गरिब, महिला र दलित लक्षित जलवायू परिवर्तन अनुकूलन योजना)

कार्ययोजनाको अवधि समाप्त भएका र कार्ययोजना पुनरावलोकन/संशोधनको लागि समूहबाट सा.व.को कार्ययोजना नविकरणको लागि माग भई आएका सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वन कार्ययोजना नविकरण गर्न वन ऐन २०४९, वन नियमावली २०५१ तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ (तेश्रो सशोधन) ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पूरा गरेर सम्पन्न गर्नुपर्नेछ। कार्ययोजना नविकरण कार्यको सहजिकरण तथा सिफारिश गर्ने काम कम्तीमा वन कार्यसहायक तहका वन प्राविधिकबाट हुनुपर्नेछ । यसका लागि सामुदायिक वन स्रोत सर्भेक्षण मार्गदर्शन २०६१ अनुसार GPS बाट सीमा सर्भेक्षण, Permanent sample plot मा वन स्रोत सर्भेक्षण तथा Permanent sample plot नभएका



बद्रीराज ढुगाना
प्रदेश सचिव

सामुदायिक वनहरूमा सामुदायिक वन स्रोत सर्भेक्षण मार्गदर्शन, २०६१ मा उल्लेखित विधि बमोजिम Permanent sample plot layout गरी सामुदायिक वनको वन स्रोत सर्भेक्षण गर्नु पर्दछ । साथै सो कार्ययोजनामा वनको नक्शा सहित अन्य बिस्तृत नक्शाहरु समेत समावेश गर्नुपर्नेछ । कार्ययोजना निर्माणको लागि वन स्रोत सर्भेक्षण, नक्शा तयारी, टोल/समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, ईन्धन, संचार र कार्ययोजना तयारीको लागि टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- नविकरण गरिएको सामुदायिक वनको नाम र ठेगाना
- नविकरण भएको स्वीकृत कार्ययोजना
- वैठकको खाजा खर्च माग गर्दा माईन्यूटको छायाँकपि समेत संलग्न गर्नुपर्ने
- कार्ययोजना नविकरण गर्दा खिचिएका फोटो/भिडियोहरू

### ११.३ सामुदायिक वन उपभोक्ता समूहको लागि रेकर्ड किपिङ्ग, लेखा व्यवस्थापन तालिम

यस अन्तर्गत सामुदायिक वन उपभोक्ता समूहमा कार्यरत वा सो सँग सम्वन्धित कर्मचारी, परिचालिक, स्रोत व्यक्तिहरुलाई रेकर्ड किपिङ्ग तथा लेखा व्यवस्थापन सम्वन्धी तालिम दिईनेछ । स्वीकृत नर्मसको अधिनमा रही यो तालिम संचालन गरिनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालिमको विषयवस्तु, उद्देश्य, औचित्य
- तालिम संचालन भएको स्थान र मिति देखिने तालिमको व्यानर, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलव्धी सहितको प्रतिवेदन
- सहभागी संख्या र तालिम अवधि

### ११.४ सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास

सामुदायिक वनको प्रकार, किसिम तथा अवस्थाको आधारमा सिफारिस गरिएको वन व्यवस्थापनको क्रियाकलापहरु संचालन गर्नको लागि स्थानीय उपभोक्ता समूहहरुलाई अभिप्रेरित गर्ने उदेश्यले एक दिने वन व्यवस्थापन स्थलगत अभ्यास सोही सामुदायिक वन क्षेत्रमा संचालन गरिनेछ । साथै यो कार्यक्रम सम्पन्न गर्न वैज्ञानिक वन व्यवस्थापन सम्वन्धी कार्यविधि २०७१, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका-२०७५ तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- अभ्यास संचालन गरिएको समूहको नाम, ठेगाना
- अभ्यासका गतिविधि देखिने फोटो
- अभ्यास संचालन भएको स्थान र मिति देखिने अभ्यासको व्यानर, सहभागीहरूको फोटो, दृष्यहरु समावेश गरी कार्यक्रमको उपलव्धी सहितको प्रतिवेदन ।
- वन व्यवस्थापनका मुख्यमुख्य क्रियाकलापहरु तथा होर्डिङ बोर्ड

### ११.५ सामुदायिक वन अनुगमन तथा निरिक्षण (अनुगमन पुस्तिका प्रकाशन समेत)

सामुदायिक वन विकास कार्यक्रमको परिमार्जित मागदर्शनले निर्धारण गरेको प्रक्रियाहरु तथा वन कार्ययोजनामा निर्दिष्ट गरिएका कार्यहरु संचालन भए नभएको परीक्षण गर्न हस्तान्तरित सवै सामुदायिक वनहरुको निरीक्षण



बद्रीराज ढुंगाना
प्रदेश सचिव

तथा अनुगमन गर्नुपर्नेछ । अनुगमनबाट प्राप्त नतिजाहरुलाई लिपिबद्ध गर्न अनुगमन पुस्तिका प्रकाशन गर्ने र सामुदायिक वनहरुलाई आवश्यक निर्देशनहरु प्रदान गर्न यो कार्यक्रम संचालन गरिनेछ । यो कार्यक्रम सम्पन्न गर्न आवश्यकता अनुसार स्थलगत निरीक्षण, समूहसंग छलफलमा चियापान, मसलन्द तथा इन्धन, तथ्यांक विश्लेषण एवं छपाई आदि कार्यमा आबश्यक बजेट खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पछि सव डिभिजन वन कार्यलय अनुसारका अनुगमन गरिएका सामुदायिक वन समूहको संख्या तथा गतिविधि विश्लेषण सहितको अनुगमन पुस्तिका प्रकाशन गरिनेछ ।

### ११.६ जिल्लाबाट संचालन भएका सम्पूर्ण कार्यक्रमहरुको वार्षिक प्रगती पुस्तिका प्रकाशन तथा वितरण

डिभिजन वन कार्यालयहरुले संचालन गरेका विभिन्न स्वीकृत वार्षिक कार्यक्रमहरु र वन सम्बन्धी सम्पादन गरिरहेका कानून कार्यान्वयन तथा नियमनका कार्यहरुलाई अभिलेखीकरण गरी डिभिजन वन कार्यालयहरुले वार्षिक प्रगती पुस्तिका प्रकाशन तथा वितरणको कार्य यस क्रियाकलाप अन्तर्गत संचालन गरिनेछ । तथ्यांक संकलन, विश्लेषण, मसलन्द, छलफल, छपाई आदिमा यो रकम खर्च गर्न सकिनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- प्रकाशित सामग्रीको संख्या
- प्रकाशित सामग्रीको डिजिटल कपी समेत

### ११.७ सव डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी

सव-डिभजन वन कार्यलय अन्तर्गत रहेका सामुदायिक वन समूहहरुसँग छलफल तथा सिकाई आदान प्रदान गर्न, आगामी वर्षको वन सम्वन्धी सव-डिभजन स्तरीय कार्यक्रम बनाउन, विषयगत समस्या र चुनौतीको समाधानको उपायहरु अवलम्वन गर्न एकदिने गोष्ठी स्वीकृत नर्मसको अधीनमा रही आयोजना गरिनेछ । यसमा वन कर्मचारी, वन समूहहरुका प्रतिनिधिहरु, वन उपभोक्ता महासंघका प्रतिनिधिहरु, स्थानीय तहका जनप्रतिनिधीहरू, अन्य वन समूहका प्रतिनिधिहरु तथा वन उद्यमीहरु समेत संलग्न रहनेछन् । सव-डिभिजन स्तरमा तयार भएको योजनाहरू डिभजन वन कार्यालयको वार्षिक योजना तर्जुमा गोष्ठीमा पेश गर्नुपर्दछ ।

### ११.८ डिभिजन स्तरिय योजना तर्जुमा गोष्ठी

प्रत्येक वर्ष डिभजन वन कार्यलयबाट जिल्लामा गरिने कृयाकलापको छलफल गराउनु पर्दछ । यस योजना तर्जुमा कार्यमा जिल्लाका सम्पूर्ण सव डिभजन वन कार्यलयका प्रमुखहरुको अनिवार्य सहभागिता गराउनु पर्दछ । कार्यक्रमको सान्दर्भिकता हेरी जिल्लास्थित अन्य निकाय र विषयसँग सम्वन्धित प्रतिनिधि वा सरोकारवाला ब्यक्तिलाई समेत समावेश गरी स्वीकृत नर्मसको अधीनमा रही यस गोष्ठी संचालन गरिने छ । यस गोष्ठीमा सव-डिभजन वन कार्यालयका प्रमुखहरुले सव-डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठीबाट तय भएका कार्यक्रमहरूको औचित्य सहितको प्रस्तुतिकरण गरी योजना पारित गराउनु पर्दछ र डिभिजन वन कार्यालयले समेत जिल्लास्थित अन्य निकायसंग सहकार्य गर्न सकिने कार्यक्रमहरुको पहल गरी आगामी वर्षको लागि योजना तयार तथा स्वीकृत गरी प्रदेशस्तरीय योजना तर्जुमा गोष्ठीमा पेश गर्नुपर्दछ ।

### ११.९ बार्षिक समिक्षा गोष्ठी

प्रत्येक आर्थिक वर्षको समाप्तिसँगै डिभिजन वन कार्यलयबाट संचालन गरिएका सम्पूर्ण कृयाकलापको छलफल गराउनु पर्दछ । यस प्रगति समीक्षा कार्यमा जिल्लाका सम्पूर्ण सव-डिभिजन वन कार्यालयका प्रमुखहरुको अनिवार्य सहभागिता गराउनु पर्दछ । कार्यक्रमको सान्दर्भिकता हेरी जिल्लास्थित अन्य निकाय र विषयसँग

सम्वन्धित प्रतिनिधि वा सरोकारवाला व्यक्तिलाई समेत समावेश गरी स्वीकृत नर्मसको अधीनमा रही यस गोष्ठी संचालन गर्न सकिनेछ ।

यस गोष्ठीको मुख्य कार्य निम्नानुसारका हुनेछन्

- आ-आफ्नो सव-डिभिजन वन कार्यालयबाट संचालन भएका कार्यक्रमको छलफल गर्ने,
- जिल्लास्थित अन्य निकायसंग सहकार्य गर्न सकिने कार्यक्रमहरुको पहिचान गर्ने,
- असल अभ्यासको पहिचान गरी विस्तार गर्ने,
- देखा परेका समस्या/ चुनौतीको समाधानको उपाय खोज्ने,

## १२. साझेदारी वनमा वैज्ञानिक वन व्यवस्थापन

साझेदारी वन व्यवस्थापन कार्ययोजना तयारी, वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनका लागि वन सम्वर्द्धन, संरक्षण, वन विकास कार्य, कार्यालय संचालन, अनुगमन निरीक्षण, क्षमता विकास, बैठक, गोष्ठी, अवलोकन भ्रमण आदि जस्ता क्रियाकलापहरू साझेदारी वन व्यवस्थापन निर्देशिका २०६८, वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१, स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार गर्नुपर्नेछ। स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही साझेदारी वन व्यवस्थापन कार्ययोजनाको आधारमा कार्यान्वयन इकाईले वार्षिक कार्यक्रम तयार गर्नु पर्नेछ । यसरी तयार भएको कार्यक्रम समितिको बैठकबाट पास गरी डिभिजनल वन अधिकृतबाट स्वीकृत गराएर लागु गरिनेछ । बजेट खर्च तथा कार्यक्रमको प्रगति सहितको प्रतिवेदन समूहले डिभिजन वन कार्यालयमा नियमित रुपमा पेश गर्नु पर्नेछ । साथै यस कार्यक्रम सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, साझेदारी वन व्यवस्थापन समूह, स्थानीय तह लगायत अन्य सरोकारवालाहरुसंगको सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. १,६०,००,०००।- व्यवस्था गरिएकोछ । कार्यक्रम कार्यान्वयन सम्बन्धित उपभोक्ता समूहबाट, वन कर्मचारी वा सेवा प्रदायक तथा ठेक्का प्रथाबाट समेत गर्न सकिनेछ । परामर्श सेवा खरिद गरी सेवा प्रदायकबाट काम गर्दा कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका-२०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी सम्बन्धी मापदण्ड बमोजिमको रकम कार्यालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धिः** साझेदारी वन व्यवस्थापन भइ काठ दाउराको उत्पादन तथा स्थानीय रोजगारी र स्थानीय / प्रादेशिक आयमा समेत टेवा पुग्ने ।

साझेदारी वनमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरू संचालन गरिनेछन् ।

### १२.१ सघन वन व्यवस्थापन विस्तृत क्रियाकलापहरू

साझेदारी वन क्षेत्रमा रहेका कम्पार्टमेन्ट र सवकम्पार्टमेन्टको वरीपरी नयाँ अग्निरेखा निमार्ण कार्य; Regeneration Felling; Preparatory Felling; Regeneration Promotion; ढलापडा तथा कटान गरिएका रुखहरूको संकलन; समूह र नेपाल सरकारको भागमा पर्ने काठ/दाउरा विभाजन गरि समूहको भागमा पर्ने



बद्रीराज ... प्रदेश सचिव

काठ/ दाउरा तोकिएका गा.पा./न.पा. र वडाहरूमा बाँडफाँड गर्ने जस्ता क्रियाकलापहरू वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१ र स्वीकृत वन व्यवस्थापन योजना अनुसार गर्नुपर्नेछ । यसै गरि साझेदारी वन व्यवस्थापन कार्ययोजनामा निर्दिष्ट भएका यस वर्ष संचालन गरिनु पर्ने वैज्ञानिक वन व्यवस्थापन सम्बन्धि अन्य क्रियाकलाप समेत यसै शिर्षक अन्तर्गत संचालन गरिने छन् । यसमा विनियोजित रकम स्वीकृत नर्मस् र लागत इस्टिमेट बमोजिम खर्च गर्न सकिनेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट तथा ठेक्का प्रथाबाट समेत सम्वद्ध डिभिजन वन कार्यलयले यस सघन वन व्यवस्थापनका विभिन्न क्रियाकलापहरू संचालन गर्न सकिने छन् ।

### १२.२ बहुवर्षीय विरूवा उत्पादनको लागि स्थायी नर्सरी निर्माण

सुन्दरहरैचा नगरपालिका वडा नं. ८ सलकपुरमा रहेको सव-डिभिजन वन कार्यालयको हाता भित्र रहेको खाली जग्गामा डिभिजन वन कार्यालय, मोरङ्गले एउटा बहुवर्षीय विरूवा उत्पादनका लागि स्थायी प्रकृतिको नर्सरी निर्माण गर्नेछ । प्रचलित स्वीकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम लागत ईस्टिमेट स्वीकृत गरि सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमको परिधि भित्र रही स्थायी नर्सरी निर्माण गरिनेछ । नर्सरीमा नियमित सिंचाइको स्थायी व्यवस्था, नर्सरी सुरक्षाको लागि स्थायी तारजालीको वार वा पर्खाल, ओभरहेड वाटर टैंक, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रिन हाउस, हरेक बेडमा पाईप जडान गरी स्प्रिङकल सिचाईको व्यवस्था, हरेक व्याडमा ट्यागिङ्ग, ग्रिन नेट, वत्तीको व्यवस्था आदि भएको हुनुपर्नेछ । स्थायी नर्सरी नाईकेको पारिश्रमिक (बाह्रै महिना कार्य गर्ने) खर्चको व्यवस्था यसै शीर्षकबाट गर्नुपर्नेछ । नर्सरी निर्माण गर्दा गरिएका क्रियाकलापहरुको स्पष्ट देखिने गरी रजिष्टरको व्यवस्था गरिनुको साथै नर्सरी राखिएको स्थानमा स्पष्ट देखिनेगरी नामाकरण गरी Layout देखिने गरी होर्डिङ्ग वोर्ड राखु पर्दछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- नर्सरी स्थापनाको औचित्य र नर्सरी स्थापना गरिएको स्थान,
- नर्सरीको बिरुवा उत्पादन क्षमता र स्थानको क्षेत्रफल,
- नर्सरीको बेड संख्या (seed bed and seedling bed),
- स्थापना गर्दा लागेको खर्च,
- नर्सरी स्थापना भएको स्थानको फोटो तथा नक्शाहरु (नर्सरी स्थापना हुनु अघि तथा पछिको फोटो समेत),

### १२.३ साझेदारी वन संरक्षण कार्य

यस कार्यक्रम अन्तर्गत साझेदारी वनको Regeneration Felling भई Natural Regeneration/Sowing बाट उत्पादन भएका विरूवाहरूको संरक्षणको लागि तारबार, Weeding, झाडी सफाई आदि जस्ता क्रियाकलापहरू संचालन गरिने छन् । यस्ता क्रियाकलापहरू स्वीकृत नर्मस् र लागत इस्टिमेट बमोजिम संचालन गर्न सकिनेछ । यसै गरी साझेदारी वन क्षेत्रमा रहेका वनस्पति, वन्यजन्तु एवं तिनका बासस्थानको संरक्षण/ व्यवस्थापन, चोरी कटानी तथा चोरी शिकारी नियन्त्रणका लागि नियमित रूपमा गस्ति परिचालन गरिने छ र यस अन्तर्गत जिल्लास्तरमा चोरी निकासी नियन्त्रणका लागि कर्मचारी तथा सुरक्षा निकाय परिचालन गर्न इन्धन, खाजा, खाना, यातायात खर्च, दैनिक भ्रमण भत्ता, संचार आदिमा खर्च गर्न सकिनेछ । साथै वन डढेलो सम्वन्धी सूचना प्रसारण तथा उपकरण खरिदमा समेत यो रकम खर्च गर्न सकिनेछ ।

बद्रीराज ढुंगाना
प्रदेश सचिव

### १२.४ कार्यालय संचालन तथा व्यवस्थापन

यस शिर्षक अन्तर्गतको रकम डिभिजन वन कार्यलय, मोरङ्गको कार्यालय संचालन तथा व्यवस्थापन कार्यमा खर्च गर्न सकिने छ। यस अन्तर्गत स्टेशनरी, छपाई तथा कार्यालय सम्वन्धी अन्य सामान खरिद, सञ्चार (इन्टरनेट समेत), पानी, बिजुलीमा खर्च गर्न सकिने छ ।

### १२.५ संस्थागत विकास

मोरंग जिल्लाका ४ वटा साझेदारी वन समुहको संस्थागत विकास, वैज्ञानिक वन व्यवस्थापनको सम्पूर्ण तथ्याङ्कहरू अभिलेखिकरण गर्न तथा द्रुत गतिमा GIS Application संचालन गर्नको लागि डिभिजन वन कार्यलय, मोरङ्गबाट यस शिर्षक अन्तर्गतको रकमबाट कम्प्यूटर (Destop) र प्रिन्टर (Printer) खरिद गरिने छ । खरिद कार्य सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमको परिधि भित्र रहि सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी कमसेकम ८ GB RAM भएको कम्प्यूटर (Destop) ४ गोटा र प्रिन्टर (Printer) ४ गोटा खरिद गरिनेछ । उपकरण खरिद पश्चात् नियमानुसार स्टोर दाखिला गरी साझेदारी वन समूहलाई १-१ गोटा कम्प्यूटर र प्रिन्टर हस्तान्तरण गरिने छ ।

### १२.६ प्रचार प्रसार

साझेदारी वनको व्यवस्थापन तथा साझेदारी वनमा प्रभावकारी रूपमा कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि विभिन्न मध्ययमबाट (टिभी, एफ.एम.,पत्रिका) साझेदारी वन सम्बन्धी कार्यक्रम प्रचार प्रसार/ प्रसारण गरिनेछ । डिभिजन वन कार्यालयले आवश्यकता अनुसार स्थानीय हाट वजारमा माइकिङ्ग, प्रवचन आदि समेत गर्न सकिनेछ । यसै गरी पर्चा, पम्पलेट, पोष्टर, आदिबाट वैज्ञानिक वन व्यवस्थापन सम्बन्धी जनचेतना जगाउने कार्यहरुमा पनि खर्च गर्न सकिनेछ। साथ साथै होर्डिङ बोर्ड निर्माण गरी साझेदारी वनमा तथा साझेदारी वनमा रहेका राजमार्ग/बाटोहरू, वन प्रवेश नाकाहरू तथा साझेदारी वन लागू भएका स्थानीय तहका गाँउ बस्तीमा समेत होर्डिङ बोर्ड राख्न सकिने छ ।

### १२.७ काठ दाउरा विक्री वितरण / डिपो व्यवस्थापन

साझेदारी वनको व्यवस्थापनबाट उत्पादन भएका काठदाउरा सुरक्षित साथ राख्न र विक्री वितरण प्रक्रियालाई सहज बनाउनका लागि पायक पर्ने स्थानमा डिभिजन वन कार्यालयबाट काठ दाउरा विक्री वितरण कार्यलाई निरन्तरता दिई डिपोको व्यवस्थापन गर्न स्वीकृत इस्टिमेट बमोजिम यो शीर्षकको वजेट खर्च गर्न सकिने छ । यस काठ दाउरा विक्री वितरणको डिपो व्यवस्थापनबाट सुरक्षित घाटगदि भई काठको गुणस्तर ह्रास हुनबाट जोगिने छ ।यसका लागि आवश्यकता अनुसारको विभिन्न प्रजातीहरूको काठ राख्नको लागि भिन्न भिन्न ठाउँको व्यवस्था गरि डिपो व्यवस्थापन गर्नुको साथै संकलित दाउरा राख्नको लागि समेत सोही स्थानमा वेग्लै ठाउँको व्यवस्था गरिनु पर्दछ र यस्तो डिपोको दैनिक/ लगातार अनुगमनको व्यवस्था समेत डिभिजन वन कार्यालयबाट गराउनु पर्ने छ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- कार्यक्रम संचालन भएको स्थान,
- कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र वित्तिय प्रगति,
- मुख्य उपलब्धीहरु,
- कार्यक्रम संचालन गर्दा देखापरेका समस्याहरु,



बद्रीराज ढुगाना
प्रदेश सचिव

- कार्यक्रम स्थलमा कार्य संचालन गर्दा तथा सम्पन्न पश्चातका फोटोहरु,

### १२.८ अनुगमन, मुल्याङ्कन भ्रमण खर्च

वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१ ले निर्धारण गरेको प्रक्रियाहरु तथा वन व्यवस्थापन कार्ययोजनामा निर्दिष्ट गरिएका बैज्ञानिक वन व्यवस्थापन कार्यहरु र स्वीकृत बैज्ञानिक वन व्यवस्थापनका क्रियाकलापहरू संचालन भए नभएको परीक्षण गर्न वैज्ञानिक वन व्यवस्थापन लागु भएका साझेदारी वनहरुको अनुगमन डिभिजन वन कार्यालयबाट गरिनेछ । यसको लागि अनुगमनको ढाँचा निर्माण गरी अपर्झट छनौट प्रणाली (Random Sampling) अपनाई स्थलगत भ्रमण गरी प्रतिवेदन पेश गर्नुपर्ने छ । यस शीर्षक अन्तर्गतको रकम उपरोक्त कार्य गर्न आवश्यक पर्ने भ्रमण भत्ता, खाजा, ईन्धन, भाडा, समूहसँग छलफलमा चियापान, मसलन्द सेवा आदिमा खर्च गर्न सकिने छ । डिभिजन वन कार्यलयले अनुगमन तथ्याङ्क विश्लेषण गरी अनुगमन तथा मूल्यांकन पुस्तिका तयारी तथा प्रकाशन गर्ने छ ।

### १२.९ कार्यक्रमको नीति निर्माण योजना/ कार्यविधि तर्जुमा

साझेदारी वनमा सञ्चालन हुने वैज्ञानिक वन व्यवस्थापन तथा साझेदारी वन समूहको भौतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक पूर्वाधारसंग सम्बन्धित सवै योजनाहरूको दिगो सञ्चालन तथा व्यवस्थापन गरी निर्धारित समय सिमा भित्र निर्धारित मापदण्ड बमोजिमको गुणस्तरीय नतिजा प्राप्त गरी योजना सञ्चालन गर्न र योजना सञ्चालन व्यवस्थापनलाई पारदर्शी बनाएर साझेदारी वन समुह तथा वन कार्यालय प्रति जनमानिसको विश्वासमा अभिबृद्धि गर्नको लागि डिभिजन वन कार्यालयबाट यस कार्यक्रमको संचालन गरिने छ । स्वीकृत नर्मस्को अधिनमा रही लागत इष्टिमेट स्वीकृत गरी/गराई यस शिर्षकमा विनियोजित बजेट खर्च गर्न सकिनेछ ।

### १२.१० साझेदारी वन अनुभव आदान प्रदान अन्तरकृया/ भ्रमण

यस कार्यक्रम अन्तर्गत अन्य जिल्लामा रहेका साझेदारी वनमा भएको साझेदारी वन व्यवस्थापन समूहको प्रभावकारी परिचालन; समूहमा महिला, दलित, आदिवासी जनजाति र लक्षित वर्गको सहभागितासँगै सुशासन र पारदर्शिताका क्षेत्रमा उल्लेख्य कार्य गरिरहेका र सफल वैज्ञानिक वन व्यवस्थापन अभ्यास भएका साझेदारी वनहरूको अवलोकन भ्रमण गरिनुका साथ साथै साझेदारी वनमा गरेका/ भएका अभ्यास तथा अनुभव आदान प्रदान समेत गरिने छ । यस कार्यक्रमको आयोजना डिभिजन वन कार्यलय, मोरङ्गले गर्ने छ ।त्यसै गरी यस भ्रमणमा डिभिजन वन कार्यलय, मोरङ्ग/वन निर्देशनालयका/वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र/उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका कर्मचारीहरू, स्थानीय तहका जनप्रतिनिधीहरू, साझेदारी वन व्यवस्थापन समूह/समितिका पदाधिकारीहरू तथा साझेदारी वन व्यवस्थापनको क्षेत्रमा आवद्ध भएका सरोकावालाहरूको सहभागितामा रहने छ । यसमा छुट्याइएको बजेट आवश्यकता तथा औचित्यको आधारमा दैनिक भ्रमण भत्ता/ दैनिक खाने बस्ने खर्च, खाजा खर्च, यातायात खर्च, ईन्धन, प्रशिक्षक भत्ता आदिमा खर्च गर्न सकिनेछ ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदन पेश गर्दा समावेश गरिने विषयहरु

- अवलोकन भ्रमण गरिएका स्थानहरूको विवरण,
- छलफल, एवं प्रशिक्षण भएका विषयवस्तु,
- अवलोकन भ्रमणको फोटो, सहभागीहरूको भ्रमण सम्बन्धि भनाई तथा सिकाईहरू समावेश गरी भ्रमणको उपलव्धी सहितको प्रतिवेदन,



बद्रीराज धुंगाना
प्रदेश सचिव

- कार्यक्रमको भौतिक र वित्तिय प्रगति

**१२.११ Mid-term review of performance of the Forest Management Plan of Collaborative Forest**

साझेदारी वन व्यवस्थापन कार्ययोजनाको समयावधी १० वर्ष रहेको र साझेदारी वनको स्वीकृत कार्ययोजना बमोजिम वन व्यवस्थापन गरेको ५ वर्ष व्यतित भएको १ गोटा साझेदारी वन समूहको मध्यावधिक समिक्षा वन निर्देशनालयबाट गरिनेछ। आवश्यक मापदण्ड तथा सूचकहरूको विकास गरी मध्यावधिक समिक्षा गर्नु पर्नेछ । वन निर्देशनालयले यस अध्ययन कार्य गर्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा वन निर्देशनालयले कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**१२.१२ Study on the regeneration status of shelterwood system due to the effect of selected mother tree species**

Shelterwood system को अवधारणा अनुरूप साझेदारी वनको व्यवस्थापन गरिएको र सो व्यवस्थापन प्रणालीमा माउरूखबाट उत्पादन भएका बिरूवा (Regeneration) हरूबाट नै परिपक्क वनको बिकास हुने भएको हुँदा साझेदारी वन अन्तर्गतका रूख कटान भएका क्षेत्रहरूमा आवश्यक अनुसन्धान बिधि (Research Methodology) अपनाइ प्रदेश नं. १ का सम्पूर्ण साझेदारी वनको कटान भएका क्षेत्रहरूको प्रतिनिधित्व हुने गरी आवश्यक Sample लिई यस प्रकारको अध्ययन गरिने छ । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले यो अध्ययन कार्य गर्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सकिनेछ ।

**१२.१३ वन नर्सरी स्तरोन्नती तथा विरूवा उत्पादन**

जिल्ला सुनसरी ईटहरी नगरपालिकाको तरहरा भन्ने स्थानमा रहेको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको वन नर्सरी स्तरोन्नती र सो नर्सरीमा विरूवा उत्पादन गर्नको लागि स्वीकृत नर्मस बमोजिम लागत इस्टिमेट स्वीकृत गरी लागत इस्टिमेटमा उल्लेखित क्रियाकलाप संचालन गर्नको लागि यस शिर्षकमा विनियोजित बजेट खर्च गर्न सकिने छ । यस कार्यक्रमको संचालन वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट हुनेछ ।

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले डिभिजन वन कार्यालय/साझेदारी वन व्यवस्थापन समूहहरूसँग आवश्यक छलफल तथा समन्वय गरी साझेदारी वनको खाली क्षेत्र तथा Natural Regeneration हुन नसकेका पुनरूत्पादन कटान भएका क्षेत्रमा रोपण गर्न आवश्यक/उपयुक्त प्रजातिका विरुवाहरू उत्पादन गर्नुपर्ने छ । विरुवाका गुणस्तरीय विरुवा उत्पादन गर्न मलिलो वनको माटो लगायत उपयुक्त सामाग्री तथा प्रविधि प्रयोग गर्नु पर्दछ । विरुवा उत्पादन गर्दा Nursery bed मा अनवार्य रुपमा प्रजाती अनुसार Tagging, Seed sown date / polybag seddling transplant date अनिवार्य रुपमा राखेको हुनुपर्दछ । त्यसै गरी नर्सरीमा उत्पादन हुने विरुवाहरुको जैविक भौतिक तथ्यांकहरु जस्तै seed source, presowing treatment, germination percent, plant percent, average height and diameter (at root collar region) of seedlings, तथा नर्सरीमा भएका विरुवाहरुमा गरिएको अन्य सम्पूर्ण गतिविधिहरुको तथ्याङ्कहरुको अभिलेख राख्नु पर्नेछ ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

### १२.१४ साझेदारी वन व्यवस्थापन सम्वन्धि सरोकारवालाहरू सँग अन्तरकृया गोष्ठी

यस कार्यक्रम अन्तर्गत साझेदारी वन व्यवस्थापनको क्षेत्रमा आवद्ध भएका सरोकारवालाहरू सँग अन्तरकृया गोष्ठी संचालन गरिनेछ । यस अन्तरकृया गोष्ठी डिभिजन वन कार्यालयका कर्मचारीहरू, स्थानीय तहका जनप्रतिनिधीहरू, साझेदारी वन व्यवस्थापन समूह/समितिका पदाधिकारीहरू तथा साझेदारी वन व्यवस्थापनको क्षेत्रमा आवद्ध भएका सरोकावालाहरू सँगको सहभागितामा अन्तरक्रिया गोष्ठी संचालन गरिनेछ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यस अन्तरकृया गोष्ठी संचालन गरिनेछ । यस अन्तरक्रिया गोष्ठी संचालन गर्नको लागि सामाग्री खरिद, गोष्ठीका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, गोष्ठी संचालनका लागि शुरुवाती भौतिक सामाग्री खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शिर्षकका क्रियाकलापहरू स्वीकृत नर्मसको परिधि भित्र रही तयार गरिने स्वीकृत लागत इष्टिमेट बमोजिम खर्च गर्न सकिनेछ ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदन पेश गर्दा समावेश गरिने विषयहरु

- गोष्ठीको विषयवस्तु, उद्देश्य, औचित्य
- छलफल, वैठक एवं अन्तरक्रिया कार्यक्रमको विषयवस्तु
- गोष्ठी संचालन भएको स्थान र मिति देखिने गोष्ठीको व्यानर, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलव्धी सहितको प्रतिवेदन
- कार्यक्रमको भौतिक प्रगति र भारित प्रगति

### १२.१५ बैज्ञानिक वन व्यवस्थापनको अनुगमन

वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१ ले निर्धारण गरेको प्रक्रियाहरु तथा वन व्यवस्थापन कार्ययोजनामा निर्दिष्ट गरिएका बैज्ञानिक वन व्यवस्थापनका कार्यहरु र स्वीकृत बैज्ञानिक वन व्यवस्थापनका क्रियाकलापहरू संचालन भए नभएको परीक्षण गर्न वैज्ञानिक वन व्यवस्थापन लागु भएका वनहरुको अनुगमन गरिने छ । अनुगमनकर्ताहरूले अनुगमनबाट प्राप्त नतिजाहरुलाई लिपिबद्ध गरी प्रतिवेदन समेत पेश गर्नुपर्दछ र प्राप्त प्रतिवेदनका आधारमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट डिभिजन वन कार्यालयलाई आवश्यक निर्देशनहरु प्रदान गरिनेछ ।त्यसै गरि अनुगमनबाट प्राप्त सुझावलाई पृष्टपोषणको रुपमा लिई बैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको कार्यान्वयन गरिने छ । यो कार्यक्रम सम्पन्न गर्न आवश्यकता अनुसार स्थलगत निरीक्षणको दैनिक भ्रमण भत्ता, डिभजन वन कार्यलय/समूहसँग छलफलमा चियापान, मसलन्द तथा इन्धन आदि जस्ता कार्यमा आबश्यक बजेट खर्च गर्न सकिनेछ ।

## १३. वन संरक्षण कार्यक्रम (अतिक्रमण हटाउने, घेरावारा, वन डढेलो नियन्त्रण, वन मुद्दा अनुसन्धान, सूराकी परिचालन, चरिचरण व्यवस्थापन, प्रचार प्रसार)

प्रदेश भित्र रहेका वन क्षेत्रको वैज्ञानिक ढंगबाट सम्बर्द्धन, विकास र व्यवस्थापन गर्दै काष्ठ र गैरकाष्ठ वन पैदावारको उत्पादकत्व र उत्पादन वढाएर स्थानीय र प्रादेशिक आवश्यकता परिपूर्ति एवं विदेश निकासी गरेर स्थानीय तथा प्रादेशिक आय बढाउन सकिन्छ । तसर्थ वन व्यवस्थापनको लागि वन संरक्षणको नितान्त आवश्यकता देखिएको हुँदा तपशिलमा उल्लेखित क्रियाकलापहरू संचालन गर्नको लागि यो बजेट खर्च गरिनेछ । सवै जिल्लाहरु रहेका डिभिजन वन कार्यालयहरुले वन संरक्षणको क्रियाकलापहरु संचालन हुने गरी वार्षिक वन संरक्षण योजना स्वीकृत गरी कृयाकलाप संचालन गरिनेछ । साथै यस कार्यक्रम सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको



बद्रीराज ढुंगाना
प्रदेश सचिव

मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

१५ वटा डिभिजन वन कार्यालयका कर्मचारीहरु परिचालन गरी यस कार्यक्रम संचालन गरिने छ । आवश्यक मात्रामा वन निर्देशनालयसँग समन्वयको साथसाथै सामुदायिक वन उपभोक्ता समूह/ साझेदारी वन व्यवस्थापन समूह, स्थानीय तह लगायत अन्य सरोकारवालाहरुको सहकार्यमा यस कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. १,४०,००,०००।- व्यवस्था गरिएकोछ ।

**अपेक्षित उपलब्धिः** प्रदेश स्तरको वन संरक्षणमा सहयोग पुग्ने ।

यस वन संरक्षण कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरू संचालन गरिने छन् ।

## १३.१ वन डढेलो सम्बन्धी प्रचार प्रसार

गर्मीको समय अर्थात फाल्गुण चैत्र देखि नै वनजंगल क्षेत्रमा विभिन्न कारणबाट आगलागी एवं डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ । कतिपय अवस्थामा मानिसको नियन्त्रण भन्दा वाहिर पनि वन डढेलो प्रकोप देखापर्ने गरेको छ । अतः वन डढेलोको नियन्त्रण गर्न जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित Action plan मा आधारित कार्यक्रमहरु मध्ये वन डढेलो सम्बन्धी जनचेतनामूलक सन्देश प्रचार प्रसार समाग्री निर्माण, प्रसारण/प्रकाशन तथा वितरण गर्नको लागि विनियोजित बजेटको रकम खर्च गर्न सकिनेछ । वन डढेलो सम्बन्धी जानकारी गराउन, वन डढेलो हुन नदिन तथा वन डढेलोबाट हुने जोखिमको न्यूनिकरण सम्बन्धी जनचेतनामूलक सन्देश विभिन्न मध्ययमबाट (टिभी, एफ.एम.,पत्रिका) प्रचार प्रसार गरिनेछ । आवश्यकता अनुसार स्थानीय हाट वजारमा माइकिङ्ग, प्रवचन आदि समेत गर्न सकिनेछ । वन डढेलो विषयक पम्पलेट प्रकासन तथा वितरण समेत गर्न सकिनेछ । साथै होर्डिङ बोर्ड निर्माण गरी जंगलमा रहेका सडक/बाटोहरू तथा वन प्रवेश नाकाहरूमा समेत होर्डिङ बोर्ड राख्न सकिनेछ ।

## १३.२ सुराकी परिचालन तथा व्यवस्थापन

वन तथा वन्यजन्तुसँग सम्वन्धित अपराधहरु नियन्त्रण तथा न्यूनिकरण गर्नका लागि सुराकी खर्च परिचालन कार्यविधि-२०७२ बमोजिम सुराकी परिचालन गरिनेछ । वनजंगल संरक्षणको लागि सुराकीको व्यवस्था उपलब्ध बजेट र आवश्यकता अनुसार गर्न सकिनेछ । डिभिजनल वन अधिकृतले आवश्यकता अनुसार सुराकी परिचालन गर्न सक्नेछ र सुराकीको नाम ठेगाना गोप्य राख्नु पर्नेछ । सुराकीले आफूले पाएको सूचना डिभिजन वन कार्यालय प्रमुख वा वन सुरक्षा शाखाको कमाण्डरलाई जानकारी गराउनुपर्नेछ । सुराकीको संख्या र कामको आवश्यकता वा कार्यबोझ हेरी सुराकी गरे वापत प्रोत्साहन स्वरुप रकम खर्च गर्न सकिनेछ । अनुसन्धान कार्य अघि वढाउने क्रममा आवश्यक सूचना संकलन तथा संचारमा लाग्ने खर्चहरुमा समेत यस शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ ।

## १३.३ वन, वन्यजन्तु संरक्षणको लागि गस्ति परिचालन

वन, वन्यजन्तु एवं तिनका बासस्थानको संरक्षण, व्यवस्थापन, चोरी कटानी तथा चोरी शिकारी नियन्त्रणका लागि नियमित रूपमा गस्ति परिचालन गरिनेछ । यस शीर्षकमा बिनियोजित रकम जिल्लास्तरमा चोरी निकासी नियन्त्रणका लागि कर्मचारी तथा सुरक्षा निकाय परिचालन गर्न इन्धन, खाजा, खाना, यातायात खर्च, दैनिक भ्रमण भत्ता, फिल्ड गियर (जुत्ता, रेनकोट, छाता, टर्च, तुम्लेट) खरिद, संचार आदिमा खर्च गर्न सकिनेछ ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

## १३.४ अतिक्रमण हटाउने/ नियन्त्रण र व्यवस्थापन

वनजंगल संरक्षणको लागि यस कार्यक्रम अन्तर्गत अतिक्रमण हटाउन/ नियन्त्रण गर्नको लागि यस शीर्षकमा बिनियोजित रकम स्थानीय तह, राजनैतिक दल, प्रशासन र सुरक्षा निकाय एवं स्थानीय वन उपभोक्ता समुहसँगको समन्वयात्मक (बैठक) खर्च, सुरक्षाकर्मी परिचालन खर्च, सवारी साधन मर्मत, इन्धन आदिमा खर्च गर्न सकिन्छ । यसका साथै अतिक्रमण हटाइएको क्षेत्रमा तारबार सहितको घेराबेरा गरी वृक्षारोपणको व्यवस्थापन गरिनेछ । बजेट अपुग भै अतिक्रमण हटाईएको क्षेत्रमा घेराबेरा गरी वृक्षारोपण गर्न नसकिएमा स्थानीय तह, अन्य इच्छुक सहयोग गर्ने संघ संस्था र सम्बन्धित वन उपभोक्ता समुहहरुसँग समन्वय गरी अतिक्रमित क्षेत्र व्यवस्थापन गर्न सकिनेछ ।

## १३.५ वन अपराध अनुसन्धान तथा मुद्दा दायरी तालिम

वन अपराधीहरुलाई कानूनको दायरा भित्र ल्याउन वन अपराध एवं मुद्दा अनुसन्धानको कार्य अपरिहार्य रहंदै आएको छ । तसर्थ डिभिजन/सब-डिभिजन वन कार्यालयका फरेस्टर, रेञ्जर तया सहायक वन अधिकृतहरुलाई वन अपराध मुद्दा अनुसन्धानको प्रकृया बारे जानकारी गराउन तथा नियमानुसार वन अपराध अनुसन्धान गरी मुद्दा दायर गर्नको लागि ५ दिने वन अपराध अनुसन्धान तथा मुद्दा दायरी तालिम संचालन गरिनेछ । डिभिजन वन कार्यालयहरूले यो तालिम संचालन गर्ने छन् । तालिम संचालनका लागि बिनियोजित रकम तालिम सामाग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालिम संचालनका लागि शुरुवाती भौतिक सामाग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार विस्तृत योजना बनाई खर्च गर्न सकिनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालिमको विषयवस्तु, उद्देश्य, औचित्य
- तालिम संचालन भएको स्थान र मिति देखिने तालिमको व्यानर, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलव्धी सहितको प्रतिवेदन
- सहभागी संख्या, हाजिरी र तालिम अवधि

## १३.६ कर्मचारी क्षमता अभिवृद्धि तालिम (टीम बिल्डिङ्ग गोष्ठी)

कार्यालयलाई व्यवस्थित र प्रविधिमैत्री बनाई वन संरक्षणको क्रियाकलापहरु सहज र प्रभावकारी रूपमा सञ्चालन गर्न र कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाउन यस तालिमको व्यवस्था गरिएकोछ । डिभिजन/ सब-डिभिजन वन कार्यालयमा कार्यरत कर्मचारीका लागि यो तालिम डिभिजन वन कार्यालयले संचालन गर्नेछ । यस तालिमको अवधी ३ दिनको हुनेछ । यो तालिम संचालनका लागि स्वीकृत लागत इष्टिमेट अनुसार विस्तृत योजना बनाई खर्च गर्न सकिनेछ । टीम बिल्डिङ्ग तालिमको लागि सम्वन्धित विषयमा विज्ञलाई स्रोत व्यक्ति वनाई संचालन गर्नुपर्दछ । तालिम संचालन पछि अध्ययन गरिएका विषयवस्तु, सेसन प्लान, सहभागी संख्या, हाजिरी र नामावली, व्यानर सहितका फोटोहरु, तालिमको सकारात्मक तथा नकारात्मक पक्ष सहितको प्रतिवेदन समावेश गरिनुपर्दछ ।

## १३.७ फौजदारी अपराध संहिता र कार्यविधि सम्बन्धी अभिमुखिकरण तालिम

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयका उपसचिव (प्रा.) र स.व.अ.हरुलाई फौजदारी अपराध संहिता र कार्यविधि सम्बन्धी अभिमुखिकरण तालिम संचालन गरिने छ । यो तालिम संचालनका लागि स्वीकृत लागत इष्टिमेट अनुसार



बद्रीराज ढुंगाना
सचिव

विस्तृत योजना बनाई खर्च गर्न सकिनेछ । यस तालिमको लागि सम्वन्धित विषय विज्ञलाई स्रोत व्यक्ति वनाई संचालन गर्नुपर्दछ । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/ वन निर्देशनालय सँगको समन्वयमा यो तालिम संचालन गर्ने छ । तालिम संचालन पछि अध्ययन गरिएका विषयवस्तु, सेसन प्लान, सहभागी संख्या र नामावली, व्यानर सहितका फोटोहरु, तालिमको सकारात्मक तथा नकारात्मक पक्ष सहितको प्रतिवेदन समावेश गरिनुपर्दछ ।

**१३.८ सूचना प्रवाह तथा पारदर्शिता सवलिकरण रेडियो एफ.एम./ टि.भि. मार्फत प्रचारप्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन**

डिभिजन वन कार्यालयहरूले सेवाग्राहीहरूलाई प्रदान गरेको सेवा प्रवाह र पारदर्शिताको सन्दर्भमा एफ.एम./टि.भि. मार्फत प्रचारप्रसार तथा सो सँग सम्बन्धित सामग्री उत्पादन तथा प्रकाशन गर्नको लागि विनियोजित बजेटको रकम खर्च गर्न सकिनेछ । साथै यस कार्यक्रम सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा प्रचलित ऐन कानुनको पालना गरिनेछ । एफ.एम./ टि.भि. संचालकहरू सँग सम्झौता गरेर मात्र डिभिजन वन कार्यालयहरूले कार्यालयको सेवा प्रवाह र पारदर्शिता सम्बन्धमा एफ.एम./ टि.भि. मा प्रचारप्रसार गर्नुपर्दछ । प्रचारप्रसार सामग्री स्थानीय बोलचालको भाषामा समेत प्रकाशन गर्न सकिनेछ ।

**१३.९ वन र वन्यजन्तु संरक्षण सम्बन्धि प्रचारप्रसार (होर्डिङ बोर्ड, पम्लेट, पुस्तिका, ब्रोसर आदि)**

वन र वन्यजन्तुको संरक्षणमा जनमानसमा सकारात्मक प्रभाव वृद्धि गर्नको साथै चेतना अभिवृद्धि गर्नको लागि डिभिजन वन कार्यालयहरूले जिल्लाका स्थानीय मानिसहरुले वुझ्ने भाषामा पोष्टर, पम्लेट, ब्रोसर, पुस्तिका आदिको तयारी गरी वितरण गरिनेछ । साथै होर्डिङ बोर्ड निर्माण गरी जंगलमा रहेका सडक/बाटोहरू, वन प्रवेश नाकाहरू तथा वन पैदावर बढी प्रयोग हुने गाँउबस्तीमा समेत होर्डिङ बोर्ड राख्न सकिनेछ ।

त्यसै गरी यसै शिर्षक अन्तर्गत वन निर्देशनालयबाट वन र वन्यजन्तु सम्बन्धी जनचेतनामूल वृतचित्र समेत निर्माण गरिनेछ । यस अन्तर्गत वन तथा वन्यजन्तुको व्यवस्थापनमा भएको उल्लेखनिय तथा उदाहरणीय कार्यहरूको छायाङ्कन गरी वृत चित्र निर्माण गरिने छ र यसै क्रियाकलाप अन्तर्गत वन तथा वन्यजन्तु सम्बन्धि जनचेतनामुलक वृत चित्र समेत निर्माण गर्न सकिने छ । TOR स्वीकृत गरी परामर्श सेवा खरिदबाट समेत यो कार्यक्रम संचालन गर्न सकिनेछ।

यसै शिर्षक अन्तर्गत सूचनालाई सार्वजनिक वस्तु तथा सम्पत्तिको रुपमा लिन थालिएको वर्तमान परिवेशमा यस उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आफनो कार्यक्षेत्र अन्तर्गतको सूचना, तथ्याङ्क सङ्कलन र व्यवस्थापन गर्न अपरिहार्य रहेकोले सङ्कलित विषयगत तथ्याङ्कको आधारमा मन्त्रालयको प्राश्वचित्र (Profile) तयार तथा निर्माण गरिनेछ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट TOR स्वीकृत गरी परामर्श सेवा खरिद बिधिबाट समेत यो कार्यक्रम संचालन गर्न सकिनेछ ।

कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा प्रचलित नर्मसको पालना गरिनेछ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

## १४. वन सर्वेक्षण सम्बन्धी तालिम सामग्री खरिद तथा वितरण (GPS, Range finder, Tape etc.)

वन सर्वेक्षण सम्बन्धी तालिम सामग्रीहरु प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गरिनेछ । कार्यक्रम संचालन गर्ने निकाय/कार्यालयको संस्थागत सुदृढीकरण गरी आवश्यक उपकरणहरु तथा कार्यसम्पादनमा प्रभावकारिता र सेवा प्रदानको गुणस्तरमा वृद्धि गर्न आवश्यक पर्ने उपकरणहरु खरिद गर्न सकिनेछ । यस अन्तर्गत मेशिनरी औजार जस्तै जि.पि.एस. रिसिभर, कम्पास, Vertex IV, रिलास्कोप, क्लीनोमीटर, अल्टिमिटर, Range finder, Measuring tape, Diameter tape, Ranging rod आदि जस्ता सामानहरु खरिद गर्न सकिनेछ । उपकरण खरिद पश्चात् नियमानुसार स्टोर दाखिला गरी भपाई वनाई प्रयोग गर्नुपर्दछ ।

**जनशक्ति व्यवस्थापन**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/ वन निर्देशनालय सँगको समन्वयमा कार्य संचालन गर्नेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. २०,००,०००।- व्यवस्था गरिएकोछ ।

**अपेक्षित उपलब्धिः** वन श्रोत सर्वेक्षणमा प्रयोग हुने अत्याधुनिक सामग्री खरिद भई वन मापन तथा वनको व्यवस्थापन तालिम संचालन गर्न सहयोग पुग्ने ।

## १५. वन व्यवस्थापन सामग्री खरिद तथा वितरण

वन व्यवस्थापन सम्बन्धी सामग्रीहरु प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गरिनेछ । कार्यक्रम संचालन गर्ने निकाय/ कार्यालयको संस्थागत सुदृढीकरण गरी आवश्यक उपकरणहरु तथा कार्यसम्पादनमा प्रभावकारिता र सेवा प्रदानको गुणस्तरमा वृद्धि गरी वन व्यवस्थापन गर्न आवश्यक पर्ने उपकरणहरु खरिद गर्न सकिनेछ । यस अन्तर्गत वन व्यवस्थापनको लागि आवश्यक पर्ने समाग्रीहरु जस्तैः Hand saw, Bow saw, Power saw, GPS Receiver, Compass, Vertex IV, Clinometer, Relascope, Altimeter, Measuring tape, Diameter tape, Ranging rod, Thinning/Prunning equipments, Axe, digging machine तथा झाडी सफाई गर्ने समाग्री आादि जस्ता सामानहरु सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गरिनेछ। उपकरण खरिद पश्चात् नियमानुसार स्टोर दाखिला गरी भपाई वनाई प्रयोग गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

१५ वटा डिभिजन वन कार्यालयले फिल्ड स्तरका कर्मचारी, सामुदायिक तथा कबुलियत वनहरुको आवश्यकताहरुलाई ध्यानमा राखी आवश्यक पर्ने वन व्यवस्थापन सामग्री खरिद गरी सब-डिभिजन वन कार्यालयहरुलाई भर्पाइ गरी वितरण गर्न सक्नेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. ७०,००,०००।- व्यवस्था गरिएको छ ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

**अपेक्षित उपलब्धिः** आधुनिक वन व्यवस्थापन सामाग्रीको खरिद तथा प्रयोगबाट वन व्यवस्थापन कार्यमा सरल र सहज हुने।

### १६. हरियाली विकास कार्यक्रम, उदयपुर (वेलका न.पा. ५१ विघामा)

यस कार्यक्रम अन्तर्गत उल्लेखित स्थानमा उपभोक्ताहरूको माँग तथा चाहना अनुसारको विरुवाहरु छनौट गरी हरियाली प्रवर्द्धनका कार्यक्रमहरु संचालन गरिनेछ । कार्यक्रम सम्पन्न पश्चात भए गरेका क्रियाकलापहरुको विस्तृत विवरण सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ । डिभिजन वन कार्यालय, उदयपुरले यो कार्यक्रम अत्तर्गत के कस्ता कृयाकलापहरु संचालन गर्न सकिन्छ सो कृयाकलापहरु सहितको वृक्षरोपण गर्न सकिने क्षेत्रको यकिन क्षेत्रफलमा आधारित रही विस्तृत योजना निर्माण तथा स्वीकृत गरी गराई वेलका न.पा. को ५१ विघा क्षेत्रफलमा यो कार्यक्रम लागू गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय, उदयपुर (उदयपुर) ले यो कार्यक्रम संचालन गर्नेछ । साथै यो कार्यक्रम उपभोक्ता समूह मार्फत समेत गर्न गराउन सकिनेछ । यस हरियाली विकास कार्यक्रमको कार्यान्वयनको लागि डिभिजन वन कार्यालयले १ जना स.व.अ. Focal person को रुपमा तोक्नु पर्नेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. १०,००,०००।- व्यवस्था गरिएको छ । डिभिजन वन कार्यालय, उदयपुरले TOR स्वीकृत गरी गराई परामर्श सेवा समेत खरिद गर्न सक्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा डिभिजन वन कार्यालय, उदयपुरले कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धिः** खाली जग्गाको सदुपयोग भई हरियाली प्रवर्द्धन हुने ।

### १७. वनजन्य उद्यम विकास सहयोग (गा.पा.र न.पा.को सहकार्यमा)

प्रदेश नं. १ को १५ वटा डिभिजन वन कार्यालयहरुमा यो कार्यक्रम लागु हुनेछ । यो कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा कच्चा पदार्थको उपलब्धतालाई विशेष महत्व दिई रोजगारीमुलक वनजन्य उद्यमको स्थापना र स्तरोउन्नतीमा यो बजेट खर्च गर्न सकिनेछ । साथै यो कार्यक्रम अन्तर्गत बांस निगालोजन्य उद्यम, Essential oils, Bio Briquette, काठ, गैह्रकाष्ठ तथा जडिबुटीमा आधारित वनजन्य उद्यम विकास गर्न सकिनेछ । वनजन्य उद्यम गर्न चाहने स्थानीय उपभोक्ताहरु, संघ संस्था तथा समुहहरुलाई गा.पा. र न.पा. सँगको समन्वय र सहकार्यमा सव डिभिजन वन कार्यालयको सिफारिसमा डिभिजन वन कार्यालयलबाट छनौट गरिनेछ । यसको लागि डिभिजनल वन अधिकृतको संयोजकत्वमा छनौट समिती समेत गठन गर्न सकिनेछ । जिल्ला भित्र रहेका वनजन्य उद्यम संचालन गर्ने संघ संस्था समूहलाई कार्य सम्पन्न गर्न सहयोग गर्ने गरी अनुदान सहयोग दिन सकिनेछ। यस कार्यक्रमको कार्यान्वयन वन तथा वातावरण मन्त्रालयको वन पैदावरमा आधारित वन उद्यम स्थापना तथा संचालन कार्यविधि, २०५५ बमोजिम गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

वनजन्य उद्यम गर्न छनौट भएका व्यक्ति, संस्था, नीजि कम्पनी तथा समूहहरुलाई डिभिजन वन कार्यालयका कर्मचारीहरुबाट प्राविधिक सहयोग उपलब्ध हुनेछ ।



बद्रीराज ढुगाना
प्रदेश सचिव

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. ७०,००,०००।- व्यवस्था गरिएको छ । छनौट भएका उद्यमी/संघसस्थालाई डिभिजन वन कार्यालयले TOR वनाई रोजगारीमूलक वनजन्य उद्यमको स्थापना र स्तरोउन्नती गर्नलाई रकम उपलव्ध गराउनुपर्ने छ ।

**अपेक्षित उपलब्धिः** स्थानीय तहमा साना तथा मझौला वनजन्य उद्यम स्थापना तथा विकास भई रोजगारीको सृजना हुनेछ ।

## १८. प्रादेशिक खुला प्राणी उद्यान (चिडियाखाना) स्थापना क्षेत्र पहिचान र पूर्वाधार विकास

यस कार्यक्रम अन्तर्गत प्रदेश अन्तर्गतका वन क्षेत्रमा रहेका संरक्षित र लोपोन्मुख वन्यजन्तुहरुको संरक्षण र शिक्षामूलक उद्देश्यको लागि उपयुक्त स्थान छनौट गरी सो स्थानलाई खुल्ला वन्यजन्तु उद्यान (चिडियाखाना) निर्माण गर्नको लागि आवश्यक क्षेत्रको पहिचान तथा सोको लागि चाहिने पूर्वाधारहरुको विकास सम्बन्धी अध्ययन, अनुसन्धान तथा क्रियाकलापहरु संचालन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्ने गराउनेछ । यस कार्यक्रम संचालन तथा कार्यान्वियन गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, सदर चिडियाखानासँग समेत सहकार्य तथा समन्वय गरिनेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. १,५०,००,०००।- व्यवस्था गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रमको सम्भाव्यता अध्ययन तथा DPR निर्माणको लागि TOR तयार गरी परामर्श सेवा खरिद गर्न सक्नेछ । सेवाप्रदायकबाट काम गर्दा मन्त्रालयले कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम मन्त्रालयको व्यवस्थापकीय कार्यमा खर्च गर्नसक्नेछ । DPR निर्माण पश्चात प्रादेशिक खुला प्राणी उद्यान (चिडियाखाना) स्थापना क्षेत्रमा हुने पूर्वाधार विकास र वन्यजन्तुको व्यवस्थापनको सम्बन्धमा वातावरण संरक्षण नियमावली २०५४ बमोजिम वातावरणिय अध्ययन प्रतिवेदन (IEE/EIA) स्वीकृत गरी गराई खुला प्राणी उद्यानको लागि DPR ले औंल्याएका पूर्वधारका विकासका कार्यहरू संचालन गरिनेछ ।

**अपेक्षित उपलब्धिः** प्रादेशिक खुला प्राणी उद्यानको लागि क्षेत्र पहिचान भई पूर्वाधार विकास भएको हुने ।

## १९. प्रादेशिक वन्यजन्तु उद्धार तथा पुन स्थापना केन्द्र क्षेत्र पहिचान तथा पूर्वाधार विकास

यस कार्यक्रम अन्तर्गत प्रदेश भित्र रहेका टुहरा तथा घाइते वन्यजन्तुहरुको संरक्षणको साथै वन्यजन्तुको उद्धार तथा पुर्नस्थापनाको लागि उपयुक्त २ स्थान छनौट गरी सो स्थानलाई प्रादेशिक वन्यजन्तु उद्धार तथा पुनर्स्थापना केन्द्र निर्माणको गर्नको लागि आवश्यक क्षेत्रको पहिचान तथा सोको लागि चाहिने पूर्वाधारहरुको विकास सम्बन्धी अध्ययन, अनुसन्धान तथा क्रियाकलापहरु संचालन गरिनेछ । यो कार्यक्रम अन्तर्गत वन्यजन्तु उद्धारको लागि आवश्यक खोर निमार्ण, छेकवार निर्माण जस्ता प्रमुख क्रियाकलापहरूका साथै वन्यजन्तु उद्धारका लागि गरिने नियमित अनुगमन/गस्ती समेत गर्न सकिनेछ ।

बद्रीराज ढुंगाना
प्रदेश सचिव

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्ने गराउनेछ । यस कार्यक्रम संचालन तथा कार्यान्वयन गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, सदर चिडियाखानासँग समेत सहकार्य तथा समन्वय गरिनेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. २,००,००,०००।- व्यवस्था गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रमको सम्भाव्यता अध्ययन तथा DPR निर्माणको लागि TOR विकास गरी परामर्श सेवा खरिद गर्न सक्नेछ । सेवाप्रदायकबाट काम गर्दा मन्त्रालयले कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ मा ब्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम मन्त्रालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ । DPR निर्माण पश्चात प्रादेशिक वन्यजन्तु उद्धार तथा पुर्नस्थापना केन्द्र स्थापना क्षेत्रमा हुने पूर्वाधार विकास र वन्यजन्तुको ब्यवस्थापनको सम्बन्धमा वातावरण संरक्षण नियमावली २०५४ बमोजिम वातावरणिय अध्ययन प्रतिवेदन (IEE/ EIA) स्वीकृत गरी गराई वन्यजन्तु उद्धार तथा पुर्नस्थापना केन्द्रको लागि DPR ले औंलाइएका पूर्वधार विकास गरिनेछ ।

**अपेक्षित उपलब्धिः** पुनर्स्थापना केन्द्रको क्षेत्र पहिचान भई पूर्वाधार विकास भई टुहरा तथा घाइते वन्यजन्तुहरुको संरक्षणको साथै वन क्षेत्रमा नै पुनर्स्थापना भई जैविक विविधताको संरक्षणमा समेत टेवा पुग्ने ।

## २०. वन्यजन्तु उद्धार केन्द्र व्यवस्थापन सहयोग (हरियाली सा.व.उ.स, धरान १९ सनुसरी)

वन क्षेत्र भित्र वा बाहिर फेला परेका टुहरा तथा घाइते वन्यजन्तुहरुको संरक्षणको साथै वन्यजन्तुको उद्धार गर्नको लागि हरियाली सा.व.उ.स. धरान १९, सनुसरीमा यस कार्यक्रम संचालन गरिने छ । यस कार्यक्रम अन्तर्गत वन्यजन्तु उद्धारको लागि आवश्यक खोर निमार्ण, छेकवार निर्माण गर्न सकिनेछ । साथै वन्यजन्तुको आहारा तथा चारो र उपचारका लागि समेत यही बजेटबाट खर्च गर्न सकिनेछ। उद्धार गरिएका जीवजन्तुको विवरण तत्काल सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ । उद्धार गरिएका जिवजन्तुहरु पूर्ण रुपमा स्वस्थ्य तथा परिपक्व भएपछि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/वन निर्देशनालय/डिभिजन वन कार्यालय, सुनसरी/कोशीटप्पु वन्यजन्तु आरक्षसँग समन्वय सहकार्य गरी वन क्षेत्रमा नै पूनःस्थापना गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय, सुनसरीले कोशीटप्पु वन्यजन्तु आरक्ष, सदर चिडियाखाना तथा अन्य सरोकारवाला निकायहरूसँग आवश्यक प्राविधिक सहयोग लिई हरियाली सा.व.उ.स. धरान १९, सनुसरीमा यो कार्यक्रम संचालन हुनेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. ६,००,०००।- व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धिः** सामुदायिक वनमा रहेको वन्यजन्तु उद्धार केन्द्रको स्तरोन्नती भई टुहरा तथा घाइते वन्यजन्तुहरुको स्याहार संभारको साथै वन क्षेत्रमा नै पुर्नस्थापना भई जैविक विविधताको संरक्षणमा समेत टेवा पुग्ने ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

## २१. बाहुनडागी क्षेत्र झापामा हात्ती मानव द्वन्द न्यूनीकरण छेकवार पूर्वाधार विकासमा सहयोग

यस शिर्षकमा विनियोजित बजेटबाट मानव हात्ती द्वन्द न्यूनीकरणका लागि सोलार फेन्सिङ निर्माण तथा जिर्ण भएका सोलार फेन्सिङको मर्मत सम्भारका लागि प्राविधिक सहयोग, ज्याला तथा सामाग्री खरिदमा खर्च गर्न सकिनेछ । यस शिर्षकमा विनियोजित रकमबाट मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु समेत सञ्चालन गर्न सकिनेछ । यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- छेकवार निर्माण/मर्मत भएको स्थान र निर्मित छेकवारको फोटो (निर्माण अघि र पछिको),
- कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र भारित प्रगति,
- कार्यक्रमको वित्तीय प्रगति,

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय, झापाले यो कार्यक्रम संचालन गर्नेछ । साथै यस कार्यक्रम संचालन तथा कार्यान्वयन गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँग समेत सहकार्य तथा समन्वय गरिनेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. २५,००,०००।- व्यवस्था गरिएको छ । डिभिजन वन कार्यालय, झापाले TOR स्वीकृत गरी गराई परामर्श सेवा समेत खरिद गर्न सक्नेछ । सेवा प्रदायकबाट काम गर्दा डिभिजन वन कार्यालयले कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यक्रमको व्यवस्थापकिय कार्यमा खर्च गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धिः** मानव र हात्ती बीचको द्वन्द न्यूनीकरण हुने ।

## २२. कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्र सुनसरीमा वन्यजन्तु मानव द्वन्द न्यूनीकरणका लागि छेकवार पूर्वाधार विकासमा सहयोग

यस शिर्षकमा विनियोजित बजेटबाट मानव द्वन्द न्यूनीकरणका लागि कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्र सुनसरीमा नयाँ सोलार फेन्सिङ निर्माण तथा जिर्ण भएका फेन्सिङको मर्मत सम्भारका लागि प्राविधिक सहयोग, ज्याला तथा सामाग्री खरिदमा खर्च गर्न सकिनेछ । यस शिर्षकमा विनियोजित रकमबाट मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु समेत सञ्चालन गर्न सकिनेछ । यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन-२०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली-२०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका-२०७५, सार्वजनिक खरिद ऐन -२०६३, सार्वजनिक खरिद नियमावली -२०६४ तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुंदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- छेकवार निर्माण/मर्मत भएको स्थान र निर्मित छेकवारको विस्तृत विवरण र फोटो
- कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र भारित प्रगति
- कार्यक्रमको वित्तीय प्रगति

बद्रीराज ढुगाना
प्रदेश सचिव

- कार्यक्रम संचालन अघि, संचालन हुंदै गर्दा र सम्पन्न भए पश्चातको फोटो र विवरण सहितको Activity Profile प्रतिवेदन ।

**जनशक्ति व्यवस्थापन**

कोशीटप्पु वन्यजन्तु आरक्ष मार्फत यो कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रम संचालन गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँग सहकार्य तथा समन्वय समेत गरिनेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. १,००,००,०००।- व्यवस्था गरिएको छ । यस कार्यक्रम संचालन गर्ने निकायले TOR स्वीकृत गरी गराई परामर्श सेवा खरिद गर्न सक्नेछ। सेवाप्रदायकबाट काम गर्दा सम्बन्धित निकायले कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यक्रमको व्यवस्थापकीय कार्यमा खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धिः** मानव र वन्यजन्तु विचको द्वन्द न्यूनीकरण हुने ।

## २३. कोशीटप्पु वन्यजन्तु आरक्षको मध्यवर्ती क्षेत्रमा जैविक विविधता संरक्षण तथा व्यवस्थापन (कोशी गा.पा .र बराहक्षेत्र गा.पा.) सुनसरी

मानवको संख्यात्मक वृद्धि सँगसँगै जैविक विविधता पनि संकटमा पर्दै गएको छ । जथाभावी रूपमा भएको वनजंगलको विनाशले गर्दा जमीन र पानीमा पाइने जीवजन्तु तथा वनस्पतिमा समेत असर परी जैविक विविधतामा असन्तुलन आएको छ । साथै बढ्दो शहरीकरण र औद्योगिकरणले पृथ्वीको तापक्रममा बृद्धि भई जैविक विविधतामा असर परेकोछ । त्यसैगरी जलवायु परिवर्तनले पनि यसमा प्रभाव पारेको छ । त्यसकारण पृथ्वीमा पाइने सम्पूर्ण वनस्पति र जीवजन्तुहरुको रक्षा गर्नु नै जैविक विविधता संरक्षण गर्नु हो र हामीले गरेको सानो पहल, सन्देश वा कुराले पनि जैविक विविधता संरक्षणमा ठूलो सहयोग पुग्दछ । अतः जैविक विविधता संरक्षणका लागि मूलत वातावरण संरक्षणको दिशामा प्रभावकारी कार्य गर्नुपर्ने भएको र सोको निराकरण केही हदसम्म संरक्षणमूखी जनचेतनामूलक कार्यक्रमहरु प्रभावकारी हुने भएकोले संरक्षणमूखी जनचेतनामूलक क्रियाकलापहरुलाई विशेष प्राथमिकतामा राखी यो कार्यक्रमको TOR को विकास गरी गराई TOR मा उल्लेख भए बमोजिमका आवश्यक क्रियाकलापहरु संचालन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

कोशीटप्पु वन्यजन्तु आरक्ष निकायहरू मार्फत यो कार्यक्रम संचालन गर्न सकिने छ । यस कार्यक्रम संचालन गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँग सहकार्य तथा समन्वय समेत गरिनेछ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. ३०,००,०००।- व्यवस्था गरिएको छ । कोशीटप्पु वन्यजन्तु आरक्षले TOR स्वीकृत गरी गराई परामर्श सेवा खरिद गर्न सक्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा सम्बन्धित निकायले कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ मा ब्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यक्रमको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धिः** स्थानीय जनतामा जनचेतना अभिवृद्धि भई वनस्पति, वन्यजन्तु प्रजातिको संरक्षण, तिनको वंशाणुश्रोतको संरक्षण तथा पारिस्थिकिय प्रणालीको संरक्षणमा टेवा पुग्ने ।

बद्रीराज ढुंगाना
प्रदेश सचिव

## २४. कोशीटप्पु वन्यजन्तु आरक्षमा कान्जी हाउस निर्माणमा सहयोग

यस कार्यक्रम अन्तर्गत कोशीटप्पु वन्यजन्तु आरक्षको क्षेत्र भित्र आउने छाडा घरपालुवा जनावरहरुलाई नियन्त्रण गर्नको लागि कान्जी हाउस निर्माण कार्यमा सहयोग गरिनेछ । स्थानीय तहहरुसँग आवश्यक समन्वय गरी सुहाउदो स्थल छनौट गरिनेछ । यो कार्यक्रम अन्तर्गतको बजेट कान्जी हाउस निर्माण र यस क्षेत्रको Fencing कार्यको लागि खर्च गर्न सकिने छ । यो कान्जी हाउसको व्यवस्थापन कार्य सम्बन्धित गा.पा./ न.पा. मार्फत गर्ने गराउने व्यवस्था मिलाईनेछ । साथै यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुंदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- कान्जी हाउस निर्माण भएको स्थान र निर्मित हाउसको फोटो
- कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र भारित प्रगति
- कार्यक्रमको वित्तीय प्रगति

**जनशक्ति व्यवस्थापन**

कोशीटप्पु वन्यजन्तु आरक्ष यो कार्यक्रम संचालन गर्न सकिने छ । यस कार्यक्रमको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँग सहकार्य तथा समन्वय समेत गरिनेछ ।

**बजेट ब्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु.१५,००,०००।- व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धिः** कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रमा प्रवेश गर्ने घरपालुवा जनावरको संख्यामा कमी आई अर्नाको वासस्थानमा सुधार आउने ।

## २५. प्रदेशको उत्कृष्ठ वन समूह पुरस्कार र पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना निर्माण

यस कार्यक्रम अन्तर्गत ५ किसिमका पुरस्कारहरू तोकिएका छन् (१) प्रदेशको उत्कृष्ट सामुदायिक वन समूह पुरस्कार, (२) प्रदेशको उत्कृष्ट कबुलियती वन समूह पुरस्कार, (३) प्रदेशको उत्कृष्ट साझेदारी वन समूह पुरस्कार, (४) प्रदेशको उत्कृष्ट धार्मिक वन समूह पुरस्कार र (५) प्रदेशको उत्कृष्ट निजी वन पुरस्कार । वन तथा वातावरण मन्त्रालयको सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम अन्तर्गतको कबुलियती वन उत्कृष्ठ समूह पुरस्कार र उत्कृष्ट सामुदायिक वन उपभोक्ता समूह पुरस्कार कार्यक्रमको संचालन सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ को अनुसूचीमा उल्लेखित सामुदायिक वन अनुगमनका सूचकहरुलाई आधार मानी प्रदेश नं. १ को १४ वटा जिल्ला स्थित सामुदायिक वन समुह, कवुलियती वन समूहको मूल्याङ्कन गरी डिभिजन वन कार्यालयहरुले छनौट गरिएको प्रकृयामा प्रथम पुरस्कार प्राप्त गर्ने सामुदायिक वन समुह र कवुलियती वन समूहहरु मध्येबाट उत्कृष्ट अंक प्राप्त गर्ने १-१ गोटा वन समुहलाई यो पुरस्कार प्रदान गरिनेछ । साथै छनौट प्रकृयाको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले डिभिजन वन कार्यालयद्वारा उत्कृष्ट अंक प्राप्त प्रदान भएका वन समूहहरुको स्थलगत भ्रमण समेत गर्न सक्नेछ ।

प्रदेशको उत्कृष्ठ साझेदारी वन समुह पुरस्कारको हकमा डिभिजन वन कार्यालयहरुले साझेदारी वनलाई गरेको मुल्याँकनको आधारलाई लिइने छ र सोको मापदण्ड समेत वनाउन सकिनेछ । त्यसै गरी उद्योग,



बद्रीराज ढुंगाना
प्रदेश सचिव

पर्यटन, वन तथा वातावरण मन्त्रालयले आवश्यक मापदण्डको निर्माण गरि प्रदेशको उत्कृष्ठ धार्मिक वन समुह पुरस्कारको लागि डिभिजन वन कार्यालयहरुले मन्त्रालयले बनाएको मापदण्ड बमोजिम त्यस डिभिजन वन कार्यालय अन्तर्गत दर्ता भएका धार्मिक वन समूहहरुको पूर्ण विवरण सहितको धार्मिक वनहरुले प्राप्त गरेको अंक उपलब्ध गराउनुपर्नेछ ।

त्यसै गरी निजी वन विकास निर्देशिका-२०६८ को दफा ३४ बमोजिम प्रदेश भित्र रहेका दर्ता भएका निजी वनहरु मध्येबाट पुरस्कारको मापदण्ड निर्धारण गरी प्रादेशिक उत्कृष्ठ निजी वन पुरस्कार प्रदान गरिने छ । डिभिजन वन कार्यालयहरुले मन्त्रालयले बनाएको मापदण्ड बमोजिम त्यस डिभिजन वन कार्यालय अन्तर्गत दर्ता भएका निजी वनहरुको पूर्ण विवरण सहितको निजी वनहरुले प्राप्त गरेको अंक उपलब्ध गराउनुपर्नेछ । निजी वनको मूल्याङ्कन गरी उत्कृष्ट हुने पहिलो निजी वन धनीलाई विनियोजित बजेटवाट पुरस्कार तथा प्रमाण-पत्र प्रदान गरिनेछ ।

निजी वन छनौटका आधारहरु देहाय बमोजिमको हनेछन् ।

- वृक्षारोपण गरिएको क्षेत्रफलः ५० प्रतिशत **(≤1 ha: 5 %, >1≤ 5 ha : 10 %, >5≤ 20 ha : 20 %, >20 ≤ 40 ha : 30 %, >40 ≤ 60 ha : 40 %>60 ha : 50 %)**
- वन संरक्षण तथा व्यवस्थापनको अवस्थाः ३० प्रतिशत
- सृजित रोजगारीः २० प्रतिशत

माथि उल्लेखित पुरस्कारहरु प्रदान गर्न तथा निजी वन छनौट गर्नका लागि लाग्ने खर्च (सूचना सम्प्रेषण, विज्ञापन, स्थलगत भ्रमण, बैठक खर्च आदि), पुरस्कृत व्यक्ति, संस्थाको यातायात खर्च, पुरस्कार वितरण समारोह खर्च, प्रमाणपत्र तयारी र पुरस्कार राशी आदिमा खर्च गर्न सकिनेछ । साथै यी कार्यहरू सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ तथा प्रचलित ऐन नियमको पालना गरिनेछ ।

त्यस्तै गरी यसै शिर्षकको कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालयहरुको IEE सहितको पञ्चवर्षिय वन ब्यवस्थापन कार्ययोजना निर्माणको लागि स्वीकृत लागत इष्टिमेट बमोजिमको रकम खर्च गर्न सकिनेछ । यस वर्ष उदयपुर जिल्लामा २ वटा डिभिजन वन कार्यालयको स्थापना भएको हुँदा डिभिजन वन कार्यालय उदयपुर (उदयपुर) र डिभिजन वन कार्यालय त्रिवेणी (उदयपुर) गरि जम्मा २ गोटा IEE सहितको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना निर्माण गरिनेछ । कार्ययोजना तयारीका लागि व्यवस्था भएको बजेटबाट सूचना प्रकाशन, सरोकारवालासंग छलफल, अन्तरकृया, श्रोत सर्वेक्षण, अति आवश्यक फिल्ड सामाग्री खरिद, स्टेशनरी, नक्सा फोटो खरिद, टाइपिङ प्रिन्टिङ, IEE तयारीका कार्य, कार्ययोजना स्वीकृत गर्ने कार्यालयबाट हुने पुनरावलोकन तथा समिक्षालगायतमा खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका कर्मचारीहरू परिचालन गरी यो कार्यक्रम संचालन गरिने छ । साथै डिभिजन वन कार्यालयहरु तथा निजी वन सन्जालहरूसँग आवश्यक समन्वय गरी कार्य संचालन गरिनेछ ।आवश्यक मात्रामा वन निर्देशनालयसँग समन्वय गरी कार्य संचालन गरिनेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. १३,५०,०००।- व्यवस्था गरिएको छ ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

**अपेक्षित उपलब्धिः** प्रदेश स्तरमा वन संरक्षण तथा व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याउने वन समूहहरु तथा निजी वन धनीहरू पुरस्कृत भई हौसला बढ्ने र IEE सहितको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना बमोजिम वन क्षेत्रको व्यवस्थापन हुने ।

## २६. शहरी वन, निजी वन तथा कृषि वन प्रवर्द्वन कार्यक्रम

निजी जग्गा/ सार्वजनिक जमिनको उत्पादकत्वमा सुधार ल्याई स्थानीय जनताको आयआर्जनमा सहयोग पुर्याउनका साथ साथै शहरी वनको विकास गरि सो क्षेत्रमा हरियाली कायम गर्न तथा निजी वन प्रति जनमानसमा सकारात्मक प्रभाव वृद्धि गर्नको साथै उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट संचालन तथा कार्यान्वयन हुने शहरी क्षेत्र/ सार्वजनिक/निजी जग्गामा वृक्षारोपण, तथा कृषि वन, निजी वन जस्ता कार्यक्रमहरू सफलता पूर्वक कार्यान्वयन तथा प्रवर्द्धन गर्नुको साथै प्रदेशका सवै जनतालाई यस्ता कार्यक्रमको बारेमा जानकारी दिन एवं चेतना अविवृद्धि गर्न प्रदेश स्तरमा स्थानीय मानिसहरुले वुझ्ने भाषामा पोष्टर, पर्चा, व्रोसर आदि तयार गरी वितरण/प्रदर्शन गरिनेछ । यसै कार्यक्रम अन्तर्गत शहरी वन, निजी वन तथा कृषि वन प्रवर्द्धनको लागि डकुमेन्ट्रीको समेत निर्माण गरि टेलिभिजन मार्फत प्रसारण गर्न सकिने छ । त्यसै गरी शहरी वन, निजी वन तथा कृषि वन प्रवर्द्धन सम्बन्धि रेडियो कार्यक्रम निर्माण गरी रेडियो मार्फत प्रसारण गर्न समेत सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. ३,५०,०००।- व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धिः** शहरी वन, निजी वन तथा कृषि वनको प्रवर्द्धन भइ निजी क्षेत्र स्थानीय स्तरमा हरियाली कायम गर्न प्रोत्साहित हुने ।

## २७. क्षतिपरक वन्यजन्तुको क्षति न्यूनिकरण सम्बन्धमा अध्ययन, अनुसन्धान (वन्यजन्तु प्रजातिहरू)

प्रदेशमा रहेका मानव वन्यजन्तु द्वन्द्वबाट प्रभावित क्षेत्रको नक्सांकन गर्ने, समस्याग्रस्त वन्यजन्तु पहिचान तथा सो क्षेत्रको समाजिक आर्थिक विश्लेशण समेत गरी क्षतिपरक वन्यजन्तुको क्षति न्यूनिकरण सम्बन्धमा अध्ययन, अनुसन्धान कार्य गर्नु पर्दछ । यसमा विनियोजित बजेट वन वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी सरोकारवालाहरु जस्तै जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र अन्य सम्बन्धित संस्थाका प्रतिनिधहरुसँग छलफल, अन्तरकृया गोष्ठी, बैठक आदिमा समेत खर्च गर्न सकिन्छ । साथै यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुंदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- कार्यक्रमको भौतिक तथा भारित प्रगति
- कार्यक्रमको उपलव्धी प्रभाव र असर
- अध्ययन प्रतिवेदन र कार्यक्रम सम्वन्धी फोटाहरु



बद्रीराज ढुंगाना
प्रदेश सचिव

**जनशक्ति व्यवस्थापन**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/ वन निर्देशनालय सँगको समन्वयमा यो कार्यक्रम संचालन गर्नेछ । अध्ययन अनुसन्धानको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँग सहकार्य तथा समन्वय समेत गरिनेछ ।

**बजेट ब्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. १४,००,०००।- व्यवस्था गरिएको छ । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले TOR स्वीकृत गरी गराइ अध्ययन अनुसन्धानको कार्य गर्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा मन्त्रालयले कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ मा ब्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यक्रमको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धिः** क्षतिपरक वन्यजन्तुको क्षति न्यूनिकरण सम्बन्धमा अध्ययन, अनुसन्धानले वन्यजन्तुको व्यवस्थापन तथा संरक्षण सम्बन्धि नीति नियम बनाउन सहयोग पुग्ने ।

## २८. स्थानीय स्तरमा रुद्राक्षको विस्तार, उत्पादन तथा आर्थिक योगदान सम्बन्धी अध्ययन (भोजपुर, संखुवासभा)

प्रदेश नं. १ अन्तर्गतको भोजपुर र संखुवासभा जिल्ला रुद्राक्ष खेतीको लागि प्रख्यात छ । रुद्राक्ष दानाको विक्रीबाट प्राप्त आम्दानीले वर्षेनी यी जिल्लाका स्थानीय बासिन्दाहरुको जिवनस्तरमा सुधार आइरहेको र राम्रो कमाईको माध्यम बनेको भनी आमसंचार माध्यममा समाचारहरू आउने गरेके साथै स्थानीय बासिन्दाहरुबाट बुझिन आएकोले रुद्राक्ष दानाको उत्पादनले स्थानीय स्तरमा पुऱ्याएको आर्थिक योगदानको सम्बन्धमा अध्ययन गरी अध्ययनको आधारमा हावापानी सुहाउँदो स्थानमा विस्तार गरी स्थानीय आयआर्जनमा वृद्धि गर्नको लागि अध्ययन नितान्त आवश्यक रहेको छ । यो अध्ययन भोजपुर र संखुवासभा जिल्लाका रुद्राक्ष खेती गरिएका नगरपालिका तथा गाँउपालिका अन्तर्गतका क्षेत्रहरुमा गरिनेछ । Questionaire Survey को मध्यमबाट रुद्राक्ष खेती गरिएका घरधुरीहरुको Sample लिई वा Purposive Sampling को आधारमा समेत आर्थिक योगदान सम्बन्धि अध्ययन गरिनेछ । साथै यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद नियमावली २०६४, तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- कार्यक्रमको भौतिक तथा भारित प्रगति
- कार्यक्रमको उपलव्धी प्रभाव र असर
- अध्ययनको प्रतिवेदन (पृष्ठभूमि, उद्देश्य, विधि, छलफल, निष्कर्ष र सुझाव)
- अध्ययन सम्वन्धी फोटाहरु

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. ३,००,०००।- व्यवस्था गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले TOR विकास गरी अध्ययन अनुसन्धानको कार्य गर्नेछ ।

बद्रीराज ढुंगाना
प्रदेश सचिव

**अपेक्षित उपलब्धिः** रुद्राक्ष खेतीको प्रवर्द्धनमा सहयोग पुगी आर्थिक क्षेत्रमा गरेको योगदानको लेखाजेखा गर्न मद्दत पुग्ने।

## २९. प्रस्तावित संरक्षित वन प्रर्वद्धन कार्यक्रम (तेह्रथुम ताप्लेजुङ्ग, संखुवासभा)

उल्लेखित जिल्लाहरुमा अवस्थित प्रस्तावित तिनजुरे मिल्के जलजले संरक्षित वनमा वन प्रर्वद्धन कार्यक्रमको योजना वनाई ३ वटा जिल्लाका डिभिजन वन कार्यालयहरुले यो कार्यक्रम संचालन गर्ने गराउने छन् । वन प्रर्वद्धन कार्यक्रम अन्तर्गत मुख्यतया वन, जैविक विविधता तथा वातावरण संरक्षणको क्षेत्रमा स्विकृत वजेटलाई प्रयोग गरी यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

जनशक्ति व्यवस्थापन

डिभिजन/सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, संरक्षित वन कार्यक्रमका कर्मचारी, परिषद्का सदस्यहरु, स्थानिय तह, वन उपभोक्ता समूहहरु समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. ३०,००,०००।- व्यवस्था गरिएको छ । TOR स्वीकृत गरी गराई कार्यक्रम कार्यान्वयन उपभोक्ता समूह, वन कर्मचारी वा सेवा प्रदायकबाट समेत गर्न सकिनेछ । उपभोक्ता समूह तथा परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा डिभिजन वन कार्यालयले कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यक्रमको व्यवस्थापकीय कार्यमा खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धिः** प्रस्तावित तिनजुरे मिल्के जलजले संरक्षित वनमा जैविक विविधताको संरक्षण र व्यवस्थापन हुने ।

## ३०. चुरे पहाडमा संरक्षित वन क्षेत्रको पहिचान तथा संरक्षण

चुरे पहाड भू-स्खलनको दृष्टिले अति संबेदनशील क्षेत्रमा पर्दछ । सम्बेदनशिलताका धेरै तत्व मध्ये जमिनको भिरालोपन अति महत्वपुर्ण भएकोले भिरालोपनको परिमाण (डिग्री) लाई आधार मानी वन व्यवस्थापन प्रणालीको छनौट गरिनेछ । यो क्रियाकलाप संचालनका लागि ५ गोटा संरक्षित वन क्षेत्रको पहिचान गरी उपयुक्त स्थानमा वन संरक्षण तथा व्यवस्थापन कार्य संचालन गरीनेछ । कार्यक्रम संचालन गर्दा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास तथा व्यवस्थापन गुरुयोजना २०७४, वन तथा भू-संरक्षण विभागबाट स्वीकृत कार्यविधि र निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रम अन्तर्गत Literature review, सम्भाव्यता अध्ययन सहितको कार्ययोजना निर्माण गरी सो क्षेत्रको संरक्षण कार्यमा यो बजेट खर्च गर्न सकिनेछ साथै यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्नेछ । साथै राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिसँगको समन्वय र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापनः** यो कार्यक्रमको लागि बजेट रु. ५०,००,०००।- व्यवस्था गरिएको छ । TOR स्वीकृत गरी सेवा प्रदायकबाट समेत यो कार्यक्रम संचालन गर्न सकिनेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका-२०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यक्रमको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धिः** चुरे पहाडमा संरक्षित वन क्षेत्रको पहिचान भई चुरेको जैविक विविधताको संरक्षण र व्यवस्थापन हुने ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

## अनुसूची १.१

# तराई मधेश हरियाली वन विस्तार कार्यक्रमको कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७५

पृष्ठभूमिः

१३७ वटा स्थानिय तहहरू रहेको प्रदेश नं. १ को कूल भू-भागको ४४.४३% वन क्षेत्रले ओगटेको भएता पनि जनघनत्व बढी भएको तराई क्षेत्रका दक्षिणी भू-भागमा वन क्षेत्र न्यून रहेकोले स्थानीय जनताहरुको वन पैदावरको माग बमोजिम आपूर्ति हुन नसकेको अवस्था सर्वविधित नै छ । यही अवस्थालाई मध्यनजर गर्दै नेपाल सरकारको दीर्घकालीन सोच "समृद्धिका लागि वन" बमोजिमको लक्ष्य प्राप्तिको लागि खाली रहेका निजी, पर्ती तथा सार्वजनिक जग्गामा वृक्षारोपण गरी वन क्षेत्रको विस्तार गर्दै हरियाली कायम गर्दै स्थानीयलाई वन पैदावरको आपूर्ति गर्ने हेतुले वन दशक कार्यक्रम (२०७१-२०८०) वि.स. २०७१ साल देखि यस प्रदेशको ५ जिल्लामा लागू भएको अवस्था छ ।

यसै गरी प्रदेश नं. १ अन्तर्गतको झापा, मोरङ्ग र सुनसरी बाहेकका सबै जिल्लाका स्थानीय तहहरुमा वन क्षेत्रको अवस्था राम्रो रहेता पनि झापा, मोरङ्ग र सुनसरी जिल्लाका तपशिलमा उल्लेखित कुल २१ वटा स्थानीय निकायहरुमा वनले ढाकेको क्षेत्रफल शून्य रहेको र १०% सम्म वनक्षेत्र भएको स्थानीय निकायहरु ७ वटा रहेको (वन अनुसन्धान तथा सर्वेक्षण विभाग, २०७४) अवस्था समेतको आधारमा वन दशक कार्यक्रमलाई समेत थप टेवा पुग्ने गरी झापा, मोरङ्ग र सुनसरी जिल्लाका तपशिलमा उल्लेखित २८ वटा स्थानीय तहहरु र झापा जिल्ला अन्तर्गत पर्ने शिवसताक्षि नगरपालिकामा १५.९७% वन क्षेत्र भएता पनि सो नगरपालिकाको धेरैजसो वन क्षेत्र रतुवामाई वृक्षारोपण आयोजना अन्तर्गतको वन क्षेत्र पर्ने भएको हुंदा सो नगरपालिकामा समेत यो कार्यक्रम लागू गर्ने गरी जम्मा २९ वटा स्थानीय तहहरुमा वन क्षेत्रको बृद्धि गरी हरियाली कायम गर्ने लक्ष्य सहित सो क्षेत्रका समुदायहरुमा वन पैदावारको पहुँच बढाई जीविकोपार्जनमा सहयोग पुर्याउन स्थानीय तहसँगको सहकार्यमा खाली रहेका सार्वजनिक र पर्ती तथा खेती नगरिएका निजी जग्गाहरुमा वृक्षारोपण गरी "तराई मधेश हरियाली वन विस्तार कार्यक्रम" संचालन गर्ने उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नीति बमोजिम हरियाली कायम गर्नको साथै कृषि-वन प्रवर्धन गर्न तराई मधेश हरियाली वन विस्तार कार्यक्रमको कार्यक्रम कार्यन्वयन मार्गदर्शन, २०७५ जारी गरिएको छ ।

| जिल्ला | शून्य वनक्षेत्र भएको स्थानीय निकाय | | | | १०% सम्म वनक्षेत्र भएको स्थानीय निकाय | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महानगरपालिका | उपमहानगर पालिका | नगरपालिका | गाउँपालिका | महानगर पालिका | उपमहानगर पालिका | नगरपालिका | गाउँपालिका | |
| झापा | ० | ० | २ (विर्तामोड, गौराहदह) | ३ (बाह्रदशी, गौरीगजं, झापा) | ० | ० | २ (भद्रपुर, दमक) | २ (कमल, केचनकबल) | ९ |
| मोरङ्ग | १ (विराटनगर) | ० | ३ (रंगेली, रतुवामाई, सुनवर्षी) | ५ (कटरी, जहदा, ग्रामथान, धनपालथान, बुढीगंगा) | ० | ० | २ (पथरी शनिश्चरे, उर्लाबारी) | ० | ११ |
| सुनसरी | | | २ (दुहबी, इनरुवा) | ५ (बर्जु, देवानगंज, गढी, हरिनगर, कोशी) | ० | ० | ० | १ (भोक्राहा नरसिंह) | ८ |
| जम्मा | १ | | ७ | १३ | ० | ० | ४ | ३ | २८ |



बद्रीराज ढुंगाना
प्रदेश सचिव

साथै नेपाल सरकारको दीर्घकालीन सोच "समृद्धिका लागि वन" समेतको प्राप्तिको लागि यो कार्यक्रमले टेवा पुऱ्याउने छ । यसै क्रममा आ. व. २०७५/०७६ को बार्षिक कार्यक्रममा समावेश भएका निम्नानुसारका क्रियाकलापहरु संचालन गर्न यो कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरिएको हो । तराई मधेश हरियाली वन विस्तार कार्यक्रमले मूख्यतया निम्नअनुसारका क्षेत्रलाई समेट्ने लक्ष्य लिइएको छ ।

१) एक जिल्ला पाँच प्रजाति, एक घर ५ विरुवा

२) सबै गाउँमा हरियाली, एक वडा एक वन

३) एक नगर अनेक उद्यान

४) निजी वन विकास/दर्ता प्रोत्साहन, प्रचार प्रसार तथा पुरस्कार

उपरोक्त क्रियाकलापहरुको सरकारी, गैह्रसरकारी, सामुदायिक तथा निजी क्षेत्रसंग सहकार्य गरी कार्यान्वयन गर्दा वनजन्य उत्पादनमा बृद्धि, रोजगारी सिर्जना एवम् स्थानीय समुदायको जीविकोपार्जन सुधार तथा हरियाली प्रबर्द्धन हुने अपेक्षा गरिएकोछ ।

उल्लेखित कार्यक्रमहरु संचालन गर्न तपशिलमा उल्लेखित क्रियाकलापहरु तराई मधेश हरियाली वन विस्तार कार्यक्रम संचालन तथा कार्यान्वयनको लागि यो कार्यविधि अवलम्वन गरिनेछ ।

- जिल्ला तराई मधेश हरियाली वन विस्तार कार्यक्रमको कार्ययोजना तयारी
- नगरपालिकामा उद्यान विकास गर्न सम्भाव्यता अध्ययन गरी योजना तयारी
- सामाजिक परिचालक तयारी कोचिङ्ग तथा परिचालन
- तालिम तथा गोष्ठी
- स्कूल वन हरियाली कार्यक्रम
- निजी नर्सरीबाट विरुवा खरिद
- निजी क्षेत्र, निजी वन सञ्जालसंगको समन्वयमा कृषि वन प्रबर्द्धन कार्यक्रम
- वृक्षारोपण तथा निजी वन प्रवर्द्धनका लागि प्रचार प्रसार सामाग्री प्रकाशन तथा वितरण
- विगत आ.व.को सार्वजनिक वृक्षारोपणमा पुनःरोपण, गोडमेल र घेराबेरा मर्मत र संरक्षण खर्च अनुदान
- आ.व. २०७१/०७२ बाट संचालन भएको वन दशक कार्यक्रमको प्रभावकारिताको अध्ययन अनुसन्धान
- बहुबर्षे बिरूवा उत्पादनका लागि स्थायी नर्सरी निर्माण
- निजी नर्सरी स्थापना सहयोग
- नर्सरी मर्मत, सम्भार तथा स्तरोन्नती
- वृक्षारोपण गरिएका क्षेत्र तथा निजी वनको अनुगमन तथा मूल्यांकन गरी पुस्तिका तयारी तथा प्रकाशन

## १. एक जिल्ला पाँच प्रजाति, एक घर ५ विरुवा

नेपालको कृषिप्रणालीमा वनको प्रत्यक्ष सम्वन्ध रहेको छ । ग्रामिण जनताको ठूलो हिस्सा अझै पनि परम्परागत उर्जा स्रोतमा नै निर्भर छ । केहि बर्ष यता निजी क्षेत्रले पनि वृक्षारोपणमा चासो राख्दै आएको पाईन्छ । काठ, दाउराको आपूर्तिमा वनक्षेत्र बाहिरका निजी रुख वा वनबाट हुने योगदान उल्लेखनिय देखिन्छ । त्यसैगरि शहरी क्षेत्रका बासिन्दामा पनि वृक्षारोपण प्रतिको चाहना बढ्दै गइराखेको छ । थोरै



बद्रीराज ढुंगाना
प्रदेश सचिव

जग्गा भए पनि दुई चार बोट बिरुवा घर कम्पाउण्डमा लगाउने प्रचलन बढेको छ । जनताको यही आवश्यकता र चाहनालाई कदर गर्दै यो एक जिल्ला पाँच प्रजाति, एक घर ५ विरुवा कार्यक्रम ल्याइएको छ । मुख्य गरेर महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाँउपालिकाहरुको वडाहरुलाई आधार लिई दुवै ग्रामिण र शहरी क्षेत्रमा यो कार्यक्रम सञ्चालन गरिने छ । यो कार्यक्रम अन्तर्गत मुख्य गरेर टिक (*Tectona grandis*), सिसौ, अमला, रुख कटहर र सोहिजन/मोरिङ्गाका विरुवाहरु उत्पादन/खरिद गरी वितरण गरिनेछन् । यो कार्यक्रमले ग्रामिण तथा शहरी क्षेत्रमा हरियाली प्रवर्द्धन गराई स्वच्छ वातावरण कायम गरी कृषकहरुलाई व्यवसायिक रुपमा माथि उल्लेखित बोटविरुवाको रोपण तर्फ आकर्षित गराई निजी वन प्रर्वधन र विकास गराई खाद्य सुरक्षाको प्रत्याभूत समेत गराउने अपेक्षा गरिएकोछ ।

गाँउपालिका तथा महा/उपमहा/नगरपलिकाहरुको वडा छनौटका आधारहरु

- वनक्षेत्रबाट टाढा रहेका
- रुख विरुवा नभएका तथा अत्यन्तै कम भएका
- वन पैदावारको अभाव भएका समुदायहरु
- विरुवाको अत्यन्तै माग भएको क्षेत्र
- पूर्व पश्चिम लोकमार्ग देखि दक्षिणी क्षेत्र

जिल्लाका गाँउपालिका तथा गाँउपालिका तथा महा/उपमहा/नगरपलिकाका वडा छनौट, कार्यक्रमको प्रभावकारिता अनुगमन तथा मूल्यांकन जस्ता कार्यहरुमा स्थानीय तहको प्रमुख तथा वडा अध्यक्षसँग आवश्यक सल्लाह सुझाव लिइ सहजिकरण गर्न सकिनेछ । यस कार्यक्रम अन्तरगत छनौट भएका वडाहरुमा निजी जग्गामा वृक्षारोपणको लागि पर्याप्त विरुवाको व्यवस्था गरिने छ । यसको साथै कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन र सहजीकरण गर्न यो कार्यक्रम लागु हुने प्रत्येक स्थानीय तहमा एक एक जना वन सामाजिक परिचालक परिचालन गरिने छ ।

यसरी वृक्षारोपण गर्दा प्रति घरधुरीलाई जग्गाधनीको अभिलेख राखी ग्रामीण क्षेत्रमा बढीमा २५० विरुवा र शहरी क्षेत्रमा बढीमा २५ विरुवा निशुल्क उपलब्ध गराइनेछ । सो भन्दा बढी विरुवा माग गर्ने व्यक्तिले विरुवा लिन आउनु पूर्व वृक्षारोपणको प्रस्ताव पेश गर्नु पर्नेछ । प्रस्तावसँग माग गरेको संख्याका विरुवा रोप्न निजसंग पर्याप्त जग्गा भएको प्रमाण (जग्गा धनिपूर्जाको नक्कल) पेश गर्नु पर्नेछ । यस कार्यमा गाउँमा खटिने वन सामाजिक परिचालकले सहजिकरण गर्ने छन् । यसरी प्रस्तावहरु प्राप्त भए पछि डिभिजन वन कार्यालयले छानविन गरी वृक्षारोपण गर्न लागेको क्षेत्रमा कुन प्रजातिको कति विरुवा रोप्न उपयुक्त हुने हो सोही अनुसार विरुवा वितरण गर्नुपर्नेछ । यसरी डिभिजन वन कार्यालयहरुले विरुवा वितरण गरी रोपिएका विरुवाहरुको अवस्था झल्किने गरी GPS Location सहितको अभिलेख राख्नु पर्दछ । आगामी बर्षहरुमा बिरुवा संरक्षण अनुदान प्राप्तगर्न सो अभिलेख सबै घरधुरीले समेत राख्नुपर्नेछ ।

यस कार्यक्रम अन्तरगत निम्न क्रियाकलाप हुने छन् ।

- स्थान र घरधुरी छनौट
- विरुवा उत्पादन र खरिद
- विरुवा ढुवानी
- प्राविधिक सहयोग
- होडिंग बोर्ड
- अनुगमन तथा अभिलेखिकरण



बद्रीराज ढुंगाना
प्रदेश सचिव

१.१ स्थान र घरधुरी छनौट

संभावित क्षेत्र पहिचानको लागि सम्बन्धित स्थानीय तहहरुसँग अन्तरकृया, जिल्ला वन क्षेत्र समन्वय समिति (DFCC) सँग परामर्श, छनौट भएका स्थानीय तहका वडाहरुको भ्रमण, छलफल, अन्तरकृया र छनौट भएका घरधूरी र प्रस्तावित बृक्षारोपण क्षेत्रको अवस्थिती (GPS Location) लिई, अनुसूची १.१ (क) अनुसारको निवेदन फारम भरी संकलन गर्नु पर्दछ। यसवाट प्राप्त तथ्यांकलाइ विश्लेषण गरी प्राथमिकता तथा आवश्यकताका आधारमा कार्यक्रम संचालनको लागि क्षेत्र छनौट गरिनेछ । यसमा छुट्याइएको बजेट आवश्यकता तथा औचित्यको आधारमा भ्रमण तथा बास खर्च, चिया, खाजा र ईन्धन आदिमा खर्च गर्न सकिनेछ ।

१.२ बिरुवा उत्पादन/ खरिद

विरुवा उत्पादन डिभिजन/सब-डिभिजन वन नर्सरी तथा अन्य नर्सरीहरुबाट (स्थायी र अस्थायी) गरिनेछ । विरुवा उत्पादन गर्दा वृक्षारोपण क्षेत्रमा रोपण गर्न उपयुक्त तोकिएका प्रजातिका विरुवा उत्पादन गर्नुपर्ने छ । गुणस्तरीय विरुवा उत्पादन गर्न वनको मलिलो माटो लगायत उपयुक्त सामाग्री तथा प्रविधि प्रयोग गर्नुपर्दछ । विरुवा उत्पादन गर्दा Nursery bed मा अनिवार्य रुपमा प्रजाती अनुसार Tagging, Seed sown date र polybag seddling transplant date राखेको हुनुपर्दछ । त्यसै गरी नर्सरीमा उत्पादन हुने विरुवाहरुको जैविक भौतिक तथ्याङ्कहरु जस्तै seed source, presowing treatment, germination percent, plant percent, average height and diameter (at root collar region) of seedlings तथा नर्सरीमा भएका विरुवाहरुमा गरिएको अन्य सम्पूर्ण गतिविधिहरुको तथ्याङ्कहरुको अभिलेखिकरण राखी सो तथ्याङ्कहरु समय समयमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र वन निर्देशनालयमा पठाउनु पर्नेछ ।

डिभिजन/सव-डिभिजन वन कार्यालय अन्तर्गत रहेका नर्सरीबाट विरुवा उत्पादन गर्न नसकिएमा स्वीकृत नर्मसको अधिनमा रही निजी क्षेत्रका नर्सरीहरुसँग विरुवा खरीद गरी वितरण समेत गर्न सकिनेछ । यसरी निजी नर्सरीवाट विरुवा खरिद गर्दा वृक्षारोपण क्षेत्र तथा विरुवा वितरण गर्ने किसानहरुलाई पायक पर्ने स्थानका नर्सरीहरुसँग गुणस्तरिय विरुवा उत्पादन गर्न नर्सरी धनीसंग नियमानुसार सम्झौता गरी विरुवा खरिद गर्नु पर्नेछ । जिल्लामा उत्पादन र खरिद गरिने विरुवाको गुणस्तर अनुगमन गर्न जिल्लामा डिभिजनल वन अधिकृतको संयोजकत्वमा तीन सदस्यीय प्राविधिक समिति गठन गरिनेछ। यस समितिले विरुवा उत्पादनकर्तालाई समय समयमा आवश्यक सुझाव दिनुको साथै उत्पादनको प्रारम्भिक अवस्था देखि रोपणको लागि विरुवा तयार हुँदा सम्मको फोटो सहितको अनुगमन विवरण (कुन मितिमा के काम भएको थियो र उम्रेका विरुवाको उचाई समेत) तयार गरि प्रमाणित गरि अभिलेख राख्नुपर्नेछ । यसरी विरुवा खरिद गर्दा विरुवाको गुणस्तर जाँच गरी सम्झौतामा उल्लेखित प्रजातिका विरुवा खरिद गर्नुपर्दछ र उक्त विरुवा कसलाई बितरण गरियो र कहाँ रोपिएका हुन सो को अभिलेख समेत राख्नुपर्दछ ।

१.३ बिरुवा ढुवानी

नर्सरीवाट बृक्षारोपण गरिने क्षेत्रसम्म विरुवा ढुवानी गर्न यो रकम खर्च गरिनेछ । बिरुवा ढुवानी गर्दा स्वीकृत नर्मस् र जिल्ला दररेट अनुसार गर्नुपर्नेछ ।

१.४ संरक्षण अनुदान

यो कार्यक्रम अन्तर्गत बिरुवा रोपण गर्ने जग्गाधनीहरुलाई वृक्षारोपण क्षेत्रको व्यवस्थापनमा आधारित रही बाँचेका बिरुवाको संख्याको आधारमा संरक्षण प्रोत्साहन स्वरुप प्रति बिरुवा स्वीकृत संरक्षण अनुदान रकम प्रति वर्ष उपलब्ध गराइनेछ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयमा संरक्षण अनुदान सम्बन्धी प्रस्ताव पेश गरी बिरुवा रोपण गर्ने जग्गाधनीहरुलाई संरक्षण प्रोत्साहन स्वरुप प्रति बिरुवा प्रति वर्ष उपलब्ध गराइने रकम स्वीकृत गराई यो संरक्षण अनुदान तीन वर्ष सम्म उपलब्ध गराइने छ । सम्बन्धित सव-डिभिजन वन कार्यालयको अनुगमन प्रतिवेदनको आधारमा अनुदान स्वरुप यो रकम उपलब्ध गराइनेछ । यो संरक्षण अनुदान प्राप्त गर्ने जग्गाधनीहरुले सव-डिभिजन वन कार्यालयलाई जानकारी नदिई आफूखुसी यो कार्यक्रम अन्तर्गत रोपण गरिएका विरुवाहरु मास्न तथा काट्न पाइने छैन ।

१.५ प्राबिधिक सहयोग

वृक्षारोपण (एक जिल्ला पाँच प्रजाति, एक घर ५ बिरुवा; सबै गाउँमा हरियाली, एक वडा एक वन; र एक नगर अनेक उद्यान) कार्यमा डिभिजन वन कार्यलय (डि.व.का.) ले प्राविधिक सहयोग पुऱ्याउने छ । यसमा वृक्षारोपण गरिने स्थान (नक्सा समेत) र बिरुवा छनौट, अन्तरकृया, वृक्षारोपण तथा वृक्षारोपण अनुगमन अभिलेख तयार गर्नको लागि आवश्यक सवै स्थलगत प्राविधिक सहयोग डि.व.का. वाट पुऱ्याउनु पर्नेछ । यस शीर्षक अन्तरगतको रकम उपरोक्त अनुसारको कार्य सम्पादन गर्न डि.व.का.को विद्यमान जनशक्तिबाट पर्याप्त नहुने भएमा केही समयको लागि (अति व्यस्त समयमा) सेवा प्रदायकको (वन प्राविधिक) सेवा लिन सकिनेछ । यस अतिरिक्त आवश्यकता अनुसार फिल्डमा आवश्यक पर्ने औजार जस्तै टेप, जि.पि.एस. नक्सा खरिद आदिमा समेत यो रकम खर्च गर्न सकिनेछ । उपरोक्त कार्य सम्पादन गर्न औचित्यको आधारमा भ्रमण तथा बास खर्च, चिया खाजा खर्च, ईन्धन तथा मसलन्द आदिमा समेत यस शीर्षक अन्तर्गतको बजेट खर्च गर्न सकिनेछ ।

१.६ होर्डिङ बोर्ड

तराई मधेश हरियाली वन विस्तार कार्यक्रम अन्तर्गत बृक्षारोपण गरिएको स्थानीय तहहरुमा आर्थिक बर्ष, बृक्षारोपण गरिएको प्रजाति, बिरुवा संख्या, क्षेत्रफलको विवरण र बुंदा नं. १.७ मा बनाईएको नक्शा अनुसार बृक्षारोपण गरिएको स्थान समेत देखिने गरी होर्डिङ बोर्ड राख्नु पर्नेछ । होर्डिङ बोर्ड बनाउँदा कम्तिमा ५ फिट × ३ फिटको बाक्लो टिनको पातामा पेन्ट गरी राख्नुपर्नेछ ।

१.७ अनुगमन अभिलेखीकरण

बृक्षारोपण गर्नुभन्दा पहिला र बृक्षारोपण पछाडि गरिएका क्रियाकलापहरुको समय समयमा अनुगमन गर्ने, बृक्षारोपण गरिएको स्थानको अवस्थिति (GPS Location समेत) र संलग्न घरधूरीको विवरण, रोपिएका प्रजातिहरुको बिस्तृत विवरण र सो ठाउँमा कति बिरुवा बचेको हो (Survival rate) सो को समेत विवरणहरु र वृक्षारोपण गरिएको क्षेत्रहरुको नक्शांकन अद्यावधिक गरी अभिलेखिकरण तयार गर्नु पर्दछ । अभिलेखिकरण पश्चात त्यसको Digitization गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालयलाई समेत सो Digitized data उपलब्ध गराउनु पर्नेछ । नियमित अनुगमन गरी सोको अनुगमन प्रतिवेदन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र वन निर्देशनालयमा पठाउनु पर्नेछ । यी शीर्षक



बद्रीराज ढुंगाना
प्रदेश सचिव

अन्तर्गत रहेको वजेट उपरोक्त अनुसारका कार्य सम्पादन गर्न लाग्ने सामाग्री, सेवा (ज्याला, पारिश्रमिक), मसलन्द, भ्रमण, खाजा, ईन्धन आदिमा औचित्यका आधारमा खर्च गर्न सकिनेछ ।

## २. सबै गाउँमा हरियाली, एक वडा एक वन

ऐलानी, पर्ती तथा सार्वजनिक जग्गाहरु त्यत्तिकै खेर गईरहेको हुँदा वृक्षारोपणको मध्ययबाट उत्पादनशिल बनाउन सकिएमा स्थानीय जनताको घांसपात, काठ दाउरा जस्ता वनपैदावारको माग आपूर्तिमा टेवा पुगी प्राकृतिक वनमा परिरहेको चापलाई कम गर्नको साथ साथै जैविक विविधता संरक्षणमा, पानी मुहान संरक्षण, भू-क्षय नियन्त्रणमा समेत उल्लेखनिय योगदान पुगी हरित अर्थतन्त्रमा समेत सकारात्मक असर पार्ने देखिन्छ । अतः तराई मधेश हरियाली वन विस्तार कार्यक्रम लागू भएका स्थानीय तहहरुका सबै गाँउहरुमा हरियाली कायम हुने गरी एक वडामा कमसेकम एक वनको विकास तथा विस्तार गर्ने लक्ष्य सहित यो कार्यक्रम लागू गरी स्थानीय तह भित्र रहेका सार्वजनिक, सरकारी, ऐलानी, पर्ति वा खाली जग्गामा वृक्षारोपण गरी कम्तिमा एक गाँउमा एक वन बनाउन जोड दिइनेछ । साथ साथै वृक्षारोपण गरिने वनको क्षेत्रफल ०.५ हेक्टर भन्दा बढी हुनु पर्नेछ । खोलाको किनारमा वृक्षारोपण तथा Shelterbelt हरु को निर्माण गर्ने हो भने वृक्षारोपण गरिने जग्गाको चौडाई २० मिटर भन्दा बढी र क्षेत्रफल ०.५ हेक्टर भन्दा बढी हुनुपर्नेछ ।

यस कार्यक्रम अन्तर्गत गरिने क्रियाकलापमा शैक्षिक संस्थाहरुको जग्गा, अन्य संघ संस्था वा संस्थानका स्वामित्व भएका जग्गालाई समेत समेटन सकिनेछ । यसै गरी दुई वा सो भन्दा बढी घरधुरी मिलेर ठूलो चक्लामा निजी वन लगाउन वा समूहगत रुपमा खोला नदीले बगाएको निजी जग्गामा वृक्षारोपण गर्न चाहेमा यस कार्यक्रम अनुसार प्राप्त हुने सहुलियत उपलब्ध गराइनेछ ।

एक गाउँ एक वन कार्यक्रम अन्तरगत सञ्चालन हुने क्रियाकलापहरु

- सरोकारवालाहरुसँग छलफल र अन्तरकृया गोष्ठी
- विरुवा उत्पादन तथा खरिद
- विरुवा ढुवानी
- वक्षारोपण (घेराबेरा, गोडमेल, पुनरोपण, हेरालु आदि)
- अनुगमन, अभिलेखिकरण
- संरक्षण अनुदान
- वृक्षारोपण क्षेत्रमा होर्डिंग बोर्ड

### २.१ सरोकारवालाहरूसँग छलफल तथा अन्तरकृया गोष्ठी

तराई मधेश हरियाली वन विस्तार कार्यक्रम लागू भएका स्थानीय तहमा सव-डिभिजनका कर्मचारीहरु, स्थानीय तहका जनप्रतिनिधी, स्थानीय तहका वातावरण शाखाका कर्मचारीहरु, वन तथा वातावरण क्षेत्रमा काम गरीरहेका गैरसरकारी संस्थाहरु, पत्रकार तथा अन्य सम्बन्धित सरोकारवालाहरुसँग यस कार्यक्रमबारे अन्तरकृया गोष्ठी संचालन गरिनेछ । यही कार्यक्रम संग अन्तर्निहित रहि आ.व. २०७४/ ०७५ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको स्वच्छ, सुन्दर र हरियाली प्रदेश बनाउन स्थानीय सरकारी एवं विभिन्न गैरसरकारी संघ संस्थानहरुसँग समन्वय बैठक (गोष्ठी) यो कार्यक्रम लागू हुने झापा, मोरङ्ग र सुनसरी जिल्लाका स्थानीय तहका जनप्रतिनिधीहरु, स्थानीय तहका वातावरण शाखाका कर्मचारीहरु, वन तथा वातावरण क्षेत्रमा काम गरिरहेका गैरसरकारी संस्थाहरुसँग तराई मधेश हरियाली वन विस्तार कार्यक्रमको उद्धेश्य सहितको भावी कार्यनीतिको सन्दर्भमा आवश्यक छलफल भई ३ गोटा गोष्ठी संचालन भैसकेको हुँदा



भद्रीराज ढुंगाना
प्रदेश सचिव

यो कार्यक्रमको सामान्य औचित्य सहित नदी उकास क्षेत्रको पहिचानको साथ साथै पर्ती ऐलानी तथा सार्वजनिक जग्गाहरुमा वृक्षारोपण सम्भाव्यता अध्ययनबाट प्राप्त प्रारम्भिक प्रतिवेदनको मस्यौदा माथि आवश्यक छलफल गरी अन्तिम रुप दिई वृक्षारोपण गरिने क्षेत्र सहितको स्थानीय तहका वडा तय गर्नुपर्छ । यसै गोष्ठीमा कुनकुन वडामा कुनकुन साल (वर्ष) कार्य गरिने हो सोको विस्तृत छलफल गरी एउटा खाका तयार गरिनेछ । यसले स्पष्ट खाका तयार भई सोही अनुसार प्रत्येक वर्ष कार्यक्रम संचालनमा सहयोग पुग्नेछ । यसका लागि विनियोजित रकम गोष्ठीमा सहभागीहरुलाई दैनिक भत्ता, सेसन फि, चियाखाजा, व्यानर, मसलन्द, इन्धन आदिमा खर्च गर्न सकिनेछ ।

२.२ बिरुवा उत्पादन/ खरिद

विरुवा उत्पादन गर्दा वृक्षारोपण क्षेत्रमा रोपण गर्न उपयुक्त प्रजाति र सो क्षेत्रका किसानहरुले वढी माग गर्ने प्रजातिहरु पहिचान गरी सोहि प्रजातीका वहुवर्षिय विरुवा उत्पादन गर्नुपर्ने छ । ठाउँ उपयुक्त प्रजातीका बिरूवा उत्पादन गर्नको लागि वृक्षारोपण गरिने क्षेत्रको माटो परिक्षण समेत गर्नुपर्नेछ । गुणस्तरीय विरुवा उत्पादन गर्न वनको मलिलो माटो लगायतका उपयुक्त सामाग्री तथा प्रविधि प्रयोग गर्नुपर्दछ । विरुवा उत्पादन डिभिजन/सव-डिभिजन वन नर्सरी तथा अन्य स्थायी नर्सरीहरुवाट गरिनेछ । डिभिजन/सव-डिभिजन वन कार्यालय अन्तर्गत रहेका नर्सरीबाट विरुवा उत्पादन गर्न नसकिएमा स्वीकृत नर्मसको अधिनमा रही निजी क्षेत्रका नर्सरीहरुसँग बिरुवा खरीद गरी वितरण समेत गर्न सकिनेछ । अन्य यसै कार्यविधिको दफा १.२ अनुसार नै गरिनेछ ।

२.३ बिरुवा ढुवानी

यसै कार्यविधिको दफा १.३ अनुसार नै गरिनेछ ।

२.४ वृक्षारोपण (घेराबेरा, गोडमेल, पुनरोपण, हेरालु आदि)

वृक्षारोपण तथा संरक्षणका कार्यहरु स्वीकृत नर्मस अनुसार कार्यान्वयन गरिनेछ । यस कार्यक्रम अन्तर्गत वृक्षारोपणको लागि उपलव्ध जग्गाहरु गाउँमा भएका सार्वजनिक पर्ति जग्गा, नदी उकासवाट प्राप्त जग्गाहरु भएकोले यस्ता बृक्षारोपणको व्यवस्थापनका लागि स्थानीय संघ संस्थाको परिचालन गरी, उपभोक्ता समूहको गठन गरी वा बिपन्न वर्गको समूह गठन गरी केही समयको लागि अन्तरवाली लगाउन दिई सोही समूह मार्फत् बृक्षारोपण संरक्षण एवं व्यवस्थापन समेत गर्न सकिनेछ। वृक्षारोपण सफल वनाउन सम्भव भए सम्म सवै (घेराबेरा, गोडमेल, पुनरोपण, सिंचाई, हेरालु आदि) उपाय अवलम्वन गरिनु पर्दछ । बृक्षारोपण गर्नु अघि जग्गाको स्वामित्व भएको निकाय र संघसंस्था वा समूह बीच संझौता गर्नुपर्नेछ । बस्ती देखि टाढा रहेका वृक्षारोपण गरिने क्षेत्रमा बृक्षारोपण एवं यसको व्यवस्थापन सेवा प्रदायक मार्फत समेत गर्न सकिनेछ। वृक्षारोपण क्षेत्रको संरक्षण वृक्षारोपण संरक्षणको लागि घेराबेरा लगाउंदा सकेसम्म स्थानीय रुपमा उपलव्ध जैविक सामाग्री सजिवन, निलकांडा, बाँस आदिको प्रयोग गर्नुपर्दछ र वन हेरालुको व्यवस्था मिलाउनु पर्दछ।

२.५ अनुगमन अभिलेखीकरण

यसै कार्यविधिको दफा १.७ अनुसार नै गरिनेछ ।

२.६ संरक्षण अनुदान



बद्रीराज ढुंगाना
प्रदेश सचिव

यसमा वन व्यवस्थापन/संरक्षण गर्न जिम्मा पाएको संघ-संस्था, उपभोक्ता समूह, सेवा प्रदायक वा हेरालुलाई वृक्षारोपण क्षेत्रको व्यवस्थापनमा आधारित रही बाँचेका बिरुवाको संख्याको आधारमा संरक्षण प्रोत्साहन स्वरुप यसै कार्यविधिको दफा १.४ अनुसार संरक्षण अनुदान उपलब्ध गराइने छ ।

२.७ वृक्षारोपण क्षेत्रमा होर्डिङ बोर्ड

बृक्षारोपण गरिएको स्थानमा बृक्षारोपण गरिएको आ.व. बमोजिम बृक्षारोपणको नक्सा सहितको अन्य विवरण, लागत खर्च आदिको विवरण उल्लेख गरि होर्डिङ बोर्ड राख्नुपर्नेछ । होर्डिङ बोर्ड ५ फिट × ३ फिटको बाक्लो टिनको पातामा पेन्ट गरी बनाउनुपर्नेछ ।

नोटः तराई मधेश हरियाली वन विस्तार कार्यक्रम अन्तरगत कार्यक्रम लागू भएका स्थानीय तहहरुमा निजी र सार्वजनिक स्थानमा व्यापक वृक्षारोपण गर्ने उद्देश्य राखिएको छ । त्यसैले वार्षिक कार्यक्रममा "एक जिल्ला पाँच प्रजाति, एक घर ५ विरुवा" र "सबै गाउँमा हरियाली, एक वडा एक वन" कार्यक्रम अन्तर्गत वृक्षारोपणको लागि छुट्याईएका विरुवा अपर्याप्त भएमा (जनताको माग वढी भएमा) यसै कार्यक्रम अन्तर्गतका अन्य शीर्षकबाट उत्पादित/खरिद गरिने विरुवाहरु वा अन्य कार्यक्रमवाट उत्पादित/खरिद गरिने विरुवाहरु उक्त क्षेत्रमा प्रयोग गर्न सकिनेछ ।

## ३. एक नगर अनेक उद्यान कार्यक्रम

बढ्दो शहरीकरणसँगै नगर क्षेत्रमा वायु र ध्वनी प्रदूषणको मात्रा बढ्दै गइरहेको छ । नगर क्षेत्रमा बस्ने मानिसलाई सौन्दर्य एवम् प्रदूषणमुक्त वातावरणमा केही समय बिताउन र वालबच्चाहरुको खेल्ने ठाँउ समेतको अभाव खट्केको छ । हरियाली बिनाको शहर उजाड र उराठलाग्दो हुन्छ । त्यसैले नगर भित्र रहेका सार्वजनिक जग्गालाई स्थानीय निकायको समन्वयमा उद्यानका रुपमा विकास गरी रमणिय स्थलको रुपमा विकास गर्न यो कार्यक्रम ल्याइएको हो । डिभिजन वन कार्यालय र महा/उप/नगरपालिकाकाको संयुक्त सहकार्यमा यो कार्यक्रम संचालन हुनेछ ।

नगरपालिकाहरुलाई प्राथमिकीकरण गर्ने आधार निम्नानुसार हुनेछन्

- सार्वजनिक पर्ति जग्गा प्रशस्त भएका
- रुख विरुवा अत्यन्तै कम भएका

सञ्चालन गरिने कृयाकलापहरु

- उद्यान विकासको सम्भाव्यता अध्ययन सहितको कार्ययोजना निर्माण
- विरुवा उत्पादन/ खरिद, ढुवानी, वृक्षारोपण, संरक्षण
- संरचना निर्माण (वस्ने फलैचा, धारा, वाटो, वच्चाहरु खेल्ने स्थान)

३.१ उद्यान विकासको सम्भाव्यता अध्ययन सहितको कार्ययोजना निर्माण

यो कार्यक्रम लागु हुने क्षेत्रहरुमा उद्यानको विकास गर्न सकिने क्षेत्रहरुको सम्भाव्यता अध्ययन गरिनेछ । स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरु र सम्बन्धित सरोकारवालाहरुसँगको आवश्य छलफल तथा सहकार्यमा यो सम्भाव्यता अध्ययन गरिनेछ । स्कूल, कलेजको जग्गा, अन्य सरकारी वा संस्थानका स्वामित्व भएका जग्गालाई समेत उद्यानको रुपमा विकास गर्न सकिनेछ । सेवा प्रदायक मार्फत समेत यो उद्यान विकासको सम्भाव्यता अध्ययन गर्न सकिनेछ ।

बद्रीराज ढुंगाना
प्रदेश सचिव

सम्भाव्यता अध्ययनले औंल्याएका तथा प्रस्तावित गरिएका उद्यान निर्माण क्षेत्रहरु मध्येबाट माथिका छनौट प्रकृया अपनाई प्रत्येक वर्ष १ गोटा उद्यान विकासको कार्ययोजना निर्माण गर्नुपर्दछ । कार्य योजनामा कुन जातका के कति बिरुवा कति दुरीमा लगाउने, वन व्यवस्थापन तथा संरक्षणको व्यवस्था के कसरी गर्ने, कस्ता संरचना निर्माण गर्ने, कुन कुन संस्था वा व्यक्तिसंग सहकार्य गर्ने, महा/उप/नगरपालिकाले के के विषयमा सहयोग गर्ने र संरक्षण कसरी गर्ने आदि सबै कुरा स्पष्ट रुपमा उल्लेख हुनपर्दछ । छनौट गरिएको सार्वजनिक पर्ति तथा सरकारी जग्गामा यदि रुख बिरुवा छन् भने सो को व्यवस्थापनका बारेमा समेत कार्ययोजनामा उल्लेख हुनपर्दछ । कार्ययोजना तयारीको काम सेवा प्रदायक मार्फत वा डिभिजन वन कार्यालय र महा/उप/नगरपालिका दुवैले संयुक्त रुपमा गर्न सक्नेछन् । सेवा प्रदायक मार्फत काम गर्दा उक्त सेवा प्रदायकसंग वन सम्वन्धी ज्ञान वा वन प्राविधिक भएको हुनुपर्नेछ । विस्तृत कार्ययोजना तयार गरी महा/उप/नगरपालिकाका प्रमुखवाट स्वीकृत गरी लागू गर्न सकिनेछ ।

३.२ विरुवा उत्पादन/खरिद, ढुवानी, वृक्षारोपण, संरक्षण

कार्ययोजना अनुसार उद्यान निर्माण गर्न आवश्यक संख्या र उपयुक्त प्रजातिका विरुवा स्वीकृत नर्मस अनुसार उत्पादन वा खरिद गर्न सकिने छ । उद्यानमा रोपिने विरुवा ठूला (कम्तिमा ५ फिट देखि ६ फिट अग्ला) र सौन्दर्य प्रदायक हुनु पर्नेछ । वृक्षारोपण संरक्षणको लागि उपयुक्त किसिमको व्यवस्थापन (घेराबेरा, हेरालु, सिंचाई आदि) को समुचित व्यवस्था मिलाउनु पर्नेछ ।

३.३ संरचना निर्माण (वस्ने फलैचा, धारा, वाटो, वच्चाहरुले खेल्ने स्थान आदि )

उद्यान निर्माण सँगै सो क्षेत्रमा डुल्न/घुम्न आउने मानिसहरुको लागि आवश्यक पर्ने बाटो, धारा, र बस्ने फलैचाहरु निर्माण गरिनेछन् । साथ साथै सोही स्थानमा स-साना केटाकेटीहरुको लागि छुट्टै खेल्ने ठाउँ निर्माण गरिने छ र खेल्ने संरचनाको समेत विकास गरिनेछ । साथै उद्यानको निर्माण पश्चात सो उद्यान सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिनेछ ।

**४. निजी वन विकास/दर्ता प्रोत्साहन, प्रचार प्रसार तथा पुरस्कार**

तराई मधेश हरियाली वन विस्तार कार्यक्रममा निजी वन विकासलाई महत्वका साथ राखिएको छ । केहि वर्षयता कृषकहरु वन बालीमा आकर्षित हुंदै गएको पाईन्छ । तर जटिल प्रकृयाका कारण निजी वनको वन पैदावार उपभोगमा अनेक झन्झट हुने गरेकोछ । निजी वन प्रति आकर्षित गर्न किसानहरुलाई प्रोत्साहित गर्नु आवश्यक छ । त्यसैले यस कार्यक्रम अन्तरगत निजी क्षेत्रमा वन विकास गर्न बिभिन्न क्रियाकलापमा सहुलियत दिइनेछ । जिल्लामा धेरै निजी वन भए पनि डिभिजन वन कार्यालयमा दर्ता प्रक्रियामा आएको पाइदैन । त्यसैले यस कार्यक्रम अन्तर्गत यस्ता वनहरुको दर्ता गर्ने विशेष कार्यक्रम रहेको छ । निजी वन दर्ताको लागि विभिन्न मध्ययमबाट (टिभी, एफ.एम.,पत्रिका) प्रचार प्रसार गरिनेछ । आवश्यकता अनुसार स्थानीय हाट वजारमा माइकिङ्ग, प्रवचन आदि समेत गर्न सकिने छ ।

साथ साथै निजी वन दर्ता गर्नको लागि चाहिने जग्गा धनीपूर्जाको नक्कल, नागरिकता, नापी नक्सा आदि साथ निवेदन प्राप्त भएमा निजी वन दर्ताको लागि आवश्यक पर्ने प्राविधिक सहयोग जस्तै निजी वनको नाप नक्सा, रुख विरुवाको नाप जाँच गरी लगत, सर्जमिन मुचुल्का सहितको कार्ययोजना निर्माण गरी निःशुल्क रुपमा डिभिजन वन कार्यालयले नियमानुसार निजी वन दर्ता गर्नेछ ।

त्यसै गरी निजी जग्गामा वृक्षारोपण गर्ने तथा निजी वन जंगलको संरक्षण तथा व्यवस्थापनमा महत्वपूर्ण योगदान पुर्याउने निजी वन धनीहरूलाई पुरस्कृत गरी निजी क्षेत्रलाई स्थानीय स्तरमा हरियाली कायम गर्न



बद्रीराज ढुंगाना
प्रदेश सचिव

प्रोत्साहित गराउनको लागि निजी वन पुरस्कारको अवधारणा अनुरूप निजी वन विकास निर्देशिका २०६८ को दफा ३४ बमोजिम जिल्ला भित्र रहेका दर्ता भएका निजी वनहरु मध्येबाट यो कार्यक्रमको मापदण्ड निर्धारण गरी उत्कृष्ठ निजी वन पुरस्कार प्रदान गरिने छ । निजी वनको मूल्याङ्कन गरी उत्कृष्ट हुने पहिलो, दोश्रो र तेश्रो समूहलाई विनियोजित बजेटवाट पुरस्कार तथा प्रमाण-पत्र प्रदान गरिनेछ । माथि उल्लेखित पुरस्कारहरु प्रदान गर्न  तथा निजी वन छनौट गर्नका लागि लाग्ने खर्च (सूचना सम्प्रेषण, विज्ञापन, स्थलगत भ्रमण, बैठक खर्च आदि), पुरस्कृत व्यक्ति/संस्थाको यातायात खर्च, पुरस्कार वितरण समारोह खर्च, प्रमाणपत्र तयारी र पुरस्कार राशी आदिमा खर्च गर्न सकिनेछ ।

निजी वन छनौटका आधारहरु देहाय बमोजिमको हनेछन् ।

- वृक्षारोपण गरिएको क्षेत्रफलः ५० प्रतिशत (**≤1 ha: 5 %, >1≤ 5 ha : 10 %, >5≤ 20 ha : 20 %, >20 ≤ 40 ha : 30 %, >40 ≤ 60 ha : 40 %>60 ha : 50 %)**
- वन संरक्षण तथा व्यवस्थापनको अवस्थाः ३० प्रतिशत
- सृजित रोजगारीः २० प्रतिशत

माथिका सुचकहरुबाट प्राप्त अंकहरुको एकमुष्ट जोड गरी योग्यताक्रम निकाली पहिलो, दोश्रो र तेश्रो निजी वन धनी/संस्था छनौट गर्नुपर्नेछ ।

## ५. जिल्ला तराई मधेश हरियाली वन विस्तार कार्यक्रमको कार्ययोजना तयारी

यो कार्यक्रम लागु भएका डिभिजन वन कार्यालहरुले तराई मधेश हरियाली वन विस्तार कार्यक्रम को ५ वर्षे कार्ययोजना निर्माण गर्नुपर्नेछ । यो कार्ययोजना निर्माण गर्दा यो कार्यक्रम लागु भएका स्थानीय तहहरुसंग प्रत्यक्ष छलफल तथा समन्वयमा निर्माण गर्नुपर्दछ । यो कार्ययोजनामा ५ वर्ष सम्म गरिने क्रियाकलापहरूको योजना निर्माण गर्नुको साथसाथै नदी उकास क्षेत्र, पर्ती ऐलानी तथा सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गर्न सकिने क्षेत्रहरूको पहिचान तथा सम्भाव्य वृक्षारोपण क्षेत्रको अध्ययन गरी प्रत्येक वर्ष संचालन हुने क्रियाकलापको योजना समेत कार्ययोजनामा उल्लेख गर्नु पर्दछ । नदी उकास क्षेत्र, पर्ती ऐलानी तथा सार्वजनिक जग्गाहरुमा गरिने वृक्षारोपण सम्बन्धि योजनामा वृक्षारोपण क्षेत्रको नक्सासहितको सम्पूर्ण विवरण, माटोको विवरण, वृक्षारोपणको संरक्षण, सम्वर्द्धन एवं सदुपयोगको लागि गरिने कार्यहरुको विस्तृत विवरण उल्लेख गर्नुपर्दछ । कार्य योजनामा कुन जातका के कति बिरुवा कति दूरीमा लगाउने, वन व्यवस्थापन तथा संरक्षणको व्यवस्था के कसरी गर्ने, वन पैदावारको बिक्रि बितरणको व्यवस्था के कसरी हुने, लाभको बाँडफाड कसरी गर्ने आदि सबै कुरा स्पष्ट रुपमा उल्लेख हुनुपर्दछ र दफा २.१ बमोजिम संचालन हुने गोष्ठीमा कार्ययोजनाको मस्यौदा माथी छलफल गरी अन्तिम रुप दिनु पर्नेछ ।साथै सो निर्माण भएको तराई मधेश हरियाली वन विस्तार कार्यक्रमको कार्ययोजना वन निर्देशनालयबाट स्वीकृत गराई कार्यक्रमहरु संचालन गर्नुपर्ने छ ।

यस क्रियाकलाप सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा प्रचलित नर्मसको पालना गरिने छ। साथै TOR स्वीकृत गरी गराइ सेवा प्रदायकबाट समेत यो कार्यक्रम संचालन गर्न सकिनेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा डिभिजन वन कार्यालयले कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड,

कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यक्रमको व्यवस्थापकीय कार्यमा खर्च गर्नसकिनेछ ।

## ६. वन सामाजिक परिचालक

### ६.१ वन सामाजिक परिचालन सेवा तथा छनौट

वन सामाजिक परिचालक छनौटको लागि डिभिजन वन कार्यालय/सव-डिभिजन वन कार्यालयले स्थानीय तहसँग समन्वय गरी वा स्थानीय तहलाई नै वन सामाजिक परिचालक छनौट गरी पेश गर्ने अख्तियारी समेत प्रदान गरी कार्यक्रम लागु हुने प्रत्येक स्थनीय तहहरुमा बढीमा २ (दुई) जना वन सामाजिक परिचालक छनौट गरिनेछ । सम्वन्धित स्थानीय तहमा विगतमा कार्य अनुभव रहेको वन सामाजिक परिचालकलाई सोही स्थानीय तहमा छनौट गर्नुपर्दा विशेष ग्राहयता दिनुपर्नेछ। सम्बन्धित स्थानीय तहको विगतमा वन सामाजिक परिचालक भइ कार्य गरेको अनुभवी वन सामाजिक परिचालक नपाएमा नजिकको स्थानीय तहबाट पनि छनौट गर्न सकिनेछ । सामाजिक परिचालक सकभर विपन्न, दलित, महिलालाई प्राथमिकतामा राखी छनौट गरिनेछ । वन सामाजिक परिचालकको शैक्षिक योग्यता कम्तिमा १० कक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ । वन सामाजिक परिचालकलाई निम्न कार्यहरुको आधारमा तोकिए बमोजिमको मासिक पारिश्रमिक र फिल्ड गियर सामाग्री प्रदान गरिनेछ । यस शिर्षकमा विनियोजित रकम पत्राचार खर्च, छनौट समितिको बैठक भत्ता, चियाखाजा, इन्धन आदिमा खर्च सकिनेछ ।

वन सामाजिक परिचालकको भूमिका

- डिभिजन वन कार्यालय र स्थानीय तहहरुसँग आवश्यक समन्वय गर्ने
- वन तथा वातावरण सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने
- ठाऊँ सुहाउँदो प्रजाति र संख्या अनुरुप विरुवाको माग संकलन गर्ने
- विरुवा उत्पादनको नियमित निरीक्षण गर्ने र सम्झौता अनुसार विरुवा उत्पादन भएको नभएको जाँचबुझ गरी नियमित रुपमा वन कार्यालयमा प्रतिवेदन (डिजिटल र हार्डकपी) पेश गर्ने
- विरुवा वितरणको लगत राख्ने
- वृक्षारोपण गर्ने स्थल तयार गर्न सिकाउने/ लगाउने
- वितरण गरिएका विरुवाको सही उपयोग भए नभएको जाँच गर्ने
- विरुवा वितरण गर्ने बेलामा नै वृक्षारोपण गर्ने तरीका सिकाउने
- वृक्षारोपण गर्ने स्थलमा सकभर उपस्थिति भई विरुवा रोप्ने तरीका सिकाउने
- वृक्षारोपण स्थलको समय समयमा निरीक्षण गरी मरेका बाँचेका विरुवाको लगत राख्ने र सो को एक प्रति डिभिजन वन कार्यालयमा पेश गर्ने
- वन कार्यालयले समय समयमा लाए अह्राए बमोजिमका अन्य कार्य गर्ने

### ६.२ वन सामाजिक परिचालक अभिमुखीकरण तालिम

नियुक्ति पाएका सबै वन सामाजिक परिचालकहरुलाई सहभागी गराई यो तालिम कार्यक्रम आयोजना गर्नुपर्दछ। तालिममा वन सामाजिक परिचालकले गर्नुपर्ने कामको बारेमा पर्याप्त ज्ञान, शीप र जानकारी प्रदान गर्नुपर्नेछ । यसका लागि आवश्यक पाठ्यक्रम यस सँग सम्बन्धित तालिम संस्थासँग समन्वय गरी तयार गरिनेछ । यसमा विनियोजित रकम स्वीकृत नर्मस र लागत इस्टिमेट बमोजिम विस्तृत योजना बनाई खर्च गर्न सकिनेछ ।

बद्रीराज ढुंगाना
प्रदेश सचिव

६.३ वन सामाजिक परिचालकलाई फिल्ड-गियर

पुरानो वन सामाजिक परिचालकलाई उपलब्ध गराईएको साइकललाई मर्मत खर्च र नयाँ वन सामाजिक परिचालकलाई आवश्यक साइकल खरीद/ मर्मत र नयाँ पुराना सामाजिक परिचालकलाई रेनकोट/छाता, जुत्ता, पोशाक, लोगो सहितको झोला आदि खरीद र सिलाईमा यस शीर्षकमा विनियोजित रकम खर्च गर्नुपर्नेछ ।

६.४ वन सामाजिक परिचालक प्रगति समिक्षा गोष्ठी

वन कार्यालय र स्थानीय तहहरुबीच पुलको रुपमा कार्य गर्ने वन सामाजिक परिचालक र वन कार्यालयबीच नियमितरुपमा जीवित सम्वन्ध राखी स्थानीय स्तरमा नीजहरुबाट संचालन भइरहेका गतिविधिहरु, कामका दौरान निजहरूले सामना गर्नुपरेका समस्याको निदान पहिल्याउन, अन्तरक्रिया गर्न समेत आवश्यकता अनुसार यस किसिमको प्रगति समिक्षा गोष्ठी चौमासिक रुपमा आयोजना गरिनेछ । यस शीर्षकमा विनियोजित रकम सहभागी परिचालकहरुको आतेजाते यातायत/इन्धन खर्च, गोष्ठी भत्ता, खाजा इत्यादिमा स्वीकृत नर्मस अनुसार खर्च गर्न सकिन्छ ।

## ७. वृक्षारोपण वनको व्यवस्थापन तथा निजी वन कार्ययोजना तयारी सम्बन्धी तालिम

निजी वन दर्ता गर्न उक्त वनको कार्ययोजनाको आवश्यकता महसुस भएको र निजी वन कार्ययोजना बनाउने सन्दर्भमा समेटिनुपर्ने विषयवस्तुमा सम्बन्धित अधिकांश निजी वनधनीहरुमा अन्यौल रहेकाले यसमा वन कार्यालयले सहजिकरण गर्नुपर्ने हुन्छ । यो नयाँ अभ्यास भएकाले सहजिकरण गर्ने वन कर्मचारीको बुझाइमा पनि एकरुपता छैन । अतः निजी वन कार्ययोजनामा एकरुपता ल्याउन र प्रदेश नं. १ को वृक्षारोपण वनलाई के कसरी व्यवस्थापन गर्ने सन्दर्भमा सम्बन्धित विषयविज्ञको मध्ययमद्धरा वनका कर्मचारी/ सामाजिक वन परिचालकलाई यस किसिमको तालिम संचालन गरिने छ । निजी वन विकास, वृक्षारोपण वनको ब्यवस्थापन, र प्रवर्धन गर्न कार्ययोजना तयारी तथा लेखनमा यो तालिम केन्द्रित गरिनेछ । यसमा वनका कर्मचारी, सहजकर्ता, आदिलाई सहभागी गराईनेछ । यसमा विनियोजित रकम स्वीकृत नर्मस र लागत इस्टिमेट बमोजिम विस्तृत योजना बनाई खर्च गर्न सकिनेछ ।

## ८. नर्सरी नाइके तालिम

वोटविरुवाको नर्सरी स्थापना र संचालनमा नयाँ-नयाँ प्रविधि आईरहेको र भएका नर्सरी नाईकेहरुलाई नयाँ प्रविधिहरुको बारेमा अध्यावधिक गराउन र नयाँ नर्सरीका नवनियुक्त नर्सरी नाइकेलाई नर्सरी स्थापना र संचालन गर्न गराउनको लागि बहालवाला र नवनियुक्त दुवै किसिमका नाइकेलाई उपयुक्त हुने विषयवस्तु समेटेर सेसन प्लान तयार गरी नर्सरी नाइके तालिम संचालन गर्न सकिनेछ । यसमा विनियोजित रकम स्वीकृत नर्मस र लागत इस्टिमेट बमोजिम विस्तृत योजना बनाई खर्च गर्न सकिनेछ ।

## ९. स्कूल वन हरियाली कार्यक्रम

विद्यालयमा अध्यनरत विद्यार्थीहरुको वन तथा वातावरण सम्बन्धी चेतना विकास र विद्यालयमा कार्यरत शिक्षक तथा विद्यार्थीका अविभावकहरुलाई तराई मधेश हरियाली वन कार्यक्रमको उद्देश्य बारेमा जानकारी तथा सूचित गराउन यो कार्यक्रम राखिएको हो । यस कार्यक्रम अन्तरगत इको-क्लब गठन गरिनेछ । यो कार्यक्रम संचालनको अभिभारा सम्वन्धी विद्यालयको विज्ञान तथा वातावरण शिक्षकलाई दिईनेछ ।



बद्रीराज ढुगाना
प्रदेश सचिव

यस्ता इको-क्लब मार्फत विद्यालय र आसपासका क्षेत्रमा निम्न कार्यक्रम संचालन गर्न सकिनेछ ।

- विद्यालय हाताभित्र वृक्षारोपण
- विद्यालयमा वन तथा वातावरण समवन्धी कक्षा संचालन, श्रव्यदृष्य, पोष्टर प्रदर्शनी, सेमिनार, आदि
- विद्यालय नजिक रहेको वनभित्र भ्रमण, चरा अवलोकन
- विद्यालयमा अतिरिक्त क्रियाकलाप जस्तै निबन्ध, कविता, पोष्टर प्रतियोगिता
- सूर्तिजन्य वस्तु, प्लास्टिकका झोला आदि विरुद्धको चेतना, ब्यक्तिगत सरसफाइको चेतना

यो कार्यक्रम राजमार्गदिखि दक्षिणी भेगका तराई मधेश हरियाली वन विस्तार कार्यक्रम लागू भएका स्थानीय तहस्थित विगतमा यस किसिमका कार्यक्रम संचालन नभएका विद्यालय छनौट गरी संचालन गरिनेछ । यो कार्यक्रम स्थानीय गैर सरकारी सामाजिक संघसंस्थासित मिलेर (लागत साझेदारीका आधारमा) समेत गर्न सकिनेछ । विनियोजित बजेट उपरोक्त अनुसारका कार्य गर्न आवश्यक मसलन्द, सेवा (सेसन फि, संजोजक भत्ता आदि), भ्रमण, इन्धन, खाजा, वृक्षारोपण, पुरस्कार इत्यादिमा खर्च गर्न सकिनेछ ।

## १०. निजी क्षेत्र, निजी वन सञ्जालसँगको समन्वयमा कृषि वन प्रवर्द्धन कार्यक्रम

निजी क्षेत्रको सहकार्यमा कृषि वनको अवधारणा अनुरुप कृषि वन विकास गर्न चाहने निजी जग्गाधनीलाई कृषि वन प्रवर्द्धन अन्तर्गत यो रकम उपलब्ध गराइनेछ । कृषि वन विकासका लागि योजना (Implementation plan) बनाई र कृषि वन कार्यक्रम कार्यन्वयन कार्यविधि २०७३ समेतलाई आधार लिई यस कार्यक्रम कार्यान्यनमा ल्याईनेछ । योजना तयार गर्दा वृक्षारोपण गरिने स्थान, क्षेत्रफल, बिरुवा संख्या, नक्शा, योजना, फोटोहरु आदि राख्नु पर्नेछ । विनियोजित बजेटमा शत प्रतिशत रकम कृषि वन विकास गर्न चाहने निजी जग्गाधनीले थप श्रमदान गर्ने गरी लागत अनुमान डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई सम्बन्धित सव-डिभिजन वन कार्यालयको प्रत्यक्ष निगरानीमा योजना बमोजिमको कार्य गरी गराई निजी जग्गामा कृषि वन विकास गर्नु पर्दछ। विनियोजित रकम कार्य प्रगतिको आधारमा पहिलो किस्तामा ४० प्रतिशत र दोस्रो किस्तामा ३० प्रतिशत र तेस्रोमा ३० प्रतिशत रकम कृषि वन विकास गर्ने निजी जग्गाधनीलाई उपलव्ध गराईने छ । उक्त क्षेत्रहरुमा डालेघाँस, फलफुल, अन्य वहुवर्षिय रुखहरु तथा जडीबुटी प्रजातिका विरुवा जस्तै इपिल, अमला, रुख कटहर, वेल, सोहिजन, आँप, लिचि, कटहर, किम्बु, कदम लगाएत कुरिलो, पिप्ला प्रजातिका बिरुवाका साथ साथै वहुवर्षिय घाँस समेत रोपण गर्न सकिनेछ ।

## ११. विगत आ.व.को सार्वजनिक वृक्षारोपणमा पुनःरोपण, गोडमेल र घेराबेरा मर्मत र संरक्षण खर्च

विगतको आ.व.मा सार्वजनिक क्षेत्रमा गरिएको वृक्षारोपणको अनुगमन गरी सोको प्रतिवेदनको आधारमा औचित्य हेरी वृक्षारोपण गरिएको क्षेत्रमा पुनःरोपण, गोडमेल, घेराबेरा मर्मत र संरक्षणको कार्यमा यो शीर्षकको रकम खर्च गरिनेछ । यस कार्यमा जनसहभागितालाई प्राथमिकता दिनु उपयुक्त हुनेछ। वन सामाजिक परिचालक/वन कर्मचारीले सार्वजनिक वृक्षारोपणको अनुगमनको क्रममा स्थलगत भ्रमण गरी तपसिलको विवरण समेटी प्रतिवेदनमा खुलाई पेश गर्नुपर्नेछ र प्रतिवेदनको आधारमा यो अनुदान उपलब्ध गराइनेछ । स्वीकृत नर्मसको अधिनमा रही लागत ईस्टिमेत स्वीकृत गराई विनियोजित रकम खर्च गर्न सकिनेछ ।

- रोपिएका प्रजाति र संख्या
- बाँचेका प्रजाति, संख्या र अवस्था (वृक्षारोपण क्षेत्रको स्पष्ट झलक देखिने फोटोसमेत)
- गोडमेल र संरक्षणको अवस्था
- पुनःरोपण, गोडमेल र बारबेरा मर्मत आवश्यक भएको/ नभएको

बद्रीराज ढुंगाना
प्रदेश सचिव

- पुनःरोपण, गोडमेल र बारबेरा मर्मतको विवरण
- अन्य विवरण

## १२. वृक्षारोपण तथा निजी वन प्रवर्द्धनको लागि प्रचार प्रसार सामाग्री प्रकाशन तथा वितरण

वृक्षारोपण तथा निजी वन प्रति जनमानसमा सकारात्मक प्रभाव वृद्धि गर्नको साथै तराई मधेश हरियाली वन विस्तार कार्यक्रमको सफलतापूर्वक कार्यान्वयन गर्न जिल्लाका सवै सरोकारवालालाई जानकारी दिन एवं चेतना अविवृद्धि गर्न जिल्लामा स्थानीय समुदायले वुझ्ने भाषामा पोष्टर, पर्चा, ब्रोसर आदि तयार गरी वितरण/प्रदर्शन गरिनेछ । कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा प्रचलित नर्मसको पालना गरिनेछ।

## १३. आ.व. २०७१/०७२ बाट संचालन भएको वन दशक कार्यक्रमको प्रभावकारिताको अध्ययन अनुसन्धान

वन दशक कार्यक्रम झापा, मोरङ्ग र सुनसरी जिल्लामा आ.व. २०७१/०७२ वाट लागू भई वन दशक कार्यक्रमको कार्यक्रम कार्यान्वयन कार्यीबिधि, २०७१ बमोजिम विभिन्न वृक्षारोपण सम्बन्धि क्रियाकलापहरु संचालन भई विभिन्न क्षेत्रहरुमा वृक्षारोपण समेत भैसकेका छन् र सो वृक्षारोपणको अवस्था के कस्तो छ र यो वन दशक कार्यक्रम तथा वृक्षारोपण प्रति स्थानीय मानिसहरूको के कस्तो धारणा (Perception) तथा मनोवृत्ति (Attitude) छ सोको समेत अध्ययन गर्न नितान्त आवश्यक भएको हुँदा वन दशक कार्यक्रमको प्रभावकारीताको अध्ययन अनुसन्धान गरिने छ ।

अध्ययनको लागि Literature review को साथ साथै विभिन्न वर्षका Remote sensing images र कार्यालयमा भएका वृक्षारोपणको तथ्याङ्कको विश्लेशणद्वारा हालसम्म के कति हरियाली कायम भएको छ सोको अध्ययन र Questionaire survey को माध्यमबाट वन दशक कार्यक्रम लागु भएका स्थानीय तहहरुका वडाहरुको Sample लिई Sample अनुसार तोकिएका वडाहरुमा बसोवास गर्ने स्थानीय मानिसहरुको वन तथा वातावरण, वृक्षारोपण सम्बन्धि धारणा (Perception), वृक्षारोपण गरिएको वनको संरक्षण मनोवृत्ति ( Conservation Attitude) Purposive Sampling को आधारमा अध्ययन गरिने छ । यस अध्ययनबाट प्राप्त सुझाव (Suggestion) तथा सिफारिस (Recommendation) को आधारमा यस प्रदेशको वृक्षारोपण तथा निजी वन सम्बन्धी तयार गर्नुपर्ने नीति नियमको निर्माणमा मागदर्शनको भूमिका निर्वाह गर्न मद्धत पुर्याउनेछ ।

डिभिजन वन कार्यालयहरुले TOR स्वीकृत गरी गराई परामर्श सेवा समेत खरिद गर्न सक्नेछन । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा डिभिजन वन कार्यालयले कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ । साथै यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा प्रचलित नर्मसको पालना गरिनेछ। साथै साथै अन्य वर्षहरुमा समेत तराई मधेश हरियाली वन विस्तार कार्यक्रमको प्रभावकारीताको अध्ययन अनुसन्धान यसै बमोजिम गरिनेछ ।

बद्रीराज ढुंगाना
प्रदेश सचिव

## १४. झापा, मोरङ्ग र सुनसरी जिल्लामा रहेका नदी उकास क्षेत्र, पर्ती ऐलानी, सार्वजनिक जग्गाहरु तथा खेती नगरिएका निजी जग्गाहरुमा वृक्षारोपण गर्न सकिने क्षेत्रहरूको सम्भाब्यता अध्ययन

वृक्षारोपण गरिने क्षेत्रको पहिचान, छनौट एवं सिमाना निर्धारण गरी छनौट गरिएका प्रत्येक स्थानीय तहका जनप्रतिनिधिहरुसँग आवश्यक छलफल गरी उपलब्ध हुन सक्ने सार्वजनिक पर्ति, सरकारी र नाङ्गा वन क्षेत्रको लगत तयार गरी झापा, मोरङ्ग र सुनसरी जिल्लामा रहेका नदी उकास क्षेत्रको पहिचानको साथ साथै पर्ती ऐलानी, सार्वजनिक जग्गाहरु तथा खेती नगरिएका निजी जग्गाहरूमा वृक्षारोपण गर्न सकिने क्षेत्रहरूको सम्भाव्यता अध्ययन गरिने छ । यस सम्भाव्यता अध्ययनको लागि Literature review को साथसाथै ३ जिल्लाका Remote sensing images हरुको विश्लेषण गरी Field verification समेत गरिने छ। Field verification को आधारमा तय भएका नदी उकास क्षेत्र, पर्ती ऐलानी, सार्वजनिक जग्गाहरु तथा खेती नगरिएका निजी जग्गाहरूको सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधिहरुसँग आवश्यक समन्वय साथै छलफल गरी वास्तविक वृक्षारोपण गर्न सकिने क्षेत्रको यकिन गरी सम्भाव्यता अध्ययनको प्रतिवेदनमा समावेश गरिने छ ।

साथै प्रतिवेदनमा प्रत्येक वर्ष संचालन हुने क्रियाकलापको सन्दर्भमा आवश्यक योजना पनि समावेश गर्नु पर्नेछ । जसमा वृक्षारोपण क्षेत्रको नक्सासहितको सम्पूर्ण विवरण, माटोको विवरण, वृक्षारोपणको संरक्षण, सम्वर्द्धन एबं सदुपयोगको लागि गरिने कार्यहरुको विस्तृत विवरण उल्लेख गर्नु पर्दछ । कार्य योजनामा कुन जातका के कति बिरुवा कति दूरीमा लगाउने, वन व्यवस्थापन तथा संरक्षणको व्यवस्था के कसरी गर्ने आदि सबै कुरा स्पष्ट रुपमा उल्लेख हुनुपर्दछ ।

कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा प्रचलित नर्मसको पालना गरिने छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्नेछ । TOR स्वीकृत गरी गराइ सेवा प्रदायकबाट समेत यो कार्यक्रम संचालन गर्न सकिनेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यक्रमको व्यवस्थापकीय कार्यमा खर्च गर्नसक्नेछ ।

## १५. Study on the required province level policy to enhance agro-forestry and private forest development

यस कार्यक्रम अन्तर्गत प्रदेश नं. १ मा कृषि वन तथा निजी वनको प्रभावकारी रूपमा विकास तथा प्रवर्द्धन गर्नको लागि प्रदेश नं. १ मा आवश्यक पर्ने नीति नियमको निर्माणको लागि वास्तविक कृषि वन तथा निजी वन जग्गाधनी, निजी वन/ कृषि वनमा आवद्ध भएका संघ संस्था तथा अन्य सरोकारवालाहरू समेतलाई समावेश गरी Questionaire survey, Literature Review को आधारमा आर्थिक सामाजिक विश्लेशण समेत गरी यस प्रकारको अध्ययन गरिने छ । साथै कृषि वन/ निजी वन विकास तथा प्रवर्द्धनको लागि सुहाँउदो किसिमको Questionaire को निर्माण गरी यस कार्यक्रमको अध्ययन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट गरिनेछ ।

बद्रीराज ढुंगाना
प्रदेश सचिव

कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा प्रचलित नर्मसको पालना गरिने छ। TOR स्वीकृत गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले सेवा प्रदायक बाट समेत यो कार्यक्रम संचालन गर्न सकिनेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले कार्यक्रम सचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम मन्त्रालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

## १६. बहुवर्षे बिरूवा उत्पादनकालागि स्थायी नर्सरी निर्माण (उच्च प्रविधियुक्त नर्सरी निर्माण)

नयाँ संरचना अनुसार कायम हुने स्थायी नर्सरी नभएका स्थानमा औचित्यता हेरी सव-डिभिजनस्तरीय आधुनिक प्रविधीयुक्त स्थायी नर्सरी निर्माणमा स्वीकृत नर्मस र लागत इस्टिमेट अनुसार यो रकम खर्च गर्न सकिनेछ । यस्तो नर्सरी प्राविधिक रुपले उत्कृष्ट हुनुको साथै घेराबेरा, Drainage, Sprinkle सहितको सिंचाई, पानी टयाँकी, स्थायी छहारी, स्टोर घर, हरेक व्याडमा टयागिङ्ग, ग्रीन हाउस, आदिको व्यवस्था हुनुपर्दछ । यस्तो नर्सरी स्थायी प्रकृतिको बहुआयामिक हुने भएकोले सरकारी जमीनमा बनाउनु पर्दछ ।उक्त नर्सरी दक्ष प्राविधिक अधिकृत तहको कर्मचारीको निगरानीमा सञ्चालन गराउनु पर्ने छ ।

## १७. निजी नर्सरी स्थापना सहयोग

यो कार्यक्रम लागु भएका वन नर्सरी नभएका स्थानीय तहहरुमा नयाँ नर्सरी स्थापना गरी ५० हजार भन्दा वढी विरुवा उत्पादन गर्न चाहने निजी नर्सरी धनीलाई तोकिएको प्रजातिका गुणस्तरिय विरुवा उपलव्ध गराउने सर्तनामा गराई नर्सरी निर्माण, सिचाई तथा अन्य सामाग्री खरिदमा ५० हजार सम्मको सहयोग उपलव्ध गराउन सकिने छ ।

## १८. नर्सरी मर्मत, सम्भार तथा स्तरोन्नती

विगत वर्षहरुमा संचालित स्थायी/अस्थायी नर्सरीमा चालू आ.व. मा विरुवा उत्पादन गरिने भएमा ती नर्सरी मर्मत/सुधारका लागि स्वीकृत नर्मस र लागत इस्टिमेट अनुसार खर्च गर्न यो रकम खर्च गर्न सकिनेछ ।

## १९. वृक्षारोपण गरिएका क्षेत्र तथा निजी वनको अनुगमन तथा मूल्यांकन गरी पुस्तिका तयारी तथा प्रकाशन

मन्त्रालय तथा वन निर्देशनालयवाट जिल्लामा कार्यान्वयन भएको तराई मधेश हरियाली वन विस्तार कार्यक्रम सम्बन्धी क्रियाकलापहरुको अनुगमन तथा मुल्याङ्कन गरिनेछ । कार्यक्रम अनुगमन समितिका सदस्यहरुको स्थलगत भ्रमण गरी तोकिएको फर्मेट (अनुसुची-१.१(ख)) अनुसार अपर्झट छनौट प्रणाली (Random Sampling) अपनाई अनुगमन गरी प्रतिवेदन तयार गरिने छ । यस शीर्षक अन्तर्गतको रकम उपरोक्त कार्य गर्न आवश्यक पर्ने भ्रमण भत्ता, खाजा, ईन्धन, भाडा, मसलन्द सेवा आदिमा खर्च गर्न सकिने छ । अनुगमन तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन मस्यौदा गर्ने कार्य सेवा प्रदायकबाट समेत गराउन सकिने छ । साथ साथै अनुगमन तथा मूल्यांकन पुस्तिका तयारी तथा प्रकाशन गरिनेछ । साथै साथै डिभिजन वन कार्यालयहरुले समेत यस तराई मधेश हरियाली वन विस्तार कार्यक्रम अन्तर्गत वृक्षारोपण गरिएका क्षेत्र तथा निजी वनको अनुगमन गरी अनुगमन तथा मूल्यांकन पुस्तिका प्रकाशन गर्नेछन् । साथै यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको



बद्रीराज ढुंगाना
प्रदेश सचिव

मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा प्रचलित नर्मसको पालना गरिनेछ।

**कार्यक्रम अनुगमन समिति**

तराई मधेश हरियाली वन विस्तार कार्यक्रमको प्रतिफलको नियमित समिक्षा गरी कार्यान्वयनमा देखिएका समस्या एवम् चुनौतीहरुको समयमै समाधान गर्न र सम्बद्ध निकायहरुसंग समन्वय गरी आवश्यक स्रोत जुटाई सहकार्य गर्न प्रदेशस्तरमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत एक अनुगमन समिति गठन गरिनेछ । अनुगमन समितिको बैठक कम्तिमा प्रत्येक तीन महिनामा एकपटक बस्नेछ । समितिले कार्यान्वयनको स्थिति बुझ्न आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गर्नेछ । समितिको संरचना निम्नानुसारको हुनेछ ।

| | |
|---|---|
| उपसचिव , वन व्यवस्थापन तथा जैविक विविधता महाशाखा | संयोजक |
| स.व.अ. , जैविक विविधता शाखा | सदस्य |
| स.व.अ. , जलवायु परिवर्तन तथा जलवायु वित्त शाखा | सदस्य |
| सा.भू.स.अ. , भू तथा जलाधार शाखा | सदस्य |
| वातावरण निरीक्षक, वातावरण शाखा | सदस्य |
| शा.अ. , प्रशासन तथा योजना शाखा | सदस्य |
| स.व.अ. , वन ब्यवस्थापन तथा वन उद्यम शाखा | सदस्य सचिव |

कार्यक्रम अनुगमन समितिले आवश्यकता अनुसार वन विशेषज्ञ, सम्वन्धित मन्त्रालयका उच्च अधिकारीहरु संग परामर्श गरी आवश्यक नीतिगत सुझावहरु समेत संकलन गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा सिफारिश गर्न सक्नेछ । यसका अतिरिक्त तराई मधेश हरियाली वन विस्तार कार्यक्रमको नियमित अनुगमन गर्न वन निर्देशनालयमा एक प्राविधिक समिति गठन गरिने छ । साथै डिभिजन वन कार्यालयहरुमा समेत एक प्राविधिक समिति गठन हुनेछ ।

बद्रीराज ढुंगाना
प्रदेश सचिव

अनुसूची १.१ (क)

निजी क्षेत्रमा वृक्षारोपण गर्नेका लागि प्रस्ताव

श्रीमान् डिभिजनल वन अधिकृत ज्यू

.............................................

विषयः वृक्षारोपणको लागि प्रस्ताव ।

महोदय,

मैले यस आ.व..........मा निजी वृक्षारोपण गर्ने योजना वनाएको हुँदा तहा कार्यालयवाट आवश्यक सहयोगको लागि निम्न विवरण सहितको प्रस्ताव पेश गरेको छु ।

प्रस्ताव विवरण

१. प्रस्तावकको नाम...................................ठेगानाः जिल्ला.................गा.वि.स...................वडा नं.... टोल........

२. वृक्षारोपण गर्ने जग्गाको विवरणः

(क)जग्गा धनीको नाम............................(ख) जग्गा भएको ठाउँको गा.पा./न.पा........................ वडा नं.............

(ग) कित्ता नं................. (घ) क्षेत्रफल........... वृक्षारोपण गर्न चाहेको क्षेत्रफल..........

३. वृक्षारोपण गर्न चाहेको

| प्रजाती | संख्या |
|---|---|
| ............... | .............. |
| ................ | ............... |
| ................ | ................ |

४. वृक्षारोपण अन्तरवालीको रुपमा ☐ वा चक्लावन्दीको रुपमा ☐ गर्ने हो

५. वृक्षारोपणको संरक्षण कसरी गर्ने

तारवार गरेर ☐ हेरालु राखेर ☐ अन्य व्यवस्था (खुलाउने) ☐

६. वृक्षारोपणको अनुमानित लागतः रु...................

निवेदको दस्तखत

नाम.........................

टेलिफोन नं.................

बद्रीराज ढुंगाना
प्रदेश सचिव

## अनुसूची १.१ (ख)
## वृक्षारोपण क्षेत्र तथा निजी वन अनुगमन फर्मेट

१.वन धनीको नाम..............................ठेगानाः जिल्ला................गा.पा./न.पा.............वडा नं.... टोल.......

२. वृक्षारोपण गर्ने जग्गाको विवरणः

(क)जग्गा धनीको नाम...........................(ख) जग्गा भएको ठाउको गा.पा./न.पा......................................

वडा नं............ (ग) कित्ता नं................ (घ) क्षेत्रफल.......... (ङ) जग्गा धनीको कुल जग्गाको क्षेत्रफल............

३. वृक्षारोपणको विवरणः क) वृक्षारोपण गरेको वर्ष.......... (ख) वृक्षारोपण भएका

| प्रजाती | संख्य |
|---|---|
| .............. | .......... |
| ................ | .......... |

४. वृक्षारोपण अन्तरवालीको रुपमा ☐ वा चक्लावन्दीको रुपमा ☐ गरिएको हो

५. वृक्षारोपण गरिएको जग्गाको विवरण

(क) वृक्षारोपण गरिएको जग्गा कस्तो होः खेत (Low land)☐ वारी (Upland) ☐ नदी उकास ☐

(ख) वृक्षारोपण गरिएको जग्गाको अन्य विवरण (माटो मलिलो, चिम्टाईलो, वलौटे के हो, जग्गाको अन्य विशेषताहरु)

६. वृक्षारोपणको संरक्षण कसरी गरिएको छ ।

(क) तारवार गरेर ☐ हेरालु राखेर ☐ अन्य व्यवस्था ☐

(ख) वाचेका विरुवाको संख्या/ प्रतिशत.........../.........

(ग) वृक्षारोपण संरक्षणको अवस्था कस्तो छ (विवरण उल्लेख गर्ने)

७. वृक्षारोपणको अनुमानित लागतः रु..................

८. वनको वृद्धि तथा गुणस्तरः वन वालीलाई समग्रमा तीन व्यास (डाएमिटर) र उचाई श्रेणीमा राखी औषत व्यास र उचाइ उल्लेख गर्ने ।

(क) व्यास र उचाईको विवरण

| श्रेणी | औषत ब्यास (डाएमिटर) | औषत उचाई | रुख/विरुवा संख्या/प्रतिशत | वृक्षारोपणको समग्र गुणस्तर |
|---|---|---|---|---|
| उच्च | | | | राम्रो/मध्यम/न्यून |
| मध्यम | | | | |
| निम्न | | | | |

(ख) अवलोकनबट देखिएका अन्य विवरण (अवलोकन कर्ताको मुल्याङ्कन)

९. जग्गा धनीको मन्तव्य

(क) जग्गा धनीको सन्तुष्टीः सन्तुष्ट ☐ सामान्य ☐ असन्तुष्ट ☐

(ख) जग्गा धनीको प्रतिक्रिया (जग्गा धनीको चाहाना, योजना, समस्या, गुनासाहरु)

१०. अनुगमन कर्ताको सुझाब र निष्कर्षः

अनुगमन कर्ताको दस्तखत
नाम........................
पद.........................
मिती.......................

बद्रीराज ढुंगाना
प्रदेश सचिव

## अनुसूची १.१ (ग)

### बिरुवा बितरण रजिष्टरको ढाँचा

| बिरुवाको माग | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ब्यक्ति वा संस्था वा समुहको नाम, | बिरुवा संख्या | प्रजाति/संख्या | प्रजाति/संख्या | प्रजाति/संख्या | प्रजाति/संख्या | प्रजाति /संख्या | प्रयोजन (निजी बन, सार्बजनिक बन, नहर सडक किनार बृक्षारोपण) | बृक्षारोपण गर्ने स्थान र | बिरुवा लानेको सम्पर्क फोन नं. | बिरुवा बुझिलिनेको हस्ताक्षर |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची १.१ (घ)

### बिरुवा संरक्षण रजिष्टर

| ब्यक्ति वा संस्था वा समूहको नाम | प्राप्त गरेको बिरुवा संख्या | प्रयोजन( निजी बन, सार्बजनिक बन, नहर सडक किनार बृक्षारोपण) | बृक्षारोपण गरेको बिरुवा संख्या | पहिलो बर्ष बाँचेको बिरुवा संख्या | | | | | | दोश्रो बर्ष बाँचेको बिरुवा संख्या | | तेश्रो बर्ष बाँचेको बिरुवा संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भदौ | कार्तिक | पौष | फागुन | बैसाख | असार | पौष | जेठ | पौष | जेठ | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

## अनुसूची १.१ (ङ)

### कार्यक्रम अनुगमन समितिको कार्य सूची

१. तराई मधेश हरियाली वन विस्तार कार्यक्रम अन्तरगतका क्रियाकलापको कार्यक्रम तथा बजेट बाँडफाड गर्ने ।

२. संबद्ध निकायहरुसंग समन्वय गरी आवश्यक स्रोत जुटाउने/ सहकार्य गर्ने ।

३. कार्यान्वयनको स्थिति बुझ्न आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने ।

४. कार्यान्वयनका क्रममा देखिएका नीतिगत समस्या एबं चुनौतिहरुको समीक्षा गरी समयमै समाधान गर्न सिफारिश गर्ने

५. आवश्यकता अनुसार तराई मधेश हरियाली वन विस्तार कार्यक्रमको कार्यविधि परिमार्जन गर्ने ।

बद्रीराज ढुंगाना
प्रदेश सचिव